# पुनःस्थापकीय न्याय र राष्ट्रिय कानून

## अध्ययन प्रतिवेदन

२०७३




राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

# पुनःस्थापकीय न्याय र राष्ट्रिय कानून

## अध्ययन प्रतिवेदन

२०७३

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

लेआउट : श्री विष्णुबहादुर बरुवाल

प्रकाशन प्रति : १००० प्रति

प्रकाशक : राष्ट्रिय न्यायिक प्रतिष्ठान

प्रकाशन मिति : २०७३

मुद्रण : फरम्याट प्रिन्टिङ प्रेस, हाडिगाँउ, काठमाडौं

सहयोगः संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) तथा दि एसिया फाउन्डेसन

USAID अमेरिकी जनताबाट

The Asia Foundation

सरोकारवालाहरूको सुझावसमेतका आधारमा तयार गरिएको पुनःस्थापकीय न्याय र राष्ट्रिय कानून अध्ययन प्रतिवेदन २०७२ संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) र दि एसिया फाउन्डेसनमार्फत अमेरिकी जनताको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशन गरिएको हो। यसमा यूएसएआईडी वा अमेरिकी सरकार र दि एशिया फाउन्डेसनका विचारहरुको प्रतिनिधित्व छैन।

# पुनःस्थापकीय न्याय र राष्ट्रिय कानून

## अध्ययन प्रतिवेदन

२०७३


<u>अध्ययन समूह</u>

माननीय श्री देवेन्द्रगोपाल श्रेष्ठ, न्यायाधीश, सर्वोच्च अदालत
माननीय श्री केशरीराज पण्डित, कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
माननीय श्री राजेन्द्र खरेल, जिल्ला न्यायाधीश, ललितपुर जिल्ला अदालत
श्री विमल पौडेल, रजिष्ट्रार, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री राजनकुमार के.सी., व्यवसाय विकास व्यवस्थापक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री रामकान्त तिवारी, कार्यक्रम अधिकृत, दि एसिया फाउन्डेसन

# भूमिका

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्यायप्रशासनमा संलग्न जनशक्तिको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने, कानून र न्यायको क्षेत्रमा अध्ययन–अनुसन्धान गर्ने एवम् न्यायिक सूचना प्रवाह गर्ने उद्देश्यबाट स्थापित अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो।

न्यायिक शिक्षाका माध्यमबाट जनशक्तिको व्यावसायिक क्षमता र दक्षताको अभिवृद्धि गरी न्याय प्रणालीले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउनु र न्यायमा जनताको पहुँचलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउनु प्रतिष्ठानको दायित्व हो। अदालत एवम् न्यायिक निकायप्रतिको जनताको बढ्दो अपेक्षालाई सम्बोधन गर्न र यसप्रति जनताको विश्वासलाई कायम राख्न न्यायाधीश लगायत अन्य न्यायिक जनशक्तिको क्षमता र दक्षता बढाउनु अति आवश्यक हुन्छ। जनशक्तिको व्यावसायिकता र दक्षता अभिवृद्धिविना कुनै पनि सार्वजनिक निकायको प्रभावकारिता बढ्न सक्दैन। यो तथ्यलाई मनन गरी प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै न्यायिक जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, प्रवचन, प्रकाशन एवम् अनुसन्धानसम्बन्धी कार्यहरू गर्दै आएको छ। यसै क्रममा प्रतिष्ठानले पुनःस्थापकीय न्यायसँग सम्बन्धित मौजुदा नेपाल कानूनका प्रावधानहरूको सर्वेक्षण गर्ने प्रयास गरेको छ।

समाजमा शान्ति र सुरक्षा कायम गर्नु राज्यको प्रमुख कार्य हो। आपराधिक कार्यले सामाजिक सद्भाव र शान्तिलाई बिथोल्ने मात्र हैन सार्वजनिक सुरक्षाको अनुभूति र विश्वासलाई नै ध्वस्त पार्दछ। हालसम्मको फौजदारी न्याय प्रणाली अपराध पीडितका गुमेका हक अधिकारको पुनर्बहाली गर्नुभन्दा पनि कसूरदारको न्यूनतम् हकअधिकार संरक्षणका साथ तिनलाई सजाय भोगाउन बढी जोड दिँदै आएको देखिन्छ। यसले अपराधीलाई कति र कस्तो सजाय गर्ने भन्ने बारेमा विस्तृत विवेचना गरे पनि अपराधको कठोर असर र पीडा सहनुपर्ने पीडितका उपचार र उपकारका उपायहरूका बारेमा त्यति महत्त्व दिने गरेको पाइँदैन। न्यायलाई सन्तुलनको अर्थमा लिने हो भने पीडितले न्यायको अनुभूति गर्न सक्ने परिस्थिति निर्माण नभएसम्म फौजदारी न्यायप्रणालीलाई न त प्रभावकारी मान्न सकिन्छ न त पूरा नै। त्यसैले यस क्षेत्रको सुधारमा लागेकाहरूले न्यायप्रणालीभित्रै पीडितको भूमिका र हक अधिकारको संरक्षणलाई प्रमुख मुद्दाको रूपमा उठाउन थालेका छन्।

कोही पनि जन्मजात अपराधी हुँदैन र सबै अपराधी उत्तिकै कठोर वा खतरनाक पनि हुँदैनन्। कुनै पनि व्यक्ति विभिन्न सामाजिक, आर्थिक र पारिवारिक कारणले अपराध गर्न पुग्छ। कुनै व्यक्ति अपराधी बन्नमा समाजको पनि भूमिका हुन्छ नै। यसैले अपराधबाट भएको क्षतिको निराकरण, व्यवस्थापन र पीडित तथा पीडक दुवैको अवस्था सुधार्ने जिम्मा पनि समाजले लिनुपर्दछ भन्ने मान्यता दण्डको सुधारात्मक सिद्धान्तले लिँदै गएको छ। कसूरदारलाई सजाय गर्नुको उद्देश्य उसलाई उसैले गरेका गलत कार्यप्रति जिम्मेवार बनाउने र पीडित व्यक्ति एवम् समुदायलाई हानि पुग्यो भन्ने कुराको अनुभूति गराउनु नै हो। अर्थात् कसूरदारलाई अपराधको नतिजाबाट उत्पन्न परिस्थितितर्फ जिम्मेवारी बोध गराउनुनै सजायको मूल लक्ष्य

हो। यसबाट नै अपराधप्रति उसमा पश्चात्तापको भावना जागृत हुन्छ र भविष्यमा त्यस्तो कार्यमा संलग्न हुनबाट आफूलाई अलग राख्न सक्दछ। पीडकलाई उत्तरदायित्वसहितको न्याय र पीडितलाई परिपूरणसहितको न्याय दिने कुरा नै पुनःस्थापकीय न्याय हो।यसले परिपूरणसहित पीडितलाई र दायित्वबहनसहित कसूरदारलाई पनि समुदायमा वा समाजमा पुनःस्थापित गर्नुपर्ने कुरामा जोड दिन्छ।

वर्तमान फौजदारी न्यायप्रणालीले अपराधलाई राज्यको सरोकारको विषय बनाएको र राज्यसंयन्त्रको जिम्मामा राखेको कारणले अनुसन्धानकर्ता, अभियोजनकर्ता, प्रतिरक्षक र निर्णयकर्ता नै यस प्रणालीका केन्द्रमा रहेका हुन्छन्। अपराधबाट प्रत्यक्ष असर परेको पीडित र प्रत्यक्ष वा परोक्ष रूपमा क्षति व्यहोर्न परेको समुदायका अन्य व्यक्तिहरू र कसूरदार समेतको सरोकारलाई यो प्रणालीले सम्बोधन गर्न नसकेको भन्ने अनुभवबाट नै फौजदारी न्यायप्रणालीको सुधारको क्रममा पुनःस्थापकीय न्यायको मान्यता अगाडि आएको पाइन्छ। विकसित देशहरूले पुनःस्थापकीय न्यायको सिद्धान्तलाई आफ्नो समाज सुहाउँदो तरिकाले प्रयोग गर्दै आएका छन्।

हाल नेपालले अवलम्वन गर्दै आएको प्रतिद्वन्द्वात्मक न्यायप्रणालीमा देखिएका न्यूनताहरू हटाउन र डेढ सय वर्ष अगाडिदेखि लागू रहेको मुलुकी ऐनलाई अपराधसंहिता र अपराध कार्यविधि संहिताले प्रतिस्थापन गर्ने प्रयास भइरहेको सन्दर्भलाई समेट्नसमेत पुनःस्थापकीय न्यायको अवधारणा, सिद्धान्त, महत्त्व तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यास र नमुनाका बारेमा सबै सरोकारवालाको ध्यान पुग्न आवश्यक छ। यही पृष्ठभूमिमा नेपालमा पनि पुनःस्थापकीय न्यायका सिद्धान्तको प्रयोगको सम्भावनाबारे खोजमूलक लेखाजोखा आवश्यक भएकोले प्रारम्भिक चरणमा मौजुदा नेपाल कानूनमा पुनःस्थापकीय न्यायसम्बन्धी केकस्ता व्यवस्था छन् भन्ने बारेमा अध्ययन गरी प्रतिष्ठानले त्यसलाई यो प्रतिवेदनका रूपमा ल्याएको छ।

प्रस्तुत **अध्ययन–प्रतिवेदन** तयार गर्ने क्रममा प्राविधिक तथा आर्थिक सहयोग गर्ने यूएसएआईडीद्वारा सञ्चालित सीटीआईपी/दि एसिया फाउन्डेसन तथा त्यस संस्थाका डेपुटी कन्ट्री रिप्रेजेन्टेटिभ श्री नन्दिता बरुवा, चिफ अफ पार्टी श्री अरूणा राणा थापा, कार्यक्रम अधिकृत श्री रामकान्त तिवारीलाई प्रतिष्ठान हार्दिक धन्यवादज्ञापन गर्दछ। यसैगरी प्रस्तुत **अध्ययन–प्रतिवेदन**लाई अन्तिम रूप दिन आयोजना गरिएको परामर्श बैठकमा आफ्नो अमूल्य राय सुझाव दिनु हुने विज्ञ सहभागीहरूलाई पनि प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ।

प्रस्तुत **अध्ययन–प्रतिवेदन** तयारी समूहमा रही **अध्ययन–प्रतिवेदन** तयार गर्न विज्ञको हैसियतले पुऱ्याउनु भएको सहयोगका लागि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ, माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र खरेल, प्रतिष्ठानका रजिष्ट्रार श्री विमल पौडेल, कार्यक्रम व्यवस्थापक श्री राजनकुमार के.सी. प्रति प्रतिष्ठान आभारप्रकट गर्दछ। प्रतिवेदनको भाषासम्पादन गरिदिने अधिवक्ता रवीन्द्र भट्टराईलाई पनि प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

# विषयसूची

## भाग – एक
## परिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको विधि | २ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | अध्ययनको सीमा | २ |
| १.५ | अध्ययनको संरचना | २ |


## भाग – दुई
## पुनःस्थापकीय न्यायको अवधारणा, परिभाषा र सिद्धान्त


| | | |
|---|---|---|
| २.१ | पुनःस्थापकीय न्यायको अवधारणा | ३ |
| २.२ | पुनःस्थापकीय न्यायको परिभाषा | ५ |
| २.३ | दण्डात्मक न्यायप्रणाली र पुनःस्थापकीय न्यायप्रणाली बीचको भिन्नता | ७ |
| २.४ | पुनःस्थापकीय न्यायको उद्देश्य | ७ |
| २.५ | पुनःस्थापकीय न्यायका विशेषता | ८ |
| २.६ | पुनःस्थापकीय न्यायका आधारभूत सिद्धान्त | ८ |
| २.७ | पुनःस्थापकीय न्यायका आधारभूत मूल्य | ९ |
| २.८ | पुनःस्थापकीय न्यायको क्षेत्र | ९ |
| २.९ | पुनःस्थापकीय न्यायका चरण | १० |
| २.१० | पुनःस्थापकीय न्यायका फाइदा | १० |
| २.११ | पुनःस्थापकीय न्याय र सरोकारवालाको भूमिका | १४ |


## भाग – तीन
## पुनःस्थापकीय न्यायसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संरचना र उत्तम अभ्यास


| | | |
|---|---|---|
| ३.१ | पुनःस्थापकीय न्यायसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी संरचना र त्यसमा भएका व्यवस्था | १७ |
| ३.२ | पुनःस्थापकीय न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यास र नमुना | २० |

## भाग – चार
## पुनःस्थापकीय न्यायसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था


४.१ संवैधानिक व्यवस्था २५

४.२ पुनःस्थापकीय न्यायसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था २७

क. पीडकबाट पीडितलाई क्षतिपूर्ति दिलाउने वा भराइदिने प्रावधान भएका ऐन कानून २८

ख. सजाय स्थगन, सजायमा छुट वा सजायको मागदावीमा छुट दिने प्रावधान भएका ऐन कानून २९

ग. पुनःस्थापनाका लागि पीडित, पीडक र समुदायको संलग्नता आवश्यक भएका ऐन कानून ३०

घ. पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त र प्रक्रियालाई आत्मसात् गरेका ऐन कानून ३०


## भाग – पाँच
## निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ३३

५.२ नेपालमा पुनःस्थापकीय न्याय कार्यान्वयनमा रहेका समस्या र चुनौतीहरु ३४

५.३ सुझाव ३५


## अनुसूचीहरू


अनुसूची १: पीडकबाट पीडितलाई क्षतिपूर्ति दिलाउने वा भराइदिने प्रावधान भएका ऐन कानून ४१

अनुसूची २: सजाय स्थगन, सजायमा छुट वा सजायको मागदावीमा छुट दिने प्रावधान भएका ऐन कानून ४८

अनुसूची ३: पुनःस्थापनाका लागि पीडित, पीडक र समुदायको संलग्नता आवश्यक भएका ऐन कानून ५०

अनुसूची ४: पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त र प्रक्रियालाई आत्मसात् गरेका ऐन कानून ५४

अनुसूची ५: **Basic principles on the use of restorative justice programmes in criminal matters, 2002** ६८

अनुसूची ६: फौजदारी विषयमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमको उपयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू, २००२ ७४

# भाग – एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अपराधलाई कुनै एउटा व्यक्तिविरुद्ध लक्षित घटनाको रूपमा मात्र नभएर सम्पूर्ण राज्य, समाज र मानवसभ्यताकै विरुद्धको कार्यका रूपमा लिइन्छ। त्यसैले विभिन्न प्रकारका आपराधिक कार्यहरूलाई राज्यले कानून बनाएर कसूरका रूपमा परिभाषित गर्ने र अपराधीलाई दण्डसजाय गर्ने व्यवस्था गरेको हुन्छ। अपराधीप्रति राज्यसंयन्त्रले गर्ने व्यवहार र दण्डसजाय निर्धारणका पनि स्थापित मान्यताहरू छन् र तिनले राज्यलाई अपराधीउपर गर्ने व्यवहार र सजायका स्वरूपमा सीमा लगाएका छन्। अभियुक्त र कसूरदारका विश्वव्यापी मान्यताप्राप्त अधिकारहरू छन्। ती अधिकारहरू र फौजदारी न्यायका मान्य सिद्धान्तहरूलाई राज्यले पनि पालन गर्नुपर्ने हुन्छ।

उदाहरणका लागि, कुनै पनि व्यक्तिउपर लगाइएको फौजदारी अभियोगको र निजको अधिकार तथा दायित्वको निरूपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट पूर्ण समानताको आधारमा निष्पक्ष र सार्वजनिक सुनुवाइको हक त्यस्तो व्यक्तिलाई हुन्छ।[१] सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुन्छन्। कुनै व्यक्तिविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाइ गराइपाउने अधिकार हुन्छ।[२]

सजायको एउटा उद्देश्य कसूरदार वा अन्य व्यक्तिलाई कसूर गर्न हतोत्साहित गर्नु पनि हो। सजायको यो उद्देश्य भयको मनोविज्ञान र सुखवादी दर्शनमा आधारित छ। यसअनुसार सजायको कठोरताले अपराध गरिसकेका र भविष्यमा अपराध गर्ने मनोवृत्ति भएका व्यक्तिहरूमा भय सिर्जना गर्दछ जसले गर्दा एकपटक अपराध गरिसकेकाहरूले पुनः अपराध गर्न हतोत्साहित बन्छन् र अपराधिक प्रवृत्ति भएका अन्य व्यक्तिहरू पनि अपराधीले भोगेको सजायको कष्ट र पीडा देखेर अपराध गर्न डराउँछन्। दण्डसम्बन्धी यिनै मान्यताहरूमा आधारित रहेर फौजदारी न्यायप्रणालीअन्तर्गत न्याय प्रदान गरिदै आएको छ। तथापि, समाजमा नयाँनयाँ स्वरूपमा अपराध देखापर्दै आएका छन्। एकै जनाले पटक पटक अपराध गर्ने प्रवृत्ति पनि कायमै छ। सङ्गठित अपराधको क्षेत्र बढ्दो छ। यस दृष्टिले हेर्दा परम्परागत फौजदारी न्यायप्रणालीले आफ्नो मूलभूत उद्देश्य हासिल गर्न सकेको पाइदैन। वर्तमान फौजदारी न्यायप्रणालीमा अनुभव गरिएका न्यूनता परिपूर्ति गर्न विभिन्न विकल्पको खोजी हुँदै आएको छ। यही सिलसिलामा पुनःस्थापकीय न्यायलाई एउटा भरपर्दो विकल्पको रूपमा अगाडि सारिएको पाइन्छ।

---

१ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, धारा १०

२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा १४

## १.२ अध्ययनको विधि

यस अध्ययनमा विश्लेषणात्मक अनुसन्धान विधि अवलम्वन गरिएको छ। जसमा पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यताको व्याख्या गरिएको छ भने पुनःस्थापकीय न्यायको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यास र नमुनाका साथै संवैधानिक व्यवस्था लगायत नेपालमा हाल प्रयोगमा रहेका कानूनी व्यवस्था र प्रयोगका लागि प्रस्तावित अन्य कानूनी प्रावधानहरूको विस्तृत अध्ययन गरिएको छ।

## १.३ अध्ययनको उद्देश्य

नेपालको वर्तमान न्यायप्रणालीको सुधार तथा पुनःसंरचनाको क्रममा पुनःस्थापकीय न्यायको अवधारणा वा सिद्धान्तलाई अबलम्बन एवम् प्रयोग गर्न सम्बन्धित निकायलाई उत्प्रेरित गरी अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्दै वर्तमान न्यायप्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन सहयोग गर्नु यसको मुख्य उद्देश्य हो। यस अध्ययनका अन्य उद्देश्यहरु यस प्रकार छन्:

- वर्तमान ऐन नियम कानूनमा व्यवस्था गरिएका पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यता वा सिद्धान्तसँग मेल खाने विद्यमान राष्ट्रिय कानूनी संरचनामा रहेका व्यवस्थाहरुको अध्ययन गर्नु,
- तुलनात्मक अध्ययनबाट पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यता प्रयोग गर्ने उपाय वा समाधानको खोजी गर्नु,
- नेपालको वर्तमान फौजदारी न्यायप्रणालीको सुधार, परिमार्जन र पुनःसंरचनाको क्रममा पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यतालाई समावेश गर्न सम्बन्धित क्षेत्रलाई सहयोग पुऱ्याउनु।

## १.४ अध्ययनको सीमा

प्रस्तुत अध्ययन मूलतः प्रत्यक्ष एवम् परोक्ष रुपमा नेपाली ऐन कानूनमा रहेका पुनःस्थापकीय न्यायसँग सम्बद्ध व्यवस्थाका हकमा मात्र सीमित रहेको छ। विभिन्न ऐनहरुमा एवम् प्रस्तावित कानूनहरुमा भएका कानूनी व्यवस्थालाई समूहकृत गरी यस प्रतिवेदनमा औंल्याउने काम मात्र गरिएको छ।

## १.५ अध्ययनको संरचना

प्रस्तुत अध्ययनलाई पाँच भागमा विभाजन गरिएको छ। पहिलो भागमा परिचयका साथ साथै अध्ययनको पृष्ठभूमि, अध्ययनको विधि, अध्ययनको उद्देश्य, सीमा र अध्ययनको संरचना समावेश गरिएको छ। दोस्रो भागमा पुनःस्थापकीय न्यायको अवधारणा, परिभाषा र सिद्धान्तको विवेचना समेटिएको छ। तेस्रो भागमा पुनःस्थापकीय न्यायसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संरचना र उत्तम अभ्यास तथा नमुनाका बारेमा विवेचना गरिएको छ। चौथो भागमा पुनःस्थापकीय न्यायसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्थाहरु उल्लेख गरिएको छ। पाँचौ भागमा अध्ययनको निष्कर्ष र सुझाब प्रस्तुत गरिएको छ। प्रतिवेदनका अन्त्यमा अनुसूचीहरू राखिएका छन्।

# भाग – दुई

## पुनःस्थापकीय न्यायको अवधारणा, परिभाषा र सिद्धान्त

### २.१ पुनःस्थापकीय न्यायको अवधारणा

बिग्रे भत्केको विषयवस्तुलाई पहिले कै स्थितिमा वा पहिलेकै स्वरूपमा ल्याउनु पुनःस्थापना हो। कुनै वस्तु विशेषतः विगतमा जेजस्तो अवस्थामा थियो वर्तमान अवस्थामा उही रूप, स्वरूप र ढाँचामा ल्याउनु नै पुनःस्थापना हो। नागरिकको जीउ धनको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हो। अपराधबाट आफ्नो जीउ धनमा पुगेको क्षति वा आफूले भोग्नु परेको पीडाको क्षतिपूर्ति पाउनु पीडितको विशुद्ध अधिकार हो। पीडकबाट पीडितले पाउने क्षतिपूर्ति र पुनःस्थापना सम्बन्धमा राज्यले उपलब्ध गराउने सबै सेवा सुविधा पीडितको अधिकारको कुरा हो। तर पीडितले न्यायिक निकायबाट न्याय निरूपण गर्ने क्रममा वा निर्णय पश्चात् पीडक, पीडित र समाज मिलेर पीडकलाई आफ्नो आपराधिक कार्य प्रति अपराधको पश्चात्ताप गराई पीडितलाई राहत वा क्षतिपूर्ति प्रदान गरी पुनः समाजमा बस्न सक्ने वातावरण बनाउनु नै पुनःस्थापना न्यायको अभिप्राय हो।

पीडकले पीडितलाई क्षतिपूर्ति उपलब्ध गरायो वा राज्यले पीडकलाई सजायमा छुट दियो वा राज्यले पीडितलाई राज्यको तर्फबाट केही सुविधा उपलब्ध गराइएमा भने त्यो नै पुनःस्थापकीय न्याय हो भन्ने आम मानिसको धारणा रहेको पाइन्छ। फौजदारी विवादमा राज्यले नै पुनःस्थापकीय न्यायका कार्यक्रमहरूको निर्देशन वा व्यवस्थापन गर्नुपर्छ। पीडितको आवश्यकता अनुसार विभिन्न तरिकाबाट पीडितलाई परिपूरण गर्न सकिन्छ।कसूरको प्रकृति, कसूरदारको अवस्था, पीडितको स्थिति, सामाजिक र आर्थिक परिवेश समेतको सन्दर्भमा कसूरबाट पीडितमा परेको पीडाको परिपूरण र पुनःस्थापनाको स्वरूप फरक फरक हुन सक्छ। पीडितसँग क्षमा याचना, क्षतिको परिपूर्ति, सामाजिक सेवा जस्ता विभिन्न प्रकारका कार्यले पीडितलाई न्यायको अनुभूति र दुवै पक्षको समाजमा पुनःस्थापना हुन सक्छ।

पुनःस्थापकीय न्यायको अवधारणा फौजदारी न्यायको क्षेत्रमा विकास हुँदै गरेको नवीनतम अवधारणा हो। पुनःस्थापकीय न्याय फौजदारी अपराधलाई सम्बोधन गर्ने नयाँ तरिका हो, जसले पीडित, पीडक र समुदायको आवश्यकतालाई सन्तुलित गर्दछ। अदालतमा फौजदारी मुद्दाको संख्यामा वृद्धि, मुद्दाको फछ्र्यौटमा ढिलाइ तथा अभियुक्तले सफाई पाउने प्रवृत्तिले गर्दा फौजदारी न्याय सम्पादन र समग्र न्यायप्रणाली प्रतिको जनआस्थामा प्रतिकूल असर परेको छ। अपराधबाट पीडित व्यक्ति जो न्यायप्रणालीको केन्द्रमा हुनुपर्ने हो, सो नभई विद्यमान फौजदारी न्यायप्रणालीभित्र त्यस्ता पीडितहरू सीमान्तकृत भएका र उनीहरूको आवश्यकतालाई न्यायप्रणालीले सम्बोधन गर्न नसकेको देखिएको छ। अदालतमा फौजदारी मुद्दाको परिणाम जे भएपनि अपराध पीडितले भोगेको पीडाको सम्बोधन हुँदैन।पीडितले बेहोरेको क्षति र

पीडालाई न्यूनीकरण गर्ने उल्लेख्य कार्य फौजदारी न्यायिक प्रक्रियाले गर्न सकेको छैन। परम्परागत फौजदारी न्यायिक प्रक्रियाले अपराधबाट प्रत्यक्ष पीडित भएकालाई पूरै वेवास्ता गर्दछ र उनीहरूमा पुगेको भौतिक वा मानवीय क्षतिको क्षतिपूर्तिको लागि कुनै स्थान नै राख्दैन। यस ढाँचामा अपराध नियन्त्रणका लागि जतिसुकै प्रभावकारी उपायको अवलम्बन गरिए तापनि त्यसबाट पीडितलाई कुनै किसिमको प्रत्यक्ष सहयोग पुग्न सक्दैन।अपराधीलाई कारागारमा पठाउँदैमा मात्र विवादको समाधान र पीडित र पीडक बीचको सम्बन्ध सामान्य हुँदैन र पीडितलाई न्याय पाएको अनुभूति पनि हुँदैन। परम्परागत फौजदारी न्यायप्रणालीभित्र देखिएका यस्ता कमीकमजोरीलाई सम्बोधन गर्ने नयाँ चिन्तनको रूपमा पुनःस्थापकीय न्यायको अवधारणाको विकास भएको हो।

विश्वका धेरै देशमा परम्परागत फौजदारी न्यायप्रणालीप्रति जनताको असन्तुष्टि र निराशा छाएको अनुभव भयो। त्यो निराशा र असन्तुष्टिलाई हटाउने प्रयासमा सम्भावित विकल्पका रूपमा पुनःस्थापकीय न्यायलाई अवलम्बन गर्ने प्रयास भएको पाइन्छ। विवादको समाधानमा मुद्दाका पक्ष तथा समुदायलाई सहभागी गराउनुलाई यसको एक कडीका रूपमा हेरिन थाल्यो। पुनःस्थापकीय न्याय फौजदारी न्यायको परम्परागत पद्धतिहरुका तुलनामा नयाँ तथा व्यावहारिक विकल्प हो भन्नेमा विवाद छैन।

पुनःस्थापकीय न्यायले समुदाय, पीडित र पीडकलाई औपचारिक रूपमा एक ठाँउमा बसेर विवादको समाधान गर्न र अपराध पीडितको पीडालाई सम्बोधन गर्न मद्दत गर्दछ, जसमा पीडितलाई आफू माथि भएको क्षति वा नोक्सानीको परिपूरण गर्ने उपायहरूको अवलम्बन गरी पीडितलाई न्याय पाएको महसुस गराइन्छ। त्यसैगरी पुनःस्थापकीय न्यायका प्रक्रियाबाट पीडकले पनि आफूले गरेको गलत कार्यको लागि पश्चात्ताप गर्दछ र उसलाई तोकिएको जिम्मेवारी सहज रूपमा स्वीकार गर्दछ। पुनःस्थापकीय न्यायको प्रकृयामा पीडित र पीडक दुवै समाजका सदस्य भएकोले समाजले दुवैको हित हुने कार्य गर्नु पर्दछ भन्ने विश्वास गरिन्छ। फौजदारी न्यायिक प्रक्रियामा अपराधपीडित र प्रभावित समुदायको सहभागितालाई प्राथमिकता दिनु पुनःस्थापकीय न्यायको विशेषता हो।

पुनःस्थापकीय न्यायले फौजदारी न्यायिक प्रक्रियामा अपराधपीडित र समुदायको सक्रिय सहभागितालाई प्राथमिकता दिन्छ।अपराध गर्ने व्यक्तिलाई समुदायप्रति जवाफदेही बनाई पीडितलाई पुग्न गएको भावनात्मक तथा भौतिक क्षतिको परिपूर्तिमा जोड दिन्छ। यसले पीडित र पीडक तथा समुदायको बीच सञ्चार, वार्ता र छलफलद्वारा अपराधबाट सिर्जित परिणामको सम्बोधन गरी सार्वजनिक सुरक्षा तथा अपराधपीडित तथा पीडकको हित र सुरक्षासहितको सन्तुलित न्यायको प्रत्याभूतिमा विशेष चासो दिन्छ। यसले अपराधको परम्परागत परिभाषामा नै पुनर्व्याख्या गरी अपराधलाई फौजदारी कानूनको उल्लङ्घन मात्र नभएर व्यक्ति तथा समुदायबीचको सुसम्बन्धको क्षतिपूर्ण विघटन हो भन्दछ। तसर्थ अपराध नियन्त्रणका लागि अपराधबाट पीडित र पीडकका बीच बिग्रिएको सम्बन्धमा सुधार गरी सुसम्बन्धलाई पुनर्गठित गर्नुपर्ने कुरामा यसको जोड रहन्छ। यसैले यस पद्धतिमा सम्बद्ध पक्षहरूको बीच, सम्पर्क, सञ्चार, वार्ता र पुनर्मेललाई प्राथमिकता दिइन्छ।

## २.२ पुनःस्थापकीय न्यायको परिभाषा

पुनःस्थापकीय न्यायको सन्दर्भमा एउटै सर्वमान्य परिभाषा हालसम्म पनि हुन सकेको छैन। यो नयाँ र विकसित हुदै गरेको अवधारण भएकोले विभिन्न देशहरूमा यसको अलग अलग परिभाषा र ब्याख्या गरिएको पाइन्छ। पुनःस्थापकीय न्याय सम्बन्धी कार्यक्रम र अभ्यासहरूमा भएका विविधताको कारण पनि एउटै सर्वस्वीकार्य परिभाषा सम्भव नभएको हो। तर केही कानूनविद्हरूले यसको व्यापक परिभाषा गर्ने प्रयास गरेका छन्। जसमा अमेरिकी प्राध्यापक एरिक लुना पनि एक हुन्। पुनःस्थापकीय न्यायको बारेमा उनको अभिव्यक्ति यस प्रकार रहेको छः

पुनःस्थापकीय न्यायले सजायनिदानमा तीन आधारभूत सिद्धान्तलाई समेट्छ। पहिलो, अपराध खालि राज्यविरुद्धको कार्य मात्र हैन बरु खास पीडित र आमरूपमा समुदाय विरुद्धको हो। अतः कसूर गर्नु भनेको प्रथमतः मानव सम्बन्धहरूको उल्लङ्घन हो भने द्वितीयतः मात्र कानूनको हनन्। यसो हुनाले राज्य र यसका न्याय संयन्त्रभन्दा समुदाय, परिवारका सदस्यहरू, र साथसहयोगीहरू अपराधनियन्त्रणका विन्दुपथ मानिन्छन्। यसका लागि पुनःस्थापकीय न्यायका ढाँचाले कसूरका कारण र परिणतिहरूको सम्बोधन गर्न पीडितहरू, परिवारहरू, र समुदायका प्रतिनिधिहरूको सक्रिय सहभागिताको खोजी गर्दछ।

दोस्रो, यो पद्धतिको प्राथमिक लक्ष्य कसूरदारमा पीडा लाद्ने भन्दा कसूरजन्य कार्य, खास गरी पीडितउपर गरिएको क्षतिलाई सच्याउने, सुधार्ने हो। उत्तरदायित्व, कसैले गरेको गलत आचरण महसुस गर्ने, नतिजास्वरूप पुग्न गएको चोट वा पीडाका लागि पश्चाताप् व्यक्त गर्ने, र कसूरबाट भएको हानि नोक्सानीको मर्मतसुधार गर्नमा पाइला चाल्ने अर्थमा, परिभाषित हुन्छ। कसूरदारबाट सकारात्मक कामकुरा हुनुपर्ने गरी अपराधले सकारात्मक दायित्वको सिर्जना गर्छ भन्ने कथन यस पद्धतिले अगाडि सार्छ।

अन्ततः पुनःस्थापकीय न्यायले कसूरदार र कसूरसँग सम्बन्धित सबै सराकारवालाहरूलाई सहभागी गराई गरिने सहकार्यात्मक सजाय निर्धारणप्रक्रिया अपेक्षा गर्छ। खुला मञ्चमा तिनका भावना र सोचहरू व्यक्त गर्न सबैलाई अनुमति दिँदै पक्षहरूका बीचको अवरोधरहित संवाद नै यसको केन्द्रीय स्वरूप हो। छलफल र विचार विमर्शमार्फत, पुनःस्थापकीय सजायनिदानले पारस्परिक सहमति प्रतिविम्बत गर्छ जसले पीडित र समुदायलाई पर्न गएको चोट निको पार्ने पाइला चाल्ने, सँगसँगै कसूरदारको आचरणका योगदानकारी तत्त्वको मुकाबिला गर्ने योजना गर्ने र कानूनपालनकारी नागरिकस्वरूप निजको विकासलाई सहजीकरण गर्ने गर्नुपर्छ।[३]

पुनःस्थापकीय न्याय एउटा प्रक्रिया हो, जसमा अपराधको कारणबाट उत्पन्न भएको स्थितिको सामना गर्न सरोकारबालाहरूलाई सामूहिक रूपमा एक ठाउँमा बसेर अपराधको कारणबाट उत्पन्न भएको स्थिती र

---

[३] Erik Luna, "Reason and Emotion in Restorative Justice (2001) p.9.

भविष्यमा त्यसको परिणामहरूलाई कसरी सम्बोधन गर्ने भन्ने कार्य गरिन्छ।[४] होवर्ड जेरले अपराध भनेको व्यक्तिहरू उपर पुगेको क्षति र उनीहरू बीचको सम्बन्धको उल्लङ्घन हो भनेका छन्। न्यायको उद्देश्य अपराध गर्ने व्यक्तिको दायित्व स्थापित गर्नु, पीडितको आवश्यकताको पहिचान गर्नु र अपराधबाट पुगेको पीडालाई समाप्त गर्नु हो। न्यायको प्रक्रियामा पीडित, अपराध गर्ने व्यक्ति र समुदाय मिलेर वार्ता तथा संझौताद्वारा अपराधबाट सृजित दायित्व र विवादको समाधान खोज्नु पर्दछ र त्यसका लागि एक अर्काबीच बढी भन्दा बढी सूचनाहरू उपलब्ध गराउनु पर्दछ। अर्को शब्दमा भन्दा आपराधिक कार्य भनेको सम्बन्धको उल्लङ्घन हो। उल्लङ्घन गर्ने कार्यले जहिले पनि उल्लङ्घनकर्ता उपर दायित्वको सृजना गर्दछ र न्यायको उद्देश्य पीडित, अपराधी र समुदाय मिलेर अपराध गर्नेको दायित्व र पीडितको आवश्यकताको पहिचान गरी आपराधिक कार्यको परिणामलाई सच्याउनु हो।[५]

पुनःस्थापकीय न्याय सम्भव भएसम्म खास कसूरमा जोडिएकाहरूलाई समावेश गर्ने र सम्भव भएसम्म खाँचो पूरा गर्न कामकुरालाई ठीक दुरुस्त पार्नका लागि क्षति वा हानि, आवश्यकता र दायित्वहरू सामूहिक वा साझा रूपमा पहिचान र सम्बोधन गर्ने प्रक्रिया हो।[६]

संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले पुनःस्थापकीय प्रक्रिया सम्बन्धी महत्त्वपूर्ण घोषणा गरेको छ। जसलाई पुनःस्थापकीय प्रक्रिया सम्बन्धी मार्गचित्र पनि भन्ने गरिन्छ। फौजदारी बिषयमा पुनःस्थापकीय न्याय सम्बन्धी कार्यक्रमको प्रयोग सम्बन्धी आधारभूत सिद्धान्त सन् २००२ मा पारित भएको हो। पुनःस्थापकीय न्याय प्रयोग गर्ने सम्बन्धमा यो घोषणापत्र नमुना मार्गदर्शन मानिन्छ। जसमा पुनःस्थापकीय प्रक्रियाको परिभाषा गरिएको छः "पुनःस्थापकीय प्रक्रिया" भन्नाले पीडित र पीडकले तथा उचित देखिएको ठाँउमा अपराधबाट प्रभावित अन्य कुनै व्यक्तिहरू वा समुदायका सदस्यहरूले अपराधबाट उठेका कुराहरूको समाधानमा सामान्यतया सहजकर्ताको सहयोगमा सक्रियतापूर्वक सहभागी हुने प्रक्रियालाई जनाउँछ। पुनःस्थापकीय प्रक्रियाहरूले मेलमिलाप, सम्झौता, मन्त्रणा र सजाय निर्धारणको दायरालाई समावेश गर्न सक्छन्।[७]

सामान्य भाषामा भन्दा पुनःस्थापकीय न्याय सम्बन्धी अवधारणाले अपराधलाई फौजदारी कानूनको उल्लङ्घन मात्र नभई व्यक्ति, सम्बन्ध र समाजमा पुऱ्याएको हानीको रूपमा लिन्छ, त्यसकारण पक्षहरूले चाहेमा पीडित, पीडक र समुदायलाई एक ठाउँमा बसेर अपराधबाट उत्पन्न भएको परिणामलाई सच्याउने र समाधान गर्न दिनु पर्दछ। यसले गर्दा पीडित र पीडकको जीवनमा रूपान्तरण हुन्छ। टोनी एफ मार्सलले "पुनःस्थापकीय न्याय एउटा प्रक्रिया हो, जसमा कुनै कसूरका सरोकारवाला सबै पक्ष सहभागी भएर कसूर पश्चातको अवस्था र भावी असरकाबारे सामूहिक रूपमा समाधान निकाल्न एकसाथ हुन्छन्" भनेर परिभाषा दिएका छन्। एकथरी विश्लेषकहरू यो परिभाषाले न्यायिक प्रक्रियामा पीडित, कसूरदार र समुदायको सहभागितालाई विशेष जोड दिएकोले यसलाई निकै महत्त्वका साथ हेर्दछन्। अर्का थरी विश्लेषकहरू

---

[४] Tony F Marshall, *Restorative Justice: An Overview* (HMSD London 1999) p.5.

[५] FWM MC ELRA (ed) *Re-thinking Criminal Justice* (Vol. 1). Legal Research Foundation, Auckland (1995).

[६] Zehr, Howard, *The Little Book of Restorative Justice*. Good Books, Intercourse PA (2002) p.37.

[७] फौजदारी विषयमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमको उपयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू, २००२

पुनःस्थापकीय न्यायको सन्दर्भमा कसूरदारले पुऱ्याएको क्षतिको परिपूर्ति गर्ने सामूहिक कार्य बढी महत्त्वपूर्ण हो भन्ने ठान्दछन्।

## २.३ दण्डात्मक न्यायप्रणाली र पुनःस्थापकीय न्यायप्रणाली बीचको भिन्नता

पुनःस्थापकीय न्यायप्रणाली दण्डात्मक न्यायप्रणालीको पूरक प्रणाली हो। दण्डात्मक प्रणाली अझै भरपर्दो र वास्तविक न्यायका लागि सहयोगी पनि हो। दुवै प्रणालीका आ-आफ्नै अवधारणा, सिद्धान्त, मूल्यमान्यताहरू छन्। तथापि, दुवै प्रणाली वीच कही समानता रहेतापनि देहायका भिन्नता देखिन्छः

| दण्डात्मक न्यायप्रणाली | पुनःस्थापकीय न्यायप्रणाली |
|---|---|
| • कसूरलाई एउटा पद्धतिकै उल्लङ्घनको रूपमा परिभाषा गरिन्छ। | • कसूरलाई व्यक्तिहरू र समुदाय उपर हुने हानिको रूपमा परिभाषा गरिन्छ। |
| • आरोप स्थापित गर्न दोष, विगतको व्यवहार उपर ध्यान दिइन्छ। | • समस्या समाधान गर्न, हानिलाई पूर्ति गर्ने कुरामा जोड दिइन्छ। |
| • पीडितलाई वास्ता गरिन्न। | • पीडितका अधिकार र आवश्यकताहरूलाई मान्यता दिइन्छ। |
| • कसूरदार निष्क्रिय रहन्छ। | • कसूरदारलाई जिम्मेवारी लिन प्रोत्साहन गरिन्छ। |
| • कसूरदारको दायित्वलाई सजायको रूपमा परिभाषित गरिन्छ। | • कसूरदारको दायित्वलाई अनुभूति प्रदर्शन गर्ने र हानिलाई पूर्ति गर्न सघाउने किसिमले परिभाषित गरिन्छ। |
| • कसूरदारको विगतको व्यवहार उपर प्रतिक्रिया लक्षित हुन्छ। | • कसूरदारको व्यवहारको हानिकारक परिणाम प्रति प्रतिक्रिया लक्षित रहन्छ। |
| • अपराधवाट लाग्ने धव्वा वा दाग हटाउन सकिदैन। | • उपयुक्त कार्यहरूद्वारा अपराधवाट लाग्ने धव्वा वा दाग हटाउन सकिन्छ। |
| • पश्चात्ताप र क्षमा दिन थोरै मात्र प्रोत्साहन दिइन्छ। | • पश्चात्तापलाई प्रोत्साहन गरिन्छ र क्षमा दिन सम्भव छ। |
| • व्यावसायिक व्यक्तिहरूमा भर परेको हुन्छ। | • घटनाद्वारा प्रभावितहरूको प्रत्यक्ष संलग्नता हुन्छ |
| • कडा तर्कपूर्ण प्रक्रिया अपनाइन्छ। | • भावनाको स्वतन्त्र अभिव्यक्ति दिन अनुमति दिइन्छ। |

## २.४ पुनःस्थापकीय न्यायको उद्देश्य

पुनःस्थापकीय न्यायको मुख्य उद्देश्य पीडितलाई क्षतिपूर्ति, परिपूरण र पीडकलाई अपराधप्रति पश्चात्ताप गराई दुवैलाई समाजमा पुनःस्थापना गराउने हो। यसका अतिरिक्त पुनःस्थापकीय न्यायका अन्य उद्देश्यहरू यसप्रकार छन्।

- पीडितलाई उनीहरूका आवश्यकताहरूबारे भन्नका लागि प्रोत्साहन गर्ने,
- पीडितलाई क्षतिपूर्तिको माध्यमबाट अधिकतम रूपमा न्याय दिने,
- निर्णय प्रक्रियामा सरोकारवालाको भूमिका बढाउने,
- समाजमा अपराधबाट परेको असरलाई न्यूनीकरण गरी पक्ष बीच मेलमिलाप कायम गर्ने,
- भविष्यमा समाजमा त्यस्ता अपराध हुन नदिने,
- अपराधबाट बिग्रिएको सम्बन्धलाई सुधार गर्ने,
- सबै पक्ष खासगरी अभियुक्तको जिम्मेवारीलाई प्रोत्साहन गर्ने।

## २.५ पुनःस्थापकीय न्यायका विशेषता

पुनःस्थापकीय न्याय एक नविनतम् अवधारणा हो। जहाँ पीडक, पीडित र समुदायको सामूहिक सहभागितामा समस्याको समाधान खोज्नु प्रमुख विशेषता हो। यसका अन्य विशेषताहरू यसप्रकार छन् :

- पुनःस्थापकीय न्याय प्रक्रियाको अवलम्बनका सन्दर्भमा प्रत्येक अपराधमा पीडित र पीडकको निर्णयमा भर पर्ने र उनीहरूले वैयक्तिक रूपमा त्यस्तो प्रक्रिया अवलम्बन गर्ने वा नगर्ने भन्ने निर्णय गर्न सक्छन् र सो प्रक्रिया अवलम्बनमा उनीहरूको सहमति भएमा मात्र यो प्रक्रियामा जाने अवस्था रहने,
- पीडित, पीडक र समुदायको अपराधबाट सृजित समस्याको समाधानमा सहभागिता रही गरिने उपचारबाट सामाजिक एकता कायम हुने, पीडित र पीडकको समान रूपमा मर्यादा कायम हुने र आपसमा समझदारीको विकास हुने,
- औपचारिक न्यायप्रणाली जसमा अभियुक्तलाई कलंक लाग्ने जस्तो नकारात्मक असर पर्दछ, त्यसको व्यावहारिक रूपमा वैकल्पिक व्यवस्थाको रूपमा रहेको,
- परम्परागत रूपमा रहेको फौजदारी न्यायप्रणाली र दण्डात्मक प्रणालीसँगै प्रयोग गर्न सकिने प्रणालीको रूपमा समेत रहेको,
- विवादका पक्षहरूबीच रहेको विवादको कारण र समस्याबारे पहिचान र समाधान गरिने प्रणाली,
- पीडितलाई भएको क्षति र पीडितको आवश्यकतालाई सम्बोधन गर्ने प्रणाली।
- अभियुक्तले आफ्नो व्यवहार र कार्यको कारण र प्रभाव वा असरबारे सचेत हुन, जान्न र बुझ्न प्रोत्साहन गर्ने र उसले त्यसको जिम्मेवारी वा दायित्व ग्रहण गर्ने अर्थपूर्ण उपाय रहेको प्रणाली,
- थुप्रै गम्भीर अपराध लगायतका विभिन्न किसिमका अपराध र अभियुक्तका सन्दर्भमा प्रयोग गर्न सकिने प्रणाली,
- बालबालिकाले गरेको बिजाइँमा विशेष रूपमा प्रयोग गर्न सकिने प्रणाली,
- सामाजिक सुव्यवस्थामा खलल् पारिएका पक्ष समुदायसमेतको भूमिका रहने प्रणाली।

## २.६ पुनःस्थापकीय न्यायका आधारभूत सिद्धान्त

न्यायका सर्वमान्य सिद्धान्तहरू झै पुनःस्थापकीय न्यायका पनि आधारभूत सिद्धान्तहरू छन्। मुख्यतया पुनःस्थापकीय न्याय देहायका सिद्धान्तहरूमा आधारित छ।

- अपराध व्यक्तिहरूको सम्बन्धको उल्लङ्घन हो।
- उल्लङ्घनले दायित्व र जवाफदेहिताको सृजना गर्छ।
- पुनःस्थापकीय न्यायले गलत कामलाई सच्याउने प्रयास गर्छ।
- न्याय समुदायमा आधारित हुन्छ।
- पक्षहरुको सहभागीता स्वेच्छिकतामा निर्भर रहन्छ।
- पीडित र कसूरदारको पूर्ण सहभागिता हुन्छ।
- पीडित र कसूरदार दुवै यो प्रक्रियाबारे पूर्ण सुसूचित हुन्छन्।
- पीडक आफ्नो गल्तीप्रति पूर्ण जवाफदेही हुन्छ।
- भावनात्मक र भौतिक सुरक्षाको प्रत्याभूति हुन्छ।

## २.७ पुनःस्थापकीय न्यायका आधारभूत मूल्यहरू

पुनःस्थापकीय न्यायका आधारभूत सिद्धान्तका साथै यसका मूल्य र मान्यताहरू पनि छन्। पुनःस्थापकीय न्यायले देहायका मूल्य र मान्यता राख्दछ।

- सहभागिता
- सम्मान
- इमान्दारी
- शालीनता (*ह्युमिलिटी*)
- जवाफदेही
- सशक्तीकरण
- आशा

## २.८ पुनःस्थापकीय न्यायको क्षेत्र

पुनःस्थापकीय न्यायलाई चिनाउने सन्दर्भमा यो प्रणाली फौजदारी न्यायप्रणालीको न्यूनता परिपूर्ति गर्ने उद्देश्यले अगाडि आएको एउटा परिपूरक प्रणाली हो भनी उल्लेख गरिएको पाइन्छ। तथापि त्यतिमै सीमित गर्दा पुनःस्थापकीय न्यायको क्षेत्र साघुँरिन जाने हुन्छ।विद्यमान न्यायिक प्रणाली सुधार तथा न्यायमा सहज पहुँच स्थापित गराउने सम्बन्धमा पुनःस्थापकीय न्यायको अवधारणालाई अदालत भन्दा बाहिरको क्षेत्र अर्थात परम्परागत फौजदारी मुद्दाको विषयभन्दा बाहिरका विवाद वा समस्या समाधानमा समेत प्रयोग गर्न सुरु गरिएको पाइन्छ। पुनःस्थापकीय न्याय देहायका क्षेत्रमा प्रयोग भएको पाइन्छ।

- विभिन्न फौजदारी कसूरहरूका क्षेत्रमा
- समुदायमा हुने घटनाहरूमा
- सङ्क्रमणकालीन न्याय र द्वन्द्वोत्तर सामाजिक सन्दर्भमा
- स्थानीय प्राकृतिक स्रोतसाधनसम्बन्धी विवादमा
- कारागारभित्रका बन्दी र पीडितका बीचमा
- पूर्वबन्दीको समाजमा पुनःस्थापनामा
- शैक्षिक क्षेत्रमा
- अन्य

## २.९ पुनःस्थापकीय न्यायका चरणहरू

पुनःस्थापकीय न्यायले प्रचलित फौजदारी न्यायप्रणालीलाई बदल्ने नभई त्यसकै पूरकको रूपमा रहन्छ। पुनःस्थापकीय न्यायको अवलम्बन फौजदारी न्यायको प्रक्रियाका विभिन्न चरणहरूमा गर्न सकिन्छ। सामान्यतयाः फौजदारी न्यायप्रणालीका देहायबमोजिमका चार चरणमा यो अवलम्बन गर्न सकिने देखिन्छः

- प्रहरीमा अभियोग दायर हुनुभन्दा पहिलेको चरणमा,
- अभियोजनको तह जहाँ अभियोजन गरिएको तर सुनवाइ प्रक्रिया प्रारम्भ नभइसकेको,
- अदालती चरण जसमा सुनुवाइको चरण र सजाय गर्ने दुवै चरण पर्दछन्,
- फैसला कार्यान्वयन अथवा सुधारको चरण।

कतिपय मुलुकमा अभियोजन र पुनःस्थापकीय न्यायको प्रक्रिया समानान्तर रूपमा पनि गरिन्छ। उदाहरणको लागि बेल्जियमलाई लिन सकिन्छ। कतिपय मुलुकमा कतिपय मुद्दामा पहिलो चरणमा फौजदारी न्यायप्रणालीमा नलगी पहिलो चरणमा नै पुनःस्थापकीय न्यायलाई प्रयोग गरिएको पाइन्छ। यस क्रममा, विद्यालयमा घटित सामान्य व्यवहारजन्य घटनाहरूलाई विद्यालयस्तरीय मेलमिलापको माध्यमबाट निरूपण गरिन्छ। यसका साथै छिमेकी मेलमिलाप कार्यक्रमअन्तर्गत पनि यस्तो प्रक्रिया अवलम्बन गरिन्छ। सामान्यतः गम्भीर घटनाहरू फौजदारी न्यायप्रणालीका क्रममा नै पुनःस्थापकीय न्यायप्रक्रियामा लगिन्छ[८]।

## २.१० पुनःस्थापकीय न्यायका फाइदा

### क. पीडितको सन्दर्भमा

परम्परागत फौजदारी न्यायप्रणालीमा अपराधबाट पीडित पक्षको आवश्यकताको बारेमा खास सरोकार राखिएको हुँदैन। राज्यले अपराधी पत्ता लगाएर उसलाई कानूनबमोजिमको सजाय दिएपछि पीडितको आकांक्षा पूरा भयो पीडितले न्याय पायो भन्ने अनुमान गरिन्छ। प्रो. जेरका अनुसार परम्परागत फौजदारी

---

[८] Latimer, J. and S. Kleinknecht (2000). *The Effects of Restorative Justice Programming: A Review of the Empirical Literature.* Ottawa: Department of Justice Canada, Research and Statistics Division.

न्यायप्रणालीमा पीडितहरूले आफूलाई प्रणालीले बेवास्ता गरेको, अवहेलना गरेको र कतिसम्म भने दुर्व्यवहारै गरेको[९] ठान्दछन्। उनले पीडितका चारवटा सरोकारलाई उल्लेख गरेका छन्

(१) जानकारी,
(२) सत्यको उद्घोष,
(३) सशक्तीकरण, र
(४) परिपूरण।

हुन पनि हाम्रो परम्परागत फौजदारी न्यायप्रणालीमा पीडितलाई अपराधको सूचना दिने र त्यो सूचनाको बारेमा सरकारी साक्षीको रूपमा अदालतमा उपस्थित भै बकपत्र गरिदिने दुई वटा कानूनी प्रक्रियामा मात्र संलग्न गराइने गरिएको पाइन्छ। अपराध राज्यविरुद्धको विषय बन्दछ।[१०] राज्यले पीडितको स्थान लिन्छ र प्रक्रियामा राज्य संयन्त्रले पीडितलाई प्रतिस्थापन गर्दछ। आफू पीडित बन्न पुगेको घटना कसले किन गरेको रहेछ, कसूरदारको पृष्ठभूमि के कस्तो रहेछ, उसको मानसिक अवस्था कस्तो छ, उस्ले आफ्नो कसूरजन्य कार्य प्रति पश्चात्ताप गरेको छ छैन, घटनाको अनुसन्धान कसरी भै रहेको छ, जस्ता सामान्य विषयमा समेत पीडितलाई अनुसन्धानकर्ता वा प्रणालीगत संयन्त्रले कुनै जानकारी उपलब्ध गराउँदैन।

यसै गरी पीडितको अर्को उपचारात्मक प्रक्रिया भनेको सत्यतथ्य अरूलाई सुनाउन पाउनु हो। आफूले आपराधिक घटनाको कारणबाट भोग्नुपरेको दुःख वा सहनु परेको पीडाको बारेमा यथार्थ कुरा अरूलाई सुनाउन पाउने अवसरले पनि पीडितलाई सान्त्वना वा ढाडस दिने काम गर्दछ।पीडितले कतिपय अवस्थामा यो कुरा कसूरदारलाई प्रत्यक्ष रूपमा सुनाउन चाहेको पनि हुन सक्छ। तर फौजदारी न्यायप्रणालीले पीडितलाई यस्तो अवसर प्रदान गर्दैन। पहिलेको सर्जमिन मुचुल्कासम्बन्धी अनिवार्य व्यवस्था अहिले कानूनबाटै हटेको छ। त्यस्तो कानूनी व्यवस्था कायम रहेकै अवस्थामा पनि अनुसन्धानको सिलसिलामा पीडित र अभियुक्तलाई भेट गराउने वा अभियुक्त उपर आरोपित कसूरको कारणबाट पीडितलाई पुग्न गएको क्षतिको बारेमा यथार्थ स्थिति अवगत गराउने कानूनी आवश्यकता वा प्रचलन थिएन। अहिले प्रचलनमा रहेको अनुसन्धान प्रणालीले पनि यस्तो आवश्यकता देखेको छैन। वस्तुस्थिति मुचुल्का वा घटनास्थल प्रकृति मुचुल्का गराउँदा समेत पीडित र अभियुक्तलाई सम्पर्कमा ल्याउने वा उनीहरूका बीच संवादको प्रक्रियाबारे सोच्नेसम्म ठाउँ राखिएको छैन।

कतिपय अवस्थामा अपराधबाट पीडित व्यक्तिले आफूलाई निकै कमजोर अनुभव गर्ने वा आफूले आर्थिक, सामाजिक र मनोवैज्ञानिक हैसियत गुमाएको महसुस गर्ने गरेको पाइन्छ। उनीहरू सबै कुरामा आफ्नो

---

९ Zehr, Howard, (2014) *The Little Book of Restorative Justice*, Good Books, p. 21.

१० सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २३

नियन्त्रण गुमेको वा हराएको ठान्दछन्। यस्ता अपराध पीडितहरूलाई न्यायिक प्रक्रियामा संलग्न गराउन सकिएमा उनीहरू क्रमशः सामान्य अवस्थामा फर्किने र आफूलाई पूर्ववत् सशक्त अनुभव गर्ने हुन्छन्।

कसूरदारबाट पीडितलाई परिपूरण वा क्षतिपूर्ति दिलाउने विषय पीडितको न्यायप्राप्तिको सन्दर्भमा विशेष महत्त्व राख्दछ। एकातिर यसले पीडितको भौतिक क्षतिको परिपूरण गर्दछ भने अर्को तर्फ पीडितको मर्यादा वा आत्म सम्मानलाई जोगाउँछ। कसूरदारले आफ्नो खराब कार्यको जिम्मेवारी स्वीकारेको अनुभव गराउन पनि कतिपय अवस्थामा पीडितलाई कसूरदारबाट क्षतिपूर्ति दिलाइदिनु पर्ने हुन्छ। कहिलेकाँही कसूरदारले प्रत्यक्ष रूपमा पीडितको अगाडि क्षमायाजना गर्नु मात्रै पनि क्षतिपूर्तिको सन्दर्भमा पर्याप्त हुन सक्छ। यसैले न्यायप्रणालीले पीडित स्वयम्लाई आफ्नो आवश्यकता पत्ता लगाउन सक्ने बनाउनुपर्छ, आफ्नो कुरा भन्न सक्ने गरी सबल बनाउनुपर्छ। अपराध पीडितका यिनै न्यायिक आवश्यकतालाई गम्भीरतापूर्वक सम्बोधन गर्न पुनःस्थापकीय न्यायको अवधारणा विकास भएको हो भनिन्छ।[११]

## ख. कसूरदारको सन्दर्भमा

फौजदारी न्यायप्रणालीले कसूरदारलाई जतिसक्दो चाँडो पक्राउ गर्ने र उसलाई सजाय दिने विषयलाई नै आफ्नो प्रमुख उद्देश्य बनाएको हुन्छ। कसूरदारलाई पक्राउ गरेर कैदमा पठाउन सकिएको अवस्थामा जस्तोसुकै ठूलो आपराधिक घटनामा पनि राज्यको दायित्व पूरा भएको अनुमान गरिन्छ। अपराधीलाई कानूनको कठघरामा उभ्याउन सकियो भने फौजदारी न्यायप्रणाली प्रभावकारी भयो, त्यसो हुँन सकेन भने प्रणाली असफल भयो भन्ने मानिन्छ। अर्को शब्दमा भन्दा कसूरदारलाई कारागार पुऱ्याउन सकियो भने प्रणाली सफल भयो अन्यथा असफल भयो भनिन्छ। तर, यो नै न्याय प्राप्तिको सम्पूर्णता वा सफलता होइन। कसूरदारले किन अपराध क्षेत्रमा प्रवेश गऱ्यो, उसको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि के कस्तो छ, आफूले गरेको आपराधिक कार्यप्रति उसको प्रतिक्रिया कस्तो छ, त्यसप्रति उसमा पश्चात्तापको भावना जागृत भएको छ छैन, आफ्नो कार्य प्रतिको जवाफदेहिता स्वीकार गरेको अवस्था छ छैन, उसलाई कारागार पठाएर सम्भावनाका सबै ढोका बन्द गरिदिँदा उसको परिवार र समुदायमा के असर पर्दछ, कारागारको अरू कुनै सम्मत वा स्वीकार्य विकल्प हुन सक्छ कि सक्दैन, पीडितको क्षति परिपूरणमा कसूरदारको कुनै भूमिका खोजिनुपर्ने हो होइन भन्ने जस्ता विषयलाई परम्परित फौजदारी न्यायप्रणालीले कुनै महत्त्व दिएको पाइँदैन।

कसूरदारलाई सजाय दिइनुको पहिलो उद्देश्य उसमा सुधारको अपेक्षा गरिनु हो। अपराधको परिणामबाट सिर्जिएको हानि वा नोक्सानीप्रति पश्चात्ताप र त्यो हानिनोक्सानीको परिपूर्तिमा उसले आफ्नो दायित्वबोध गरेमा मात्र यो उद्देश्य हासिल हुने सम्भावना रहन्छ। कसूरदारले आफ्नो कार्य र त्यसले सिर्जना गरेको नकारात्मक परिणाम प्रतिको जिम्मेवारी र त्यसको बहन गर्न सक्ने तहको भार स्वीकार गर्ने अवस्था भएन भने कुनै पनि सजायले दण्डनीतिका कुनै पनि परम्परागत उद्देश्य हासिल गराउन सक्दैन।

---

[११] पूर्वउद्धृत ९, पृष्ठ २३

सजायका परम्परागत उद्देश्य अर्थात कसूरदारलाई सजाय दिएपछि उसले भविष्यमा अर्को कसूर गर्दैन, कसूरतर्फ उन्मुख अन्य व्यक्ति समेत त्यसबाट पर हट्छन्, पीडितले न्यायको अनुभूति गर्दछ भन्ने जस्ता मान्यता यथार्थमा रुपान्तरित हुनको लागि कसूरदारले आफूले गरेको आपराधिक कार्यप्रतिको जिम्मेवारी स्वीकार गरेको हुनुपर्दछ। तर, नेपालमा तथ्याङ्क हेर्ने हो भने तथ्य यस्तो देखिँदैन। अन्तिम तहको अदालतबाट दोषी ठहरेका व्यक्तिमध्ये अधिकांशले अदालतमा कसूर अस्वीकार गरेको पाइन्छ।

यस्तोमा कैदको सजाय पाएको व्यक्तिले न त आफ्नो कार्यप्रति पश्चात्ताप गर्छ न त उसमा कुनै सुधार आउँछ भनेर पर्खनु वा सकारात्मक परिवर्तनको अपेक्षा गर्नु मात्र हुन्छ। आफूले अस्वीकार गरेको कार्यको जिम्मेवारी बोध गर्ने वा पश्चात्ताप गर्ने भन्ने प्रश्न नै असान्दर्भिक हुन्छ। अदालतमा अभियोग वा कसूर गरेको भन्ने दोषारोपणलाई अस्वीकार गर्दागर्दै पनि दोषी ठहर हुनु भनेको यथार्थमा या त अदालतमा झुठो बोल्नुपर्छ भन्ने मान्यतालाई प्रणालीले स्वीकार गरेको छ या अभियुक्तले जे सुकै भनि राखोस् अदालत आफ्नो निर्णयबाट तल माथि गर्न चाँहदैन भन्ने हो। यी दुवै निष्कर्षले न्यायप्रणालीप्रति गतिलो व्यङ्ग्य गरेको हुन्छ।

कसूरदारले आपराधिक कार्यप्रति जवाफदेही वा उत्तरदायित्व बहन नगर्दासम्म सजायको मूलभूत उद्देश्य पूरा हुन सक्दैन। हाम्रो सन्दर्भमा आफूले कसूर गरेको भन्ने तथ्यमा नै इन्कार रहने व्यक्तिका विरुद्ध अभियोजन पक्षले बलियो प्रमाण सङ्कलन गरेको अवस्थामा अभियुक्त, अनुसन्धान अधिकारी वा अदालतसमक्ष इन्कार रहँदारहदै पनि निजविरुद्ध अभियोग स्थापित भएको र निजलाई सजाय तोकिएको उदाहरण यथेष्ट पाउन सकिन्छ। यसै विषयमा केन्द्रित रहेर गरिएको कुनै अनुसन्धान प्रतिवेदन प्राप्त गर्न नसकिए पनि कसूरमा इन्कार रहनु नै कानूनी लडाइँ जितिने बलियो आधार हो भन्ने धारणा विकसित भएकोले कसूरदारलाई उसले गरेको कसूरजन्य कार्य प्रति जवाफदेही बनाउने भन्ने न्यायको मूल मर्मलाई नै हाम्रो व्यवहारले परास्त गर्न खोजेको देखिन्छ। तर कसूरलाई सम्बोधन गर्ने महत्त्वपूर्ण पक्ष भनेको कसूरदारलाई उसको आपराधिक कार्य प्रति उत्तरदायित्व स्वीकार गर्ने परिस्थिति निर्माण गर्नु नै हो।

वर्तमान फौजदारी न्यायप्रणालीमा कसूरमा सावित हुनेले कुनै सुविधा नपाउने र असत्य इन्कारीले बरु सजायबाट उन्मुक्ति पाउन सक्ने सम्भावना प्रवल रूपमा स्थापित हुन पुगेकोले अदालतमा सत्य होइन असत्य बोल्दा फाइदा हुन्छ भन्ने मान्यता कायम हुन पुगेको पाइन्छ। यसबाट न त कसूरदारले आफ्नो आपराधिक कार्य प्रति कुनै पश्चात्ताप गर्नु पर्ने वा आफ्नो कुकृत्यको उत्तरदायित्व स्वीकार गर्नु पर्ने वा अपराधीमा मानसिक परिवर्तन आई ऊ अब समाजको लागि हानिकारक नभई समाजको स्वीकार्य सदस्य बनेको छ भनी देखाउनु पर्ने अवस्था सिर्जना हुने, न त पीडितले नै कसूरदारबाट त्यस्तो आश्वस्तता प्राप्त गर्न सक्ने हुन्छ।

पुनःस्थापकीय न्यायले कसूरदारलाई आफ्नो कार्यको जिम्मेवारी स्वीकार गर्न अभिप्रेरित गर्छ। कसूरदारले कसूर र त्यो कसूरले सिर्जना गरेको असरलाई स्वीकार गरेको अवस्थामा मात्र पीडितसँग सम्वाद हुने, दुवै पक्षलाई सहज हुने विकल्पको खोजी हुन सक्ने र समुदायले पनि दुवै पक्षको आवश्यकताको सम्बोधन गर्न मद्दत पुऱ्याउने हुन सक्छ। कसूरदारले कसूर प्रतिको दायित्व स्वीकार नगरेको अवस्थामा कानूनले तोकेको निश्चित अवधि पछि कसूरदारलाई कारागारबाट मुक्त गरी यथास्थितिमा समुदायमा फिर्ता पठाउने कार्य आफैंमा जोखिमपूर्ण हुनुको अतिरिक्त निश्चित अवधिसम्म कसूरदारलाई कारागारमा राखिनुको औचित्य समेत सिद्ध हुदैन।कसूरदारले आफूले गरेको कसूरजन्य कार्य र त्यसले पीडित, समुदाय र स्वयं आफू र आफ्नो परिवारमा पारेको दुष्परिणामको बारेमा आफ्नो दायित्व स्वीकार गरेको स्थितिमा कसूरसँग सम्बद्ध यी सबै पक्षको आवश्यकता पूर्ति हुने गरी न्यायिक सम्बोधन खोज्न सकिने हुन्छ।

### ग. समुदायको सन्दर्भमा

यसै गरी कुनै पनि आपराधिक घटनाले सम्बन्धित समुदायलाई समेत नोक्सान पुऱ्याएको हुन्छ। समुदायका समेत क्षति व्यवस्थापन सम्बन्धी नयाँ आवश्यकताहरू सिर्जना भएका हुन्छन्। समुदायले नै असुरक्षाको अनुभव गर्न सक्छ, पीडित परिवारप्रति समुदाय चिन्तित हुन सक्छ, कसूरदार र निजका परिवारको आवश्यकता परिपूर्तिमा समेत समुदायको दायित्व र सरोकार सिर्जना भएको हुन सक्छ। समुदायका ती आवश्यकता कसरी सम्बोधन गर्ने र त्यस्तो सम्बोधनको क्रममा को कसको के कस्तो सहभागिता वा भूमिका रहने भन्ने विषय समेत सान्दर्भिक बन्दछ। यो पक्षलाई मिलाउन पीडित, पीडक र निजका परिवार सदस्य तथा समुदायका सदस्यहरूको के कस्तो भूमिका वा जिम्मेवारी हुने र त्यसलाई कसरी व्यवस्थित गर्ने भन्ने विषय पनि न्यायको सिलसिलामा हेरिनुपर्ने विषय बन्दछ। घटनालाई सरकारी मुद्दा बनाएर अनुसन्धान अधिकारीले त्यसलाई आफ्नो एकाधिकारको विषय ठान्दा सम्पूर्ण समुदाय नै प्रणालीबाट तिरष्कृत भएको अनुभव गर्न पुग्दछ। पीडित र पीडक दुवै समुदायका सदस्य हुने भएकोले उनीहरू दुवैको सरोकारलाई सम्बोधन गरेर समुदायलाई शान्त, सुरक्षित र स्वस्थ बनाउने विषय समेत न्यायिक विषय भित्र समेटिनु पर्ने हुन्छ।यस पृष्ठभूमिमा पुनःस्थापकीय न्यायले न्यायिक प्रक्रियामा समुदायलाई समेत सम्मिलित गराइनु पर्दछ भन्ने मान्यता राख्दछ।यसबाट समाजले समेत फाईदा लिन सक्छ।

## २.११ पुनःस्थापकीय न्याय र सरोकारवालाको भूमिका

न्याय निरूपण गर्ने दायित्व न्यायपालिकाको हो। न्यायपालिकाले नै यस प्रणालीलाई प्रभावित गर्न गराउन सक्छ। न्यायपालिकाको सक्रिय भूमिकाविना पुनःस्थापकीय न्यायको कार्यान्वयन सम्भव हुदैन। न्यायपालिकाको सक्रिय संलग्नताबाहेक पुनःस्थापकीय न्यायप्रणालीको कार्यान्वयन गर्न सकिदैन। पुनःस्थापकीय न्याय समाजमा आधारित प्रणाली भएकोले देहायका व्यक्तिहरूको पूर्ण संलग्नता र भूमिका आवश्यक हुन्छ।

### क. पुनःस्थापकीय न्यायिक प्रक्रियामा अदालतका न्यायाधीश तथा कर्मचारीको भूमिका

न्यायनिरूपणका लागी अदालतमा मुद्दा दर्ता गरिन्छ। अदालतमा मुद्दाका पक्ष बीच संवाद भई पुनःस्थापकीय न्यायको कार्यक्रममा जान चाहेमा न्यायाधीश तथा अदालतका कर्मचारीले सो प्रक्रियाको

प्रभावकारी कार्यान्वयनको लागि अहम भूमिका रहन्छ। अदालतले उक्त प्रक्रियाका लागि सहज भूमिका निर्वाह नगरेमा पुनःस्थापकीय न्याय कार्यक्रम सम्पन्न नहुन पनि सक्छ। यसर्थ पुनःस्थापकीय न्याय सफल कार्यान्वयनका लागि अदालत, न्यायाधीश तथा अदालतका कर्मचारीको मुख्य भूमिका रहन्छ।

### ख. पुनःस्थापकीय न्यायिक प्रक्रियामा अभियोजनकर्ता सरकारी वकिलको भूमिका

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम कुनै पनि मुद्दा चलाउने वा नचलाउने अधिकार सरकारी वकिललाई छ। सरकारी वकिलको पनि पुनःस्थापकीय न्याय कार्यक्रम प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका रहन्छ।अभियुक्तले अपराध स्वीकारेको अवस्थामा छ र पीडितले पुनःस्थापकीय न्याय कार्यक्रममा प्रवेश गर्न चाहेमा सरकारी वकिलले न्यायिक निकायको समन्वयमा मुद्दा स्थगित गरी पुनःस्थापकीय न्याय कार्यक्रममा पठाउन सक्दछ। तसर्थ पुनःस्थापकीय न्यायको लागि सरकारी वकिलको भूमिका पनि महत्त्वपूर्ण हुन्छ।

### ग. पुनःस्थापकीय न्यायिक प्रक्रियामा अनुसन्धानकर्ता प्रहरीको भूमिका

कुनै पनि अपराधको अनुसन्धान तहकिकात गर्ने जिम्मेवारी प्रहरीको हो। प्रहरीले अभियुक्तलाई पक्राउ गर्दा कै समय देखि विवाद वा मुद्दाको विषयमा प्रारम्भिक जानकारी राख्ने भएकोले न्यायिक निकायले पुनःस्थापकीय न्यायको कार्यक्रममा पठाउँदा प्रहरीले सहयोगी भूमिका निर्वाह गर्नुपर्छ। मुद्दा वा विवादका पक्ष वीच सम्वाद भइ पुनःस्थापकीय न्यायको कार्यक्रममा जान चाहेमा प्रहरीले सहयोग गर्नु पर्दछ। पक्षबीच मेलमिलाप भए समाजमा शान्ति सु-व्यवस्था कायम रहन्छ। समाजमा शान्ति सुव्यवस्था गर्नु उसको प्रमुख कर्तव्य पनि हो। तसर्थ पुनःस्थापकीय न्यायको लागि प्रहरीको भूमिका पनि महत्त्वपूर्ण हुन्छ।

### घ. पुनःस्थापकीय न्यायिक प्रक्रियामा समुदायको (नागरिक समाज) भूमिका

मानिसको सबै भन्दा महत्त्वपूर्ण थलो भनेको उसँग प्रत्यक्ष सरोकार राख्ने उसको समुदाय हो। समुदायले नै मानिसको व्यवहार आचरण प्रत्यक्ष रूपमा नियालिरहेको हुन्छ।समाजविनाको मानिस एक्लो, अधुरो, अपरिपक्व र निरीह हुन्छ। तसर्थ समाजका घटना/विवाद जस्ता कुरामा समाजले प्रत्यक्ष निगरानी राख्ने भएकोले पुनःस्थापकीय न्याय कार्यक्रमलाई प्रभावकारी बनाउन समाजको प्रमुख भूमिका रहन्छ। मुद्दा वा विवादका पक्ष पनि त्यही समाजको भएकोले पछि समाजमा पुनःस्थापना हुनु पर्ने वाध्यता पनि भएकोले पुनःस्थापकीय न्यायको प्रभावकारी कार्यान्वयनका लागि समाजको भूमिका पनि महत्त्वपूर्ण हुन्छ।

# भाग – तीन

## पुनःस्थापकीय न्यायसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संरचना र उत्तम अभ्यास

### ३.१ पुनःस्थापकीय न्यायसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी संरचना र त्यसमा भएका व्यवस्था

पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरू विश्वका धेरै देशले प्रयोग गरेका छन्। अस्ट्रेलिया र क्यानडाका दुर्गम क्षेत्रका समुदायहरूमा सजाय तोक्ने प्रक्रियामा सहभागी हुने मौलिक अनौपचारिक प्रचलन रहेको छ। अफ्रिकाका धेरै जसो देशहरू जहाँ सामाजिक उत्तरदायित्वको पुनःस्थापना, पीडक र पीडितबीच मेलमिलाप/सम्वाद र न्यायको भावनालाई प्रमुख उद्देश्य बनाइएको छ, त्यस्ता देशहरूमा प्रथाजनित कानून, न्यायप्रणालीको क्षमता विकासका लागि प्रयोग हुदै आइरहेका छन। पुनःस्थापकीय न्याय अन्तर्राष्ट्रिय रूपमा विस्तार हुँदै आइरहेको सम्बन्धमा देहायका अन्तर्राष्ट्रिय दस्तावेजमा पुनःस्थापकीय न्यायसम्बन्धी केही व्यवस्थाहरू उल्लेख भएको पाइन्छ।

### ३.१.१ फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त, २००२

संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्ले पुनःस्थापकीय न्यायको प्रक्रियालाई फौजदारी न्याय प्रणालीको प्रयोगमा ल्याउने सन्दर्भमा महत्त्वपूर्ण सिद्धान्तहरूलाई स्वीकार गरेको छ। जसलाई पुनःस्थापकीय प्रक्रियासम्बन्धी मार्गचित्र पनि भन्न सकिन्छ। परिषद्ले **फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त**लाई सन् २००२ मा पारित गरेको हो। पुनःस्थापकीय न्यायको प्रयोग गर्ने सम्बन्धमा यी सिद्धान्तहरूले सबैलाई मार्गदर्शन गरेका छन्। यसमा पुनःस्थापकीय प्रक्रियाको परिभाषा गरिएको छ। जसअनुसार पुनःस्थापकीय न्यायको प्रक्रिया भनेको त्यस्तो प्रक्रिया हो, जसमा पीडित, कसूरदार तथा अपराधबाट प्रभावित समुदायका सदस्यहरू अपराध र त्यसबाट उत्पन्न भएको परिणामको बारेमा सक्रीय रूपमा सहभागी भई विवादको समाधान गर्दछन्। यस प्रक्रियामा निष्पक्ष र स्वतन्त्र तेस्रो पक्षको सहायता लिइन्छ। यस भित्र मेलमिलाप, सम्मेलन र सजाय निर्धारण सम्बन्धी गोल बैठक आदि पर्दछन्।

पुनःस्थापकीय न्यायको सम्पूर्ण प्रक्रियामा परम्परागत कानून प्रणालीका औपचारिकताको अनुसरण भन्दा अनौपचारिक रूपमा सञ्चालन गरिन्छ। परम्परागत कानून प्रणालीका कार्यविधीगत औपचारिकता र जटिलताबाट यो मुक्त रहने हुँदा यो प्रक्रियामा सम्बन्धित सरोकारवाला पक्षहरूको मानव अधिकार हनन् हुन नहुने विषयमा समेत होसियारी राख्नुपर्ने हुन्छ। अनौपचारिकताको नाममा कानूनको उचित प्रयोग, निष्पक्षता र स्वच्छतालाई बेवास्ता गर्न मिल्दैन। विश्वका विभिन्न कानून प्रणाली अपनाउने देशहरूमा पुनःस्थापकीय न्यायको बढ्दो प्रयोगलाई व्यवस्थित गर्न, यसको प्रयोगमा एकरूपता ल्याउन, सम्बद्ध पक्षहरूको हितको संरक्षण गर्न र यो प्रक्रियाको गलत प्रयोग नहोस् भन्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको

आर्थिक तथा सामाजिक परिषद्ले **फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त, २००२** [१२] को घोषणा गरेको हो। यो आधारभूत सिद्धान्तले पुनःस्थापकीय न्यायको प्रयोगका सीमाहरू निर्धारण गर्नुका साथै सदस्य राष्ट्रहरूलाई पुनःस्थापकीय न्यायका प्रक्रियामा संलग्न हुने पक्षहरूको संरक्षणका उपायहरूको सिफारिस समेत गरेको पाइन्छ। जसमा निम्न लिखित बिषयहरू पर्दछन् :

- राष्ट्रिय कानूनको प्रावधान भित्र रहेर पीडक तथा पीडितलाई पुनःस्थापकीय न्यायको प्रक्रियाको अघि तथा पछि पनि कानून व्यवसायीको सल्लाह लिने अधिकार रहन्छ साथै आवश्यक परेको अवस्थामा अनुवादक वा दोभाषेको सहायता पाउने अधिकार समेत रहन्छ। यसका अतिरिक्त बालबालिकाको हकमा बाबुआमा वा संरक्षकको सहायता तथा सहयोग पाउने अधिकार रहन्छ।[१३]
- पुनःस्थापकीय न्याय प्रक्रियामा सहभागी हुनुअघि मुद्दाका पक्षहरूलाई आफ्नो अधिकार, पुनःस्थापकीय प्रक्रियाको प्रकृति र परिणामका सम्बन्धमा पूर्ण रूपमा सुसूचित गरिनुपर्दछ।[१४]
- पीडित तथा अपराध गर्ने व्यक्ति कसैलाई पनि दबाब वा अन्य गलत तरिकाबाट पुनःस्थापकीय न्यायको प्रक्रियामा सामेल हुन वा त्यसको परिणाम स्वीकार गर्न लगाउनु हुँदैन।[१५]
- राष्ट्रिय कानूनले आवश्यक ठानेको वा पक्षहरूले अनुमति दिएको अवस्थामा बाहेक पुनःस्थापकीय प्रक्रिया सम्बन्धी कारवाहीलाई गोप्य राख्नु पर्दछ।[१६]
- पुनःस्थापकीय प्रकियाबाट सम्झौता भई समाधान भएको विषय र अदालतको नियमित प्रक्रियाबाट फैसला भएको बिषयको हैसियत समान हुन्छ र यसले यसै विषयमा अन्य अभियोजनलाई अन्त्य गर्दछ।[१७]
- पुनःस्थापकीय प्रक्रियामा सामेल भएका पक्षहरूका बीचमा सम्झौता हुन नसकेमा सो मुद्दालाई अदालत वा सम्बन्धित निकाय समक्ष फिर्ता पठाउनुपर्दछ सो मुद्दाको निर्णय चाँडो गर्नुपर्दछ। मुद्दाका पक्षहरूका बीचमा सम्झौता हुन नसकेको कारणलाई प्रतिवादी विरुद्ध अभियोजनको आधार बनाइनु हुँदैन।[१८]
- पुनःस्थापकीय प्रक्रियाअन्तर्गत गरिएको कुनै सम्झौता कार्यान्वयन नभएमा पुनः सोही प्रक्रियामा पठाइनुपर्छ र चाँडो किनारा गरिनुपर्छ। यसलाई कसूरदार विरुद्ध कठोर सजायको आधार बनाइनु हुँदैन।[१९]
- पुनःस्थापकीय प्रक्रियाका सहजकर्ताले पक्षहरूको मर्यादालाई सम्मान गर्दै निष्पक्ष रूपमा आफ्नो कर्तव्य पूरा गर्नुपर्छ। पक्षहरूलाई मर्यादापूर्वक व्यवहार गर्ने अवस्था प्रत्याभूत गर्नुपर्छ।[२०]

---

[१२] Resolution 2002\12,E\2002\INF\2\ Add. 2, Par. 2, 3 & 4
[१३] Ibid para 13(a)
[१४] Id para 13(b)
[१५] Id para 13(c)
[१६] Id para 14
[१७] Id para 15
[१८] Id para 16
[१९] Id para 17
[२०] Id para 18

- पुनःस्थापकीय प्रक्रियामा सहजीकरण गर्ने सम्बन्धी आधारभूत प्रशिक्षण सहजकर्ताले लिनुका साथै समय समयमा सेवाकालीन प्रशिक्षण समेत लिनु पर्दछ। सहजकर्तालाई विवाद समाधान सम्बन्धी सीप प्रदान गर्नु, पीडित तथा अपराध गर्ने व्यक्तिको आवश्यकताको पहिचान गर्नु, फौजदारी न्यायप्रणालीको आधारभूत ज्ञान प्रदान गर्नु तथा पुनःस्थापकीय प्रक्रियाहरूको बारेमा विस्तृत ज्ञान दिनु सहजकर्तालाई दिइने प्रशिक्षणको उद्देश्य हुनुपर्दछ।[२१]
- पुनःस्थापकीय न्यायका प्रक्रियाको प्रभावकारिताको मूल्याङ्कन गर्न अनुसन्धान गर्ने, पुनःस्थापकीय प्रक्रियाको कुन प्रक्रिया बढी सफल देखिएको तथा कुन प्रक्रियालाई सम्बन्धित पक्षहरूले रुचाएको छ, जस्ता बिषयमा सदस्य राष्ट्रहरूले अनुसन्धानलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्दछ।[२२]

पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय दस्तावेज यही हो। पुनःस्थापकीय न्याय सम्बन्धमा अन्य सन्धि, महासन्धि, अनुबन्ध र प्रतिज्ञापत्रमा खासै उल्लेख गरेको पाईदैन तथापि देहायका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा केही पुनःस्थापकीय न्यायसम्बन्धी कानूनी व्यवस्था उल्लेख भएको पाइन्छः

३.१.२ मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

३.१.३ अपराध तथा अख्तियारको दुरुपयोगपीडितहरूको न्यायका आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्र १९८५ परिपूरणसम्बन्धी धारा ८, ९,१० र ११ क्षतिपूर्ति सम्बन्धी धारा १२ र १३

३.१.४ बन्दीहरूप्रति गर्नुपर्ने व्यवहारको संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली, १९५५ सामाजिक सम्बन्ध र पश्च-स्याहार सम्बन्धी नियम ७९, ८० र ८१

३.१.५ बन्दीहरूप्रति गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्तहरू, १९९०

३.१.६ अन्तरराष्ट्रिय मानवअधिकार कानूनको सघन उल्लङ्घन र अन्तरराष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनका पीडितहरूको उपचार तथा परिपूरणको अधिकारसम्बन्धी मूलभूत सिद्धान्त र मार्गदर्शन, २००५

३.१.७ Recommendation No. R (99) 19 of the Committee of Ministers to Member States Concerning Mediation in Penal Matters (युरोपेली व्यवस्था)

३.१.८ Council Framework Decision of 15 March 2001 on the Standing of Victims in Criminal Proceedings

३.१.९ Guidelines for a Better Implementation of the Existing Recommendation Concerning Mediation in Penal Matters

---

[२१] Id para 19

[२२] Id para 22

३.१.१० Council of Europe Committee of Ministers, Recommendation Rec (2006) 8 of the Committee of Ministers to Member States on Assistance to Crime Victims

३.१.११ हिंसात्मक अपराधका पीडितहरूको क्षतिपूर्ति सम्बन्धमा युरोपेली महासन्धि, १९८३

## ३.२ पुनःस्थापकीय न्यायसँग सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरु

पुनःस्थापकीय न्यायका विभिन्न प्रकारका अभ्यास र नमुनाहरू विभिन्न देशहरूमा प्रयोग भएको पाईन्छ। मुख्यतया पीडित-पीडक संवाद (Victim-Offender Dialogue), पारिवारिक समूह सम्मेलन (Family Group Conference) र सजाय निर्धारण गोलबैठक (Sentencing Circle) बढी प्रचलनमा रहेका छन्। ती अभ्यास र नमुनाहरू यस प्रकार छन्:

### ३.२.१ न्यूजिल्यान्ड

**पारिवारिक समूह सम्मेलन (Family Group Conference)**

यो आधुनिक पुनःस्थापकीय प्रक्रिया हो। न्यूजिल्याण्डमा सन् १९८९ मा कानून निर्माण गरी कानूनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूको मुद्दामा यसको प्रयोगको थालनी भएको पाइन्छ। यो पुनःस्थापकीय न्यायका अन्य प्रक्रिया मध्ये सबैभन्दा व्यवस्थित र संस्थागत प्रणाली पनि हो। यो प्रक्रियामा विवादको समाधान गर्न अपराधमा संलग्न बालबालिका तथा उनीहरूको परिवार संलग्न रहन्छन्। पारिवारिक समूह सम्मेलनको शुरुआत न्यूजिल्यान्डबाट भएता पनि वर्तमान समयमा संसारका धेरै देशहरूले यो प्रक्रियाको अवलम्बन गर्दै आईरहेको पाइन्छ। कतै यसलाई पारिवारिक समूहको निर्णय प्रक्रिया कतै पारिवारिक एकता बैठक आदि नामले पनि चिनिन्छ। पारिवारिक समूह सम्मेलनको शुरुआत बाल न्यायमा भएपनि हाल मानसिक स्वास्थ, शिक्षा तथा घरेलु हिंसाको क्षेत्रमा पनि यसको प्रयोग भइरहेको छ। पारिवारिक समूह सम्मेलनको सञ्चालन गर्न एक जना सहजकर्ता नियुक्त हुन्छन्। पारिवारिक समूह सम्मेलन मेलमिलापको प्रक्रियाभन्दा फरक हुन्छ। पारिवारिक समूह सम्मेलनमा पीडित, अपराधी, उनीहरूका परिवार तथा साथीहरू र समुदायका सदस्यहरूको पनि सहभागिता रहन्छ। ब्यावसायिक रूपमा प्रशिक्षित सहजकर्ताले विवादका पक्षहरूलाई मान्य हुने समाधान निकाल्छन् साथै अपराधको कारणहरू पत्ता लगाई फेरि अपराध नदोहोरिने उपायहरूको निकास सिफारिस गरिन्छ। पारिवारिक समूह सम्मेलनलाई विभिन्न देशहरूमा विभिन्न रूपमा प्रयोग गरिन्छ र तिनीहरूका आफ्नै विशेषताहरू भएपनि सामान्यतया पारिवारिक समूह सम्मेलनको मुख्य उद्देश्य सम्बन्धित परिवारसँग पीडित र पीडकको बारेमा सम्पूर्ण जानकारी हुनुका साथै उनीहरूले आफ्नो हितका बारेमा राम्ररी निर्णय गर्न आफ्ना समस्या र समस्याको पहिचान गर्न सक्दछन् भन्ने हो। जुन कुरा कानून कार्यान्वयन गर्ने निकायले गर्न सक्दैननन्। त्यसैले बालबालिकाको कल्याण र हितको संरक्षण गर्ने जिम्मा परिवार र समुदायलाई नै दिइनु पर्दछ भन्ने पुनःस्थापकीय प्रक्रियाको पारिवारिक समूह सम्मेलनको उद्देश्य हो।

पारिवारिक समूह सम्मेलनको सूत्रपात न्यूजिल्यान्डको बालबालिका सम्बन्धी ऐन, १९८९[२३] बाट भएको हो। न्यायाधीश डेभिड क्यरारूथले यसलाई न्युजिल्याण्डको आविष्कार र विश्वलाई उपहार[२४] भनी उल्लेख

[२३] Schmid, Donald J "Restorative Justice: A New Paradigm for Criminal Justice Policy (2003) VUWLawR w 4; 34(1)

गरेका छन्। न्यूजिल्यान्डमा बालन्याय सहजकर्ताले अपराध पीडित, अपराध गर्ने व्यक्ति र उसका परिवारसँग वार्ता गर्न आमन्त्रण गर्दछन्। प्रहरीलाई पनि यो सम्मेलनमा बोलाइन्छ। पारिवारिक समूहको सम्मेलन शुरू गर्नु भन्दा पहिले सबैको परिचय आदान प्रदान हुन्छ। त्यसपछि प्रहरीले तथ्यको प्रस्तुति सो सम्मेलनमा गर्दछन्, जसमा फौजदारी अपराध, अपराध गर्ने व्यक्तिको पृष्ठभूमि र उसँग सम्बन्धित आधारभूत सूचना प्रस्तुत गर्दछ र प्रहरीले प्रस्तुत गरेको सो तथ्यलाई उसले स्वीकार गर्छ कि गर्दैन भनी सोधिन्छ। अभियुक्तले कसूर स्वीकार गरेमा त्यसपछि पीडितलाई अपराधको कारणबाट उसलाई पुगेको आर्थिक क्षति तथा उमाथि परेको शारीरिक तथा मानसिक प्रभावका बारेका सोधिन्छ। यदि पीडित आफ्नो कुरा भन्न असमर्थ रहेको वा पारिवारिक समूह सम्मेलनमा उपस्थित हुन अनिच्छुक भएमा बालन्याय सम्बन्धी सहजकर्ताले पीडित बालकको तर्फबाट पठाइएको पत्र तथा अन्य लिखतहरू पढेर अपराधको कारणबाट पीडितमा कस्तो प्रभाब परेको छ भन्ने कुराको जानकारी अभियुक्त लगायत सम्मेलनमा उपस्थित परिवार र समुदायका सदस्यहरूमा गराईन्छ। पीडितलाई भएको पीडाको जानकारी भएपश्चात् माफी तथा अन्य प्रकारले पश्चात्ताप व्यक्त गर्ने काम अभियुक्तको तर्फबाट गरिन्छ। पारिवारिक समूह सम्मेलनका सहभागीहरूले पीडितलाई अपराधको कारणबाट पुग्न गएको पीडा तथा क्षतिको परिपूर्ति कसरी पूरा गर्ने, आर्थिक भुक्तानी कसरी गर्ने जस्ता विषयमा पनि छलफल गरी निष्कर्षमा पुग्दछन्। अपराध गर्ने व्यक्तिलाई आफूले गरेको कसूरजन्य कार्यको लागि कसरी जिम्मेवारीको बोध गराउने भन्ने सम्बन्धमा पनि सामूहिक निर्णय गरिन्छ।

### ३.२.२ क्यानडा

#### सजाय निर्धारण गोलबैठक (Sentencing Circle)

पुनःस्थापकीय न्यायका प्रक्रियाहरूलाई फौजदारी न्यायका विभिन्न चरणहरूमा प्रयोग गर्न सकिन्छ। फौजदारी मुद्दाको सुनुवाइ पूर्व, सुनुवाइका क्रममा पुनःस्थापकीय प्रक्रियाहरू प्रयोग गरिन्छ। सजाय निर्धारण गोलबैठक पनि यस्तै एउटा प्रक्रिया हो। सजायनिदान गोलबैठकको प्रक्रियामा समुदायका सदस्य तथा फौजदारी न्याय प्रशासनका सरोकारवालाहरूलाई सहभागी गराइन्छ। यो प्रक्रियालाई अर्को शब्दमा भन्दा समुदाय र फौजदारी न्यायप्रणालीका सरोकारवालाहरू बीचको सहकार्यको रूपमा समेत लिइन्छ। यसमा सजाय निर्धारणका क्रममा पीडित र पीडकको सहभागिता अन्य प्रक्रियाभन्दा कम हुन्छ। फौजदारी न्यायिक प्रक्रियामा सजाय निर्धारण गोलबैठकको प्रयोग सबैभन्दा पहिले क्यानडाबाट भएको हो र यसलाई अभियुक्तउपर सजाय निर्धारण गर्ने वैकल्पिक प्रक्रियाको रूप मानिन्छ।[२५] क्यानडाबाट यसको शुरुआत भएपनि यसको प्रयोग अन्य देशहरूमा पनि बढ्दै गईरहेको छ। खास गरी बालन्यायको क्षेत्रमा यसको प्रयोग गर्ने प्रचलन बढी छ। यो प्रक्रियाको सञ्चालन गर्दा न्यायाधीश, सरकारी वकिल, प्रतिरक्षी कानून

---

[२४] Ibid

[२५] Kay Pranis, Barry Stuart and Mark Wedge, *Peacemaking Circle: From Crime to Community*, St. Paul MN: (Living Justice Pres, 2003), 21

व्यवसायी, प्रहरी, पीडित तथा अपराध गर्ने व्यक्ति उनीहरूका परिवार तथा समुदायका सदस्यहरू गोलाकार रूपमा एक अर्काप्रति मुखामुख भएर बस्दछन्। यो खासगरी कसूरदारले कसूर स्वीकार गरेको अवस्थामा प्रयोग गरिन्छ। सहभागीहरूका बीच पीडितको आवश्यकताको पहिचान, समुदायलाई अपराधको असरबाट बचाउने उपाय तथा कसूर गर्ने व्यक्तिको पुनःस्थापना र उसलाई कसूर गरेवापत कति सजाय दिन उपयुक्त छ भन्ने सम्बन्धमा सामूहिक निर्णय गरी विवादको समाधान गरिन्छ। फौजदारी न्यायको सन्दर्भमा यो प्रक्रिया कानून कार्यान्वयन गर्ने निकाय र समुदायको सहकार्यको राम्रो उदाहरण हो।

### ३.२.३ संयुक्त अधिराज्य अमेरिका

अमेरिकामा पनि न्यूजिलैण्ड र क्यानडामा जस्तै पीडित-पीडक संवाद, पारिवारिक समूह सम्मेलन र सजाय निर्धारण गोलबैठक बढी प्रचलनमा छन्। अमेरिकामा विशेष गरी देहायका अभ्यासहरू प्रचलनमा रहेका छन्:

#### क. शैक्षिक क्षेत्रको विवाद समाधानमा

पुनःस्थापकीय न्यायको प्रयोग त्यहाँका विश्व विद्यालय, कलेज र स्कूलमा भएको पाइन्छ।प्रायजसो सबै विश्व विद्यालय, कलेज र स्कूलले शिक्षक र विद्यार्थी बीच, विद्यार्थी र विद्यार्थी बीच, विद्यार्थी र स्थानीय समाज (घर बेटी समेत) बीच हुने विवाद निरूपणमा यसको राम्रो प्रयोग गरेको पाइन्छ। उदाहरणको लागि भर्जिनिया राज्यको ईस्टर्न मेनोनाईट युनिभर्सिटी (Eastern Mennonite University) र जेम्स मेडिसन युनिभर्सिटी (James Madison University) मा यसको प्रयोग गरिएको छ।

#### ख. समुदायमा हुने विवाद समाधानमा

समुदाय विशेषमा हुने विवाद समाधानमा पनि यसको प्रयोग भएको पाइन्छ। विशेष गरी चर्चको सहयोगमा गैरसरकारी संस्थाहरूले स्थानीय समाजमा हुने घरेलु विवाद समाधानमा यसको प्रयोग गरेको पाइन्छ। भर्जिनिया राज्यको भर्जिनिया सेन्टर फर रेष्टोरेटिभ जष्टिसले माउन्ट भेर्नन ब्यापटिस्ट चर्चको सहयोगमा पारिवारिक एवम् सामुदायिक विवादको समाधान गरिरहेको पाइन्छ।

#### ग. कारागार भित्र बन्दी र पीडितका बीच सम्पर्क स्थापनामा

सामान्य फौजदारी अपराध देखि जघन्य अपराधमा बन्दी र पीडितबीच पनि पुनःस्थापकीय न्यायका कार्यक्रम लागू गरिएको पाइन्छ। सान्फ्रान्सिस्को राज्यको सान क्वेन्टिन कारागार यस्तै कार्यक्रम लागू गरिएको छ। जसमा बन्दी र पीडितबीच सम्वाद गराई पुनःस्थापकीय न्यायका कार्यक्रमको विशेषता र फाईदाका बारेमा जानकारी गराइन्छ।यो कार्यक्रम त्यहाँको जष्टिस इम्प्याक्ट नामक गैरसरकारी संस्थाले अभियानको रूपमा सञ्चालन गरिरहेको छ।

#### घ. पूर्वबन्दीको समाजमा पुनःस्थापनामा

जेलबाट छुट्न थोरै समय बाँकी भएका बन्दीहरूलाई लक्षित गरी अमेरिकी सरकारले नै जेलबाट छुट्ने बन्दीहरूका लागि रोजगारीको खोजी गरिदिने, आयमूलक सीप वा प्रशिक्षण दिने लगायतका कार्यक्रम सञ्चालन गर्ने गर्दछ। भर्जिनिया राज्यमा जेमिनसाफ्ट होमले यस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

### ङ. बाल न्यायमा

भर्जिनिया राज्यको हेनरिको काउन्टी जुभेनाइल कोर्ट हाउस र जुभिनाइल जस्टिस सेन्टरले दिशान्तरजस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। सान्फ्रान्सिस्को राज्यको आलामेडा काउन्टीको जुभेनाइल जस्टिस सेन्टरले पनि दिशान्तर कार्यक्रम सञ्चालन गरेको छ। यी दुवै काउन्टीमा बालसुधारगृहमा कानूनका द्वन्द्वमा परेका बालबालिकालाई राखी पुनःस्थापकीय न्यायका कार्यक्रमहरू सञ्चालन गरिएको छ।

## ३.२.४ अस्ट्रेलिया

अस्ट्रेलियामा पनि मुख्यतः सजाय निर्धारण गोलबैठक, पीडित–पीडक मेलमिलाप, युवा भेला, र वयस्क भेला बढी प्रचलनमा छन्। अस्ट्रेलियाका सबै राज्यमा एकै प्रकारका ढाँचा प्रयोगमा छैनन्। फरक फरक राज्यमा फरक फरक ढाँचाका पुनःस्थापकीय न्यायका कार्यक्रम प्रयोगमा छन्।

## ३.२.५ दक्षिण अफ्रिका

पुनःस्थापकीय न्यायको प्रयोग दक्षिण अफ्रिकामा उबुन्तु र अफ्रिकी रैथाने न्यायप्रणाली (अफ्रिकन इन्डिजेनस जस्टिस सिस्टम) अनुसार विवादको समाधान गरिन्थ्यो। अफ्रिकाका अन्य राष्ट्रहरूको जस्तै पुनःस्थापकीय न्यायको प्रयोग यहाँ पनि भएको पाइन्छ।

नयाँ संविधान जारी हुनुभन्दा पहिले यहाँ गोराहरूको राज्य सत्ता थियो। गोराहरूको राज्य सत्ताले काला जातिलाई रङ्गको आधारमा भेदभाव गर्ने रङ्गभेदका कारण १८४८ देखि १९९४ सम्म यहाँ कठोर युग कायम रह्यो। त्यसको अन्त्यका लागि भएका जनआन्दोलनपश्चात काला र गोरा बीच मेलमिलापका लागि सत्य तथा पुनर्मेल आयोग गठन गरियो र प्रजातान्त्रिक शासन व्यवस्थाको शुरुआत भयो।

यससँगै दक्षिण अफ्रिकाको लागि पुनर्मेल र पुनःस्थापकीय न्यायका आयामको पुनर्परिभाषा गर्नुपर्ने अवस्था आइपऱ्यो। यहाँको न्याय तथा संविधान विकास विभागको मुख्य दायित्व र रणनीतिक उद्देश्य त्यही हुन पुग्यो। अद्यापि यहाँ सम्पूर्ण नागरिकलाई न्यायमा पहुँच गराउनु ठूलो चुनौती छ। दक्षिण अफ्रिकामा पनि पीडित-पीडक संवाद, पारिवारिक समूह सम्मेलन र सजाय निर्धारण गोलबैठक बढी प्रचलनमा छन्।

## ३.२.६ नेपालको परम्परागत विवादसमाधान पद्धति र पुनःस्थापकीय न्याय

विश्वका सबै देश, समुदाय, जाति, धर्म एवम् संस्कृतिमा प्राचीनकालदेखि नै कुनै न कुनै रूपमा विवाद समाधानमा स्थानीय समुदायको संलग्नता र मेलमिलापको प्रयोग हुने गरेको पाइन्छ। धार्मिक समुदाय वा धर्म गुरुहरू, पण्डित, पादरी, समाजका प्रतिष्ठित व्यक्ति, अगुवा, पदीय एवम् सामाजिक दायित्व वोकेका व्यक्तिहरूले कुनै न कुनै रूपमा मेलमिलाप लगायतका विधिवाट विवाद समाधान गर्ने पद्धती विश्वमा

पाइन्छ। नेपालमा प्राचीनकालदेखि नै स्थानीय रूपमा उत्पन्न हुने विवादहरू सकभर न्यायिक निकायमा नलगी समाज वा स्थानीय निकायहरूवाटै समाधान गर्ने प्रचलन थियो।

नेपाल वहुजातिय, वहुभाषिक र वहुसांस्कृतिक विशेषता भएको मुलुक भएकोले विवाद समाधानमा पनि समुदाय र स्थान विशेषमा विभिन्न खालका मौलिक परम्परागत पद्धतिहरूको विद्यमानता पाइन्छ। गुठी, थकाली समाज, आमा समूह, पण्डित, धामी झाक्री, वैद्य, मठाधीश तथा गाउँका प्रतिष्ठित व्यक्तिहरूले सानातिना विवादहरू गाउँमै समाधान गर्ने गरेको पाइन्छ।

मुस्ताङको मुखिया प्रणाली, गुरुङ्ग जातीको तमुधी, थारुहरूको वड्घर, शेर्पाहरूको खादायांजी प्रणाली, राईहरूको शीर उठाउने, खत्वेहरूको पन्चेती, मण्डलहरूको पंचेती, मुसलमानहरूको मुल्ला पद्धति, नेवारहरूको मंका खल गुठी एवम् गुठियार सभा, लिम्वुहरूको चुम्लुङ आदि पद्धति प्रचलनमा भए तापनि तिनका केही कमजोरीका कारण लोप हुने स्थितिमा छन्। मेलमिलापभन्दा निर्णय र दण्डमा जोड दिनु, तटस्थता र निष्पक्षताको अभाव हुनु, कतिपय प्रक्रियाहरू मानवीय मूल्य र मानवअधिकारविपरीत हुनु, सहभागितामूलक र प्रजातान्त्रिक अभ्यासको अभाव हुनु, कानूनी ज्ञानको अभाव भएका कारणले समाजमा यी प्रथा पद्धति प्रभावविहीन हुदैछन्। यी पद्धतिमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई अपराधप्रति पश्चात्ताप गराई क्षमायाचना गराई समाजको उपस्थितिमा न्याय प्रदान गर्ने गरिन्थ्यो। यसर्थ त्यतिबेलादेखि नै नेपालमा पुनःस्थापकीय न्यायको सुरुवात् भइसकेको हो भन्ने मान्न सकिन्छ।

# भाग – चार

## पुनःस्थापकीय न्यायसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था

पुनःस्थापकीय न्यायलाई विभिन्न देशहरूले कानून नै बनाई पुनःस्थापकीय न्यायका कार्यक्रम सञ्चालन गरेका छन् तर नेपालमा हालसम्म पुनःस्थापकीय न्यायसँग सम्बन्धित कुनै छुट्टै कानून बनेको छैन। पुनःस्थापकीय न्यायको सिद्धान्तसँग मिल्ने केही व्यवस्था भएका राष्ट्रिय कानूनहरू भने भेटिन्छन्। त्यस्ता संवैधानिक तथा राष्ट्रिय कानूनी व्यवस्थाहरू यस प्रकार छन्।

### ४.१ संवैधानिक व्यवस्थाः

नेपालको संविधानमा पुनःस्थापकीय न्यायका कार्यक्रमलाई सहयोग पुग्ने केही प्रावधानहरू उल्लेख भएको पाइन्छ। ती प्रावधानको आधारमा पुनःस्थापकीय न्यायसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न मार्ग प्रशस्त गरेको देखिन्छ। ती व्यवस्थाहरू यस प्रकार छन्ः

**धारा २० न्यायसम्बन्धी हकः** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिनेछैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ।

तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

**स्पष्टीकरण** : यस उपधाराको प्रयोजनका लागि **"कानून व्यवसायी"** भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनुपर्छ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानवाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन।

तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिनेछैन।

(६) कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइनेछैन।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिनेछैन।

(८) प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाइको हक हुनेछ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निः शुल्क कानूनी सहायता पाउने हक हुनेछ।

**धारा २१. अपराधपीडितको हकः** १) अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराधपीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ।

**धारा २२. यातनाविरुद्धको हकः** (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिनेछैन।

(२) उपधारा (१) बमोजिमको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा ३८. महिलाको हकः** (१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ।

(३) महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिनेछैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा ३९. बालबालिकाको हकः** (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुव्र्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा ५१ राज्यका नीतिहरू**

**ट) न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति :**

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, (२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

............................................................................................।

यसरी देशको मूल कानून संविधानमा नै कसूर गर्दाको अवस्थामा कानूनमा तोकिए भन्दा बढी सजाय नहुने, कसूर प्रमाणित नभए सम्म कसूरदार नमानिने, प्रत्येक व्यक्तिलाइ आफू विरुद्धको कारवाही बारे जानकारी पाउने हक हुने, अपराध पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने जस्ता विषयहरु मौलिक हकको रुपमा रहेकाले पुनःस्थापकीय न्यायका सिद्धान्तहरू कार्यान्वयन गर्न मार्ग प्रशस्त गरेको देखिन्छ।

## ४.२ राष्ट्रिय कानूनी व्यवस्था

नेपालको कानूनी व्यवस्था र व्यवहारमा विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्न सकिने अवस्था भएतापनि फौजदारी विषयहरूमा औपचारिक न्यायिक प्रक्रियाको वैकल्पिक उपाय कानूनमा र अभ्यासमा आउन सकेको छैन। वस्तुतः प्रतिकारात्मक न्यायलाई जोड दिएको नेपालको फौजदारी न्यायप्रणालीमा मेलमिलाप एवम् मिलापत्र जस्ता पक्षहरू अवधारणात्मक रूपमा स्वीकारिएको पाइदैन। नेपालको फौजदारी न्यायप्रणालीमा सुधारात्मक दृष्टिकोण कमजोर अवस्थामा रहेको छ। सरकारवादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्न सकिने र द्वन्द्वकालमा घटेका केही फौजदारी विषयहरूमा मेलमिलाप गर्न सकिने गरी केही कानूनमा भएका व्यवस्थाहरूको प्रयोग प्रभावकारी हुन सकेको छैन। फौजदारी घटनासम्बन्धी विवादहरू केही समुदायहरूमा अनौपचारिक रूपमा गाऊँ समाजमा मिलाउने संस्कृति यद्यपि अभ्यासमा रहेको कुरा प्रकाशमा आउने गरेको छ। तथापि फौजदारी विषयमा अनौपचारिक रूपमा समाधान गरिने त्यस्ता पक्रियालाई कानूनी रूपमा मान्यता प्रदान गरिने गरिएको छैन।

आधुनिक रूपमा अगाडि सारिएको पुनःस्थापकीय न्यायको अवधारणा अनुसार नेपालको फौजदारी न्यायप्रणाली सञ्चालित नभएको पक्कै हो। पुनःस्थापकीय न्यायको अवधारणासँग ठ्याक्कै मिल्दो नदेखिए तापनि देहायका मौजुदा कानूनलाई सरसर्ती हेर्दा पीडित केन्द्रित केही व्यवस्थाहरू रहेको पाइन्छ। ती केही मिल्दा जुल्दा व्यवस्थाहरू यस प्रकार छन्।

**क. पीडकबाट पीडितलाई क्षतिपूर्ति दिलाउने वा भराइदिने प्रावधान भएका ऐन कानून**

यस सम्बन्धमा गाली र बेइज्जती ऐन, २०१६, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७, छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रतिलिपि अधिकार ऐन, २०५९, विद्युतीय कारोवार ऐन, २०६३, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ र मुलुकी ऐनको आगो लगाउनेको महल, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल, कुटपीटको महल, जबरजस्ती करणीको महल, विहावारीको महलको अध्ययन गरिएको छ। पुनःस्थापकीय न्यायको सिद्धान्त अनुसार पीडितले पीडक वा राज्यबाट क्षतिपूर्त प्राप्त गर्नुपर्दछ। पीडितको पीडालाई सम्बोधन गरिने पहिलो आधार भनेको उसलाई पर्न गएको पीडा वा क्षतिलाई कुनै न कुनै माध्यमबाट सम्बोधन गरिनु नै हो।

नेपालमा प्रचलनमा रहेको सबै ऐन कानूनहरूले पीडितलाई क्षतिपूर्ति भराउने पर्याप्त व्यवस्था गरेको पाइदैन। अभियुक्तलाई दण्ड वा सजाय तोकिनु नै पीडितलाई न्याय पऱ्यो भनेर बुझ्ने पद्धति विकास भएको छ। साथै पीडितलाई न्यायिक प्रक्रियामा समेत यथोचित रूपमा सहभागिता गराइएको पाइदैन। पीडितले आफ्नो मुद्दा के कुन चरणमा पुगेको छ, पीडकलाई कस्तो सजाँय मागदावी लिइएको छ, आदि कुराहरूको बारेमा जानकारी लिनको लागि समेत ठूलै कसरत गर्नु पर्ने न्याय पद्धति प्रचलनमा रहेको पाइन्छ। तथापि उपरोक्त विभिन्न ऐन कानूनले पीडितहरूलाई पर्न गएको क्षति वा पीडाका सम्बन्धमा केही मात्रामा भए पनि क्षतिपूर्तिको व्यवस्था गरी सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। कतिपय अवस्थामा पीडकबाट क्षतिपूर्ति प्राप्त गर्न नसकेमा त्यस्तो क्षतिपूर्ति राज्यबाट प्रदान गरिनुपर्ने व्यवस्था समेत भएको देखिन्छ। जवरजस्ती करणीको महल अन्तर्गतको कसूरमा पीडितले पीडकबाट क्षतिपूर्ति पाउने अवस्था नदेखिएमा महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराई दिने गरी आदेश गर्न सक्ने व्यवस्था गर्नुका साथै त्यस्तो आदेश भएमा तत्काल पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने गरी कानूनले व्यवस्था गरेको छ।

प्रचलित नेपाल कानूनमा पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य मान्यताहरू स्पष्ट रुपमा समावेश गरिएको देखिदैन। पीडितलाई पीडक वा राज्यको तर्फबाट क्षतिपूर्ति भराइ दिँदा वा दिलाउने प्रक्रियामा पीडित र पीडकका परिवारिका साथै समाजका व्यक्तिहरूलाई सम्मिलित गराई क्षतिपूर्ति निर्धारण गर्ने गरेको पाईदैन। अदालतबाट पीडितलाई क्षतिपूर्ति भराई दिने आदेश गर्दा पनि न्यायकर्ताले एकतर्फी रूपले क्षतिपूर्तिको रकम निर्धारण गर्ने कार्य पुनःस्थापकीय न्यायको मान्य प्रक्रिया अनुरुपको व्यवहार समेत देखिदैन।

यी ऐन कानूनअन्तर्गत पीडितलाई क्षतिपूर्ति दिलाउने प्रक्रियामा पीडक/पीडित र समाजको उपस्थितिको विषयमा कानून मौन छ। न्याय निरूपणको प्रक्रियामा निजहरूको उपस्थितिको बारेमा यी ऐन कानूनमा कही कतै उल्लेख भएको पाइदैन। तथापि न्यायकर्ताले सरोकारवाला सबै पक्षलाई संलग्न गराई क्षतिपूर्तिको रकम निर्धारण गरेमा कानूनतः कुनै बाधा पर्ने देखिँदैन। यदि सो प्रक्रियामा पीडित र पीडकका

परिवारका साथै समाजका व्यक्तिहरूको रोहबरमा क्षतिपूर्ति निर्धारण गर्ने अभ्यास गर्न सकेमा पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यता अनुरूप गरिएको भनि मान्न सकिन्छ।
*(उल्लिखित ऐन कानूनको सान्दर्भिक अंश अनुसूची १ मा उल्लेख गरिएको छ)*

**ख. सजाय स्थगन, सजायमा छुट वा सजायको मागदावीमा छुट दिने प्रावधान भएका ऐन कानून**
पुनःस्थापकीय न्यायले केवल पीडितका हक अधिकारका बारेमा मात्र व्यवस्था नगरी अभियुक्तका विविध अवस्थाहरूलाई समेत संवोधन गर्ने प्रयास गर्दछ। अनुसन्धानको क्रममा आफ्नो कसूर स्वीकार गरी अनुसन्धानमा सहायता गर्ने तथा आफूले अपराध गरेकोमा पश्चात्ताप गर्ने अभियुक्तलाई समाजमा पुनःस्थापना वा सामाजिकीरणका लागि योग्य बनाउने उद्देश्यका साथ अभियुक्तलाई हुने सजायमा छुट वा निजलाई हुने सजाय नै स्थगन गर्ने गरी निर्णय गर्न सकिने कानूनी व्यवस्थाहरू केही नेपाल कानूनमा रहेको देखिन्छ।

हिजोको समाजले अपराधलाई जुन ढङ्गबाट हेरेको थियो आज समाज परिवर्तनसँगै उक्त हेराई वा दृष्टिकोणमा परिवर्तन आएको छ। परिवर्तित दृष्टिकोणलाई प्रचलित ऐन कानूनले क्रमशः समेट्दै लैजान खोजेको देखिन्छ। नयाँ परिवर्तनले दावीको सौदावाजी (Plea Bargaining) सम्बन्धी अवधारणालाई समेटेको देखिन्छ। जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा कसूर गर्ने व्यक्ति जेष्ठ नागरिक भए निजलाई गरिने सजायमा केही छुट गर्न सकिने व्यवस्था समेत गरेको देखिन्छ। यी ऐन कानूनहरूमा विषेश गरी सजाय स्थगन र सजायको माग दावीमा छुटको व्यवस्था गरिएको छ। पीडकको सजाय स्थगन गर्दा वा सजायमा छुट दिँदा न्यायकर्ताको स्वविवेकले कानूनी व्यवस्था अनुसार सजाय निर्धारण गर्ने गरेको पाइन्छ। बालबालिका सम्बन्धी ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सजाय स्थगन, सजायमा छुट वा सजायको माग दावीमा छुट दिने व्यवस्था भएका ऐन कानून अन्तर्गत पर्दछन्।

बालबालिका सम्बन्धी मुद्दामा सम्बन्धित बालबालिकाको परिवार वा संरक्षक र सरोकारवालाको रोहमा न्यायिक प्रक्रिया सुरु गरिन्छ। तर अन्य ऐन कानूनको हकमा भने यस प्रक्रियामा पीडक/पीडित र समाजका प्रतिनिधिहरूको उपस्थिति विना नै न्यायकर्ताले निर्णय गर्दछन्।पीडकको सजाय स्थगन गर्दा वा छुट दिँदा पीडित/पीडक र समाजका प्रतिनिधिहरूको रोहबरमा मात्र निर्णय गर्नु पर्ने भनी कानूनमा स्पष्ट उल्लेख गरिएको पाइदैन। ती पक्षहरुलाई रोहमा राख्न कुनै कानूनले बाधा पुर्‍याएको भने देखिदैन। यो प्रक्रियामा पीडित र पीडकका परिवारिका साथै समाजका व्यक्तिहरूको रोहबरमा सजाय स्थगन वा छुट दिँने अभ्यास गर्न सकेमा पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यता अनुरूप गरिएको भनी मान्न सकिन्छ।
*(उल्लिखित ऐन कानूनको सान्दर्भिक अंश अनुसूची २ मा उल्लेख गरिएको छ)*

### ग. पुनःस्थापनाका लागि पीडित, पीडक र समुदायको संलग्नता आवश्यक भएका ऐन कानून

वास्तवमा अपराध दुई पक्ष वा समाज र अभियुक्तको सम्बन्धको बीचको उल्लङ्घन भएकोले पीडकलाई आफ्नो कसूरको अनुभूति गराई सोमा पश्चात्ताप गराउन लगाई उक्त समाजमा नै पुनःस्थापना गराउनु पर्ने हुन्छ भने पीडितलाई समेत पुनः त्यस किसिमको घटना घट्दैन भन्ने कुराको प्रत्याभूति दिलाई निजलाई पनि सुरक्षित रूपमै सोही समाजमा स्थापित गराउनु नै पुनःस्थापकीय न्यायको उद्देश्य हो। कुनै पनि व्यक्ति जन्मदै खराब वा असल जन्मने भन्ने हुदैन। खराब र असल उ हुर्के बढेको समाजको चरित्र अनुकूल हुने कुरा हो। आज खराब भएको व्यक्ति सदाका लागि खराब हुन्छ भन्न सकिदैन। खराब व्यक्तिलाई पनि सुधार गरी समाजमा नै पुनःस्थापना तथा सामाजिकीरण गर्ने प्रकृतिका कुराहरू न्यायको सिलसिलामा सान्दर्भिक हुन्छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५, मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसूर र सजाँय) ऐन, २०६६ मुलुकी ऐन दण्ड सजायको महल ११क र चोरीको महल ९ नं., १२ नं., १५ नं., १६ नं. मा पीडितलाई क्षतिपूर्ति र पीडित र कसूरदारको पुनःस्थापनाका विषयमा उल्लेख गरिएको छ। तथापि पुनःस्थापना गर्दा पीडक/पीडित र समाजको संलग्नतामा गरिने गरेको पाइदैन।राज्य संयन्त्र वा न्यायपालिकाबाट कानूनी संरचनामा उल्लेख गरिएको व्यवस्था अनुसार एकतर्फी रुपमा पुनःस्थापना वा क्षतिपूर्ति निर्धारण गरिन्छ। यो प्रक्रियामा पीडित र पीडकका परिवारका साथै समाजका प्रतिनिधिहरूको रोहबरमा क्षतिपूर्ति र पुनःस्थापना हुने अभ्यास गर्न सकेमा पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया अनुरूप कार्य सम्पन्न हुन सक्ने थियो।

*(उल्लिखित ऐन कानूनको सान्दर्भिक अंश अनुसूची ३ मा उल्लेख गरिएको छ)*

### घ. पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त र प्रक्रियालाई आत्मसात् गरेका ऐन कानून

**फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०६७ (प्रस्तावित)**

मुलुकी ऐन लगायत विभिन्न ऐनमा छरिएर रहेका फौजदारी कानूनसम्बन्धी विषयवस्तुहरुलाइ एउटै कानूनमा संग्रहित गरी नयाँ तर्जुमा गर्न लागिएको प्रस्तुत विधेयक पुनःस्थापकीय न्यायसम्बन्धी अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्य र मान्यता लगायतको समावेशीताले उक्त प्रस्तावित विधेयक आफैमा पुनःस्थापकीय न्याय कार्यान्वयनका लागि नै बनेको भन्ने हो जस्तो देखिन्छ। यस प्रस्तावित ऐनमा सजायको उद्देश्य विचार गर्नुपर्ने, बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरू, पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति, अपराध प्रतिको पश्चाताप, जरिवानाको सजाय निर्धारण गर्ने आधार, पीडित राहत कोष, सामुदायिक सेवा गर्न आदेश दिन सक्ने, प्यारोलमा राख्न सकिने, सामाजिकीकरण गराउनु पर्ने, कैद बापत श्रममा लगाउन सकिने, सुधारात्मक कार्यक्रम सञ्चालन, खण्डे सजाय, कैद कट्टा हुन सक्ने, प्रोवेशन तथा प्यारोल बोर्ड रहने, प्रोवेशन तथा प्यारोल बोर्डको काम, कर्तव्य र अधिकार, क्षतिपूर्ति भराइदिनुपर्ने, क्षतिपूर्ति तत्काल बुझाउनुपर्ने, क्षतिपूर्ति नतिरे कैद हुने, पीडित राहत/क्षतिपूर्ति कोष खडा गर्नु पर्ने, प्रोवेशन अधिकृत वा सामाजिक कार्यकर्ता तोक्ने  जस्ता पुनःस्थापकीय न्यायका मूलभूत विशेषतालाई समावेश गरिएको छ।

**फौजदारी कार्यविधि संहिता, २०६७ (प्रस्तावित)**

प्रस्तावित यस ऐनमा पनि पुनःस्थापकीय न्यायका अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्यमान्यता समावेश छन्। यस संहितामा खास किसिमका सानातिना कसूरमा मुद्दा दायर गर्न आवश्यक नहुने, पूर्पक्ष अघि वादी प्रतिवादीको बैठक गराउन सकिने, कैद बापत रकम तिर्न सकिने, निजी बिगो वा क्षतिपूर्ति भराउने कार्यविधि जस्ता प्रावधानहरू रहेका छन्।

**बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१**

यस ऐनमा पनि पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त, प्रक्रिया, मूल्यमान्यतामा आधारित पक्षहरु वीच मेलमिलाप गराउन सक्ने, पीडितको क्षति परिपूरणको लागि सिफारिस गर्ने आदि व्यवस्था उल्लेख गरिएको छ

*(उल्लिखित ऐन कानूनको सान्दर्भिक अंश अनुसूची ४ मा उल्लेख गरिएको छ)*

पुनःस्थापकीय न्यायको प्रक्रिया जुनसुकै न्यायिक निकायबाट सुरु भएको विवादमा न्याय निरूपणको क्रममा अवलम्वन गर्न सकिने प्रक्रिया हो। साना-साना अपराधदेखि जघन्य अपराधमा पनि कुनै न कुनै रुपमा यसलाई प्रयोग गर्न सकिने संभावना रहन्छ। माथि उल्लिखित ऐन कानून अध्ययन गर्दा पीडकबाट पीडितलाई क्षतिपूर्ति दिलाउने वा भराइदिने, पीडकको सजाय स्थगन, सजायमा छुट वा सजायको मागदावीमा छुट दिने र पुनःस्थापनाका लागि पीडित, पीडक र समुदायको संलग्नताको संभावनालाई स्वीकर गरेको देखिन्छ। पुनःस्थापकीय न्यायका केही प्रक्रियाहरू भएका ऐन कानूनहरुमा यसलाई न्यायाधीशको स्वविवेकमा भर पर्ने विषय बनाए जस्तो पनि देखिन्छ। क्षतिपूर्ति निर्धारण गर्दा वा सजायमा छुट दिँदा पीडित, पीडक र समुदाय वा सरोकारवालाको संलग्नतामा न्यायाधीशले निर्णय गर्ने गरेको पाइँदैन। न्यायाधीश वा निर्णय गर्ने अधिकारीलाई पीडित, पीडक र समुदाय वा सरोकारवालाको संलग्नतामा उक्त कार्य गर्न कुनै ऐन कानूनले स्पष्ट निषेध नगरेकोले यसतर्फ सबैको ध्यानाकर्षण हुनु पर्ने अवस्था छ।

# भाग – पाँच

# निष्कर्ष र सुझाव

परम्परागत फौजदारी न्यायप्रणाली अपराध पीडितलाई न्यायिक प्रक्रियामा सहभागी बनाउने, अपराध अनुसन्धानसम्बन्धी सूचना अपराध पीडितलाई दिने पीडितको आवश्यकता र बाध्यता वास्ता गर्ने, अपराध पीडितको पीडाको क्षति प्रदान गर्ने तथा कसूरदार र समाजको अवस्थाका सम्बन्धमा गहिराईमा पुगी सम्बोधन गर्ने जस्ता विषयमा उदासीन हुन्छ। घटनाका वास्तविक पीडित व्यक्तिको नजिक नपुग्ने, उनीहरूको समस्या नसुन्ने र उनीहरूलाई परेको पीडा वा क्षतिको सम्बन्धमा वास्ता नगर्ने भनी फौजदारी न्यायप्रणालीको आलोचना हुने गरेको छ। यही पृष्ठभूमीमा घटनाको वास्तविक कारण, प्रभाव र असरको मूल्याङ्कन गरी अपराध पीडितलाई आवश्यक न्याय प्रदान गर्न र अपराधीको सुधारमा जोड दिने गरी नयाँ उपायको रूपमा पुनःस्थापकीय न्यायको अवधारणा अगाडि आएको हो।यस सन्दर्भमा अध्ययन समूहले पुनःस्थापकीय न्यायसँग सम्बन्धित राष्ट्रिय कानूनी व्यवस्थाहरूको अध्ययन पश्चात देहायका निष्कर्ष तथा सुझाव औंल्याएको छ।

## ५.१ निष्कर्ष

पुनःस्थापकीय न्यायको प्रयोगबाट समाजमा वास्तविक न्याय प्रदान गरी समाजमा एकता, समन्वय र सद्भावको वातावरण सिर्जना गर्न सकिने हुन्छ। बालबालिका संलग्न भएका कसूरजन्य कार्यमा फरक न्यायप्रणाली अवलम्बन गरिने विश्वव्यापी मान्यता रहेको र यसलाई विभिन्न महासन्धि, दिग्दर्शन र नियमहरूले व्यवस्था गरिरहेको सन्दर्भमा बाल न्याय प्रशासनमा दिशान्तर र पुनःस्थापकीय न्यायका अवधारणा अवलम्बन गर्न प्रारम्भ भएको हो। आपराधिक घटना, कसूरदार, पीडित र यससँग सम्बन्धित समुदायको सम्बन्धमा फरक ढङ्गले हेरिने गरी आवश्यक व्यवस्थाहरू गरिएका कारण बाल न्यायप्रशासनमा पुनःस्थापकीय न्यायको विशेष महत्व रहन गएको छ। पुनःस्थापकीय न्यायको प्रयोग बालबालिका संलग्न मुद्दामा मात्र हुने नभई परम्परागत फौजदारी न्यायप्रणालीका कमजोरीहरू हटाउन, पीडितलाई परिपूरण गराउन, अपराध पीडित र कसूरदारलाई समाजमा पुनःस्थापना गराउन, पीडितको पीडा कसूरदारलाई समेत अनुभव गराउन, पीडकलाई आफ्नो कार्यप्रति वास्तविक रूपमा जिम्मेवारी महसुस गराई पश्चात्ताप गराउन, पीडितको पीडाको क्षतिपूर्ति दिलाउन र समाजमा ऐक्यबद्धता तथा सामाजिक सद्भाव कायम गराउन नै पुनःस्थापकीय न्यायको आवश्यकता परेको हो। यिनै आवश्यकता परिपूर्तिको लागि न्यायप्रणालीले पुनःस्थापकीय न्यायको मूल्य र मान्यतालाई आफूमा समाहित गर्नु पर्दछ।

## ५.२ नेपालमा पुनःस्थापकीय न्यायको कार्यान्वयनका चुनौतीहरु

पुनःस्थापकीय न्यायप्रणाली सामाजिक सुव्यवस्था कायम गर्ने दृष्टिले निकै आकर्षक देखिए पनि यसका आफ्नै सीमा र चुनौतीहरू रहेका छन्। सबै कसूर र सबै अवस्थामा यो प्रणाली अवलम्बन गर्न नसकिने हुन्छ। यो प्रक्रिया मूलतः पक्षहरूको स्वेच्छामा भर पर्दछ। विवादका कुनै पक्ष यसको लागि तयार नभएमा यो प्रक्रिया अपनाउन नसकिने हुन्छ। पुनःस्थापकीय न्यायप्रणालीले औपचारिक न्यायप्रणालीलाई पूरै विस्थापित गर्ने पनि होईन। यसैले पुनःस्थापकीय न्यायले मौजुदा फौजदारी न्यायप्रणालीलाई विस्थापित गर्ने नभई सहयोगी वा परिपूरकको रुपमा पक्षपोषण गर्ने मात्र हो। यस अर्थमा हामी कहाँ देखिएका प्रमुख चुनौतीहरु देहायबमोजिम रहेका छन्:

**क. पुनःस्थापकीय न्यायसम्बन्धी स्पष्ट कानूनको अभाव**

पुनःस्थापकीय न्यायका सन्दर्भमा सबै मुलुकमा समान किसिमको कानून र अभ्यास रहेको छैन। तर पनि यसका लागि स्पष्ट कानूनी व्यवस्था हुनु आवश्यक छ।हाम्रो सन्दर्भमा मौजुदा केही ऐन कानूनमा पुनःस्थापकीय न्यायका सीमित अंश प्रत्यक्ष एवम् परोक्ष रूपमा छिटपुट व्यवस्था गरिएको पाइन्छ। उपरोक्त व्यवस्थाहरू पनि बढीमात्रामा पीडितलाई क्षतिपूर्ति दिलाउने कुरामा मात्र लक्षित रहेको पाइन्छ। यदाकदा कानूनमा परेको व्यवस्थाहरू प्रयोगमा पनि पीडित, पीडक, समुदाय र अन्य निकायहरूको भूमिका स्पष्ट उल्लेख नगरिएको अवस्था देखिन्छ। पुनःस्थापकीय न्याय सम्बन्धी स्पष्ट कानूनको अभावमा कानूनमा रहेका छिटपुट व्यवस्थाहरु पनि पुनःस्थापकीय न्यायका स्वीकृत प्रक्रिया अनुसार कार्यान्वयनमा ल्याउने चुनौती रहेको छ।

**ख. पुनःस्थापकीय न्यायबारे अवधारणागत अस्पष्टता**

पुनःस्थापकीय न्यायप्रणाली आफैमा नवीनतम् धारणा हो। पुनःस्थापकीय न्यायप्रणालीका प्रक्रियाहरू, मूल्य, मान्यता, आदर्श, आवश्यकता, यसका सकारात्मक प्रभाव आदि बारेमा नेपालमा सर्वसाधारण र फौजदारी न्यायप्रणालीका अवयवहरूमा अवधारणागत स्पष्टता कायम भैसकेको छैन।अवधारणागत अस्पष्टताका कारणले नै यस प्रणालीको प्रयोगमा सरोकारवाला निकायहरू पुनःस्थापकीय न्यायको प्रयोग प्रति सकारात्मक बन्न बाँकी छ। पुनःस्थापकीय न्यायको प्रयोग सम्बन्धमा प्रारम्भिक छलफलको शुरुआत भईनसेकेकोले पनि यो प्रणालीको बारेमा अवधारणागत स्पष्टता कायम गर्नु पहिलो चुनौती देखिएको छ।

**ग. पुनःस्थापकीय न्यायको प्रक्रियामा पठाउने सिफारिस संयन्त्र (*रिफरल मेकानिज्म*)को अभाव**

कुनै पनि फौजदारी कसूर सम्बन्धी घटना भएपश्चात् सो कसूरमा संलग्न कसूरदार, पीडित र समुदायलाई उनीहरूको स्वेच्छाले पुनःस्थापकीय न्यायको प्रक्रिया अपनाउन छलफल र कुराकानीका लागि प्रशिक्षण प्राप्त सहजकर्ता वा यस सम्बन्धी सेवा केन्द्रहरूमा पठाउनुपर्ने हुन्छ।तर मौजुदा नेपाल कानूनले पुनःस्थापकीय न्यायको प्रक्रियामा पठाउने सिफारिस संयन्त्रको बारेमा कुनै पनि व्यवस्था गरेको पाइदैन। पुनःस्थापकीय न्यायमा कस्तो कार्यक्रम र ढाँचा अपनाएर विवादको समाधान गर्ने हो सो को स्पष्ट खाकाको अभावका साथै कुन कुन निकायबाट

यस सम्बन्धमा अभ्यासहरू सञ्चालन गरिन्छ भन्ने कुराको कानूनी स्पष्टता नभएको कारण पुनःस्थापकीय अभ्यास गर्ने संयन्त्रको अभाव देखिन्छ।

**घ. सीपयुक्त मानवस्रोतको अभाव**

नेपालमा पुनःस्थापकीय न्यायलाई कार्यान्वयन गराउन सक्षम् सहजकर्ता वा सीपयुक्त जनशक्तिको अभाव रहेको छ। सीपयुक्त सहजकर्ताको अभावमा प्रभावकारी ढङ्गले पुनःस्थापकीय न्यायका कार्यक्रम कार्यान्वयन गर्न सकिदैन। मेलमिलापकर्ताले पुनःस्थापकीय न्यायका कार्यक्रमलाई सहजीकरण गर्न सक्ने नसक्ने सम्बन्धमा समेत स्पष्टता छैन।

**ङ. कतिपय अपराधमा यसको प्रयोगको उपयुक्तता सम्बन्धमा अन्योल**

केही यस्ता अपराध छन् जसमा पुनःस्थापकीय न्यायका कार्यक्रम लागु गर्न सकिदैन र गर्नु हुन्न भन्ने मान्यता पनि पाइन्छ। यस विषयमा पुनःस्थापकीय न्यायका अभियन्ता मानिएका देशहरूमा पनि विवाद रहेको पाइन्छ। गंभीर फौजदारी अपराध, पटके कसूर, महिला विरुद्धको अपराध जस्ता संवेदनशील कसूर अपराधमा पुनःस्थापकीय न्याय प्रासंगिक हुन्छ कि हुदैन र हुन्छ भने के कुन चरण वा सन्दर्भमा प्रासंगिक वा उपादेय हुन्छ भन्ने विषयमा कानूनी स्पष्टता कायम हुन आवश्यक छ।

## ५.३ सुझाव

उपर्युक्त निष्कर्ष, समस्या र चुनौतीका आधारमा अध्ययनसमूहले पुनःस्थापकीय न्यायको कार्यान्वयनका लागि देहायका सुझावहरू प्रस्तुत गरेको छ।

**क. पुनःस्थापकीय न्याय सम्बन्धी कानूनको तर्जुमा**

पुनःस्थापकीय न्यायको व्यवहारिक प्रयोगका लागि यसका सारभूत सिद्धान्त र कार्यविधिगत प्रावधान सहितको कानून निर्माण अनिवार्य हुन्छ। कानूनी प्रावधान अन्तर्गत रहेर नै पुनःस्थापकीय न्यायका कार्यक्रम सञ्चालनलाई सशक्त र प्रभावकारी पार्न सकिन्छ। पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमको प्रयोगका आधारभूत सिद्धान्तहरू,२००२ को धारा २० ले पनि प्रत्येक मुलुकले यस किसिमको नीति एवम् कानून बनाउनु पर्ने व्यवस्था गरेको छ। उदाहरणका लागि पुनःस्थापकीय न्यायको प्रयोग सम्बन्धमा अस्ट्रेलियामा पुनःस्थापकीय न्याय ऐन, २००४ नामको एकीकृत ऐन बनेको छ। तसर्थ नेपालमा पुनःस्थापकीय न्यायिक अभ्यासको लागि आवश्यक कानूनको अभाव रहेकाले आवश्यक कानूनहरू तर्जुमा गर्नुपर्छ।

**ख. पुनःस्थापकीय न्याय सम्बन्धी अवधारणागत स्पष्टता**

पुनःस्थापकीय न्याय सम्बन्धी अवधारणागत अस्पष्टतालाई स्पष्ट पार्न पुनःस्थापकीय न्यायको सिद्धान्त अवधारणा, प्रक्रिया, कार्यविधि आदिका बारेमा न्यायाधीश, अदालतका कर्मचारी, सरकारी वकिल, प्रहरी, अधिवक्ता वा कानून व्यवसायीलाई लक्षित गरी कार्यशाला, गोष्ठी, सेमिनार, प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। यसका साथै पुनःस्थापकीय न्याय सम्बन्धी प्रकाशनका माध्यमबाट अवधारणागत अस्पष्टता हटाउन सहयोग पुग्ने देखिन्छ। यसको लागि देशका विभिन्न भागमा पुनःस्थापकीय सेवा केन्द्र स्थापना गर्नु उपयुक्त देखिको छ।

**ग. पुनःस्थापकीय न्यायको प्रक्रियामा पठाउने सिफारिस संयन्त्र (रिफरल मेकानिज्म)को व्यवस्था**

उपयुक्त मुद्दालाई पुनःस्थापकीय न्यायको प्रक्रियामा पठाउने स्पष्ट सिफारिस संयन्त्रको अभावले गर्दा हालको अवस्थामा पुनःस्थापकीय न्यायका कार्यक्रमहरूलाई कार्यान्वयन गर्न कठिन देखिएको छ। यो प्रणालीलाई प्रयोगमा ल्याउन कानूनमा नै स्पष्टरूपमा मुद्दालाई पुनःस्थापकीय न्यायको प्रक्रियामा पठाउने स्पष्ट सिफारिस संयन्त्र वा पुनःस्थापकीय सेवा केन्द्र स्थापना गर्ने प्रावधान रहनु पर्दछ। हाल कार्यान्वयनमा रहेका मेलमिलाप केन्द्रलाई पनि विकल्पको रूपमा प्रयोग गर्न सकिने संभावनालाई हेरिनु पर्दछ। पुनःस्थापकीय न्यायको कार्यान्वयनका लागि स्पष्ट सिफारिस संयन्त्र कानूनमा नै व्यवस्था हुनु आवश्यक छ।

**घ. सीपयुक्त मानवस्रोतको प्रबन्ध**

मेलमिलापकर्ताले विवाद समाधानमा पक्षहरूलाई सहजीकरण मात्र गर्दछन्। मेलमिलापकर्ताको भूमिका निश्चित सिद्धान्त र प्रक्रियामा आधारित हुन्छ। तर पुनःस्थापकीय न्यायका लागि प्रभावकारी भूमिका खेल्न सक्ने दक्ष सहजकर्ताको आवश्यकता पर्दछ। यसका लागि विशेष प्रशिक्षण प्राप्त सहजकर्ता तयार गरिनुपर्छ। न्यायिक सुधारको यो अभियानलाई प्रभावकारी बनाउन आधारभूत अभिमुखीकरण र प्रशिक्षण प्रदान गरी पर्याप्त संख्यामा सहजकर्ता तयार गर्नु आवश्यक छ। यसबमोजिमको दक्ष एवम् सीपयुक्त जनशक्ति उपलब्ध भएपछि मात्र यस पद्धतिको अभ्यास देशभरै अगाडि बढ्न सक्दछ।

**ङ. पुनःस्थापकीय न्यायको प्रक्रिया अवलम्वन गर्न उपयुक्त मुद्दको पहिचान**

सबै मुद्दामा पुनःस्थापकीय न्यायको प्रयोग एकै रुपमा कार्यान्वयन गर्न सकिने हुदैन। मुद्दाको प्रकृति, कसूरको परिणाम, क्षतिको परिमाण, कसूरको अवस्था आदि विभिन्न आधारमा कुनै पनि मुद्दालाई पुनःस्थापकीय न्याय अन्तर्गत सम्वोधन गर्न सकिने हो होईन भनी निधो गर्नु पर्ने हुन्छ।

यस सम्बन्धमा विद्वानहरूका बीचमा मतैक्य पाईदैन। उदाहरणका लागि घरेलु हिँसा, महिला विरुद्धका हिँसा जस्ता कसूरको हकमा कसैले पुनःस्थापकीय न्यायको प्रक्रिया प्रयोग गर्नै नसकिने धारणा राखेका छन् भने केहीले अवलम्बन गर्ने हो भने पनि सावधानीपूर्वक अवलम्बन गर्नुपर्ने धारणा व्यक्त गरेका छन्। यसै सिलसिलामा अष्ट्रेलियाको भिक्टोरियन कानून सुधार आयोगले २००६ मा पारिवारिक हिंसा र यौन अपराधमा पनि यसको अवलम्बन गर्न सकिने जनाएको छ।

तर यो कुरा सघन शोध अनुसन्धानमा आधारित भएर गरिने उपयुक्त ढाँचाको विकासमा निर्भर गर्ने उसको निचोड छ।[२६] यसैले नेपालमा यसलाई कसरी अवलम्बन गर्ने भन्ने बारेमा स्पष्ट पारिनुपर्छ। पुनःस्थापकीय न्याय अन्तरगतको प्रक्रिया अपनाउन सकिने र त्यस्तो प्रक्रिया अपनाउन उपयुक्त नहुने मुद्दाको पहिचान गर्न आवश्यक देखिएको छ।

---

२६ Victorian Law Reform Commission, *Review of Family Violence Laws: Report* (2006), 84.

# सन्दर्भ सामग्रीहरु


पुस्तकहरु :

- Braithwaite, John. *Restorative Justice and Responsive Regulation*. New York: Oxford University Press, 2001.
- Galaway, Burt, and Joe Hudson. *Restorative Justice: International Perspectives.* Monsey, NY: Criminal Justice Press, 1996.
- Johnstone, Gerry. *Restorative Justice: Ideas, Values, Debates*. Devon, UK: Routledge, 2011.
- Johnstone, Gerry. *Restorative Justice Reader: Texts, Sources, Context* Portland, OR: Willan Publishing, 2003.
- Johnstone, Gerry, and Daniel W. Van Ness, eds. *Handbook of Restorative Justice*. Devon, UK: Willan Publishing, 2006.
- MacRae, Allan, and Howard Zehr. *The Little Book of Family Group Conferences: New Zealand Style.* Intercourse, PA: Good Books, 2004.
- Pranis, Kay, Barry Stuart, and Mark Wedge. *Peacemaking Circles: From Crime to Community*. St. Paul, MN: Living Justice Press, 2003.
- Sharpe, Susan. *Restorative Justice: A Vision for Healing and Change*. Edmonton: Edmonton Victim Offender Mediation Society, 1998.
- Strang, Heather, and John Braithwaite. *Restorative Justice: From Philosophy to Practice*. Burlington, USA: Ashgate, 2002.
- Umbreit, Mark S. *The Impact of Restorative Justice.* St. Paul, MN: Center for Restorative Justice & Mediation, 1997.
- Van Ness, Daniel .W., H. Zehr, and C. Cunneen. *Restorative Justice: Theoretical Foundations.* Cullompton, Devon, UK: Willan Publishing, 2002.
- Walgrave, Lode, (eds.) *Repositioning Restorative Justice*, Portland, OR: Willan Publishing, 2003.
- Zehr, Howard. *Changing Lenses: A New Focus for Crime and Justice*. Scottdale, PA: Herald Press,1990.
- Zehr, Howard. *The Little Book of Restorative Justice*. Intercourse, PA: Good Books, 2002.
- Zehr, Howard and Barb Toews (eds.). *Critical Issues in Restorative Justice***.** Cullompton, Devon, UK: Willan Publishing, 2004.

अन्तरराष्ट्रिय कानुनी दस्तावेजहरु :

- UN Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law (2005)
- Recommendation No. R (99) 19 of the Committee of Ministers to Member States Concerning Mediation in Penal Matters
- Council Framework Decision of 15 March 2001 on the Standing of Victims In Criminal Proceedings
- Guidelines for a better implementation of the existing Recommendation Concerning Mediation In Penal Matters
- Council of Europe Committee of Ministers, Recommendation Rec(2006)8 of the Committee of Ministers to Member States on Assistance to Crime Victims
- स्वतन्त्रताबाट बञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमहरू, १९९०

- बाल न्याय प्रशासनसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डका नियमहरू (बेइजिङ नियमहरू), १९८५
- फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त, २००२
- UN Guidelines on Justice in Matters involving Child Victims and Witnesses of Crime, 2005
- Lima Declaration on Restorative Juvenile Justice, 2009
- बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

**नेपाली संवैधानिक तथा कानूनी दस्तावेजहरु :**

- नेपालको संविधान
- मुलुकी ऐन, २०२१
- मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- वैदेशिक रोजगार ऐन, २०६४
- बालबालिकासम्बन्धी ऐन, २०४८
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६४
- उपभोक्ता संरक्षण ऐन, २०५४
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- वातावरण संरक्षण ऐन, २०५३
- केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- सर्वोच्च अदालत नियमावली, २०४९
- पुनरावेदन अदालत नियमावली, २०४८
- जिल्ला अदालत नियमावली, २०५२
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९
- बालबालिकासम्बन्धी विधेयक (प्रस्तावित), २०६८

**वेबसाईट तथा अन्य स्रोतहरु :**

- http://www.justice.govt.nz/policy/criminal-justice/restorative-justice/documents/restorative-justice-overview.pdf
- http://www.justice.govt.nz/publications/global-publications/r/restorative-justice-in-new-zealand-best-practice/documents/RJ%20Best%20practice.pdf
- http://www.justice.govt.nz/policy/criminal-justice/restorative-justice/restorative-justice-in-new-zealand

- http://scholarship.law.duke.edu/cgi/viewcontent.cgi?article=1631&context=faculty_scholarship
- http://crcvc.ca/docs/restjust.pdf
- http://laws-lois.justice.gc.ca/PDF/C-46.pdf
- http://www.aic.gov.au/media_library/publications/rpp/rpp127.pdf
- Canadian Criminal Code, 1985
- New Zealand Sentencing Act, 2002
- New Zealand The Parole Act, 2002
- New Zealand the Victims' Rights Act, 2002
- New Zealand The Corrections Act, 2004

# अनुसूची १

## पीडकबाट पीडितलाई क्षतिपूर्ति दिलाउने वा भराइदिने प्रावधान भएका ऐन कानून

**१. गाली र बेइज्जती ऐन, २०१६**

**दफा १२ क्षतिपूर्ति :** कसैले कसैलाई गाली वा बेइज्जती गरेको ठहरिएमा गाली वा बेईज्जती गरिएको व्यक्तिलाई निजको सामाजिक प्रतिष्ठा र इज्जत समेतलाई विचार गरी मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिब माफिकको रकम क्षतिपूर्तिको रूपमा भराई दिनेछ र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनेछ। मरिसकेको कुनै व्यक्तिलाई बेइज्जती गरेको ठहरिएमा सो बेईज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति खर्चको रकम दिईनेछ।

---

**२. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७**

**दफा ६ दण्ड सजायः** (१) यस ऐन बमोजिम कारवाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा अनुसार दश हजार रुपैयाँसम्म जरिवाना गर्न र पिडित पक्षलाई कसूरदारबाट बिगो बमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिव कारण देखिएमा थुन्नु पर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ। यस्तो मुद्दा तीन महीना भित्र फैसला गरिसक्नु पर्नेछ।तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्नु पर्ने देखिएमा प्रमुख जिल्ला अधिकारीले एक वर्षसम्म कैद गर्न सक्नेछ।

(२) मुद्दा हेर्ने अधिकारीले पहिलो पटकको कसूर भए कसूर हेरी उप-दफा (१) बमोजिम सजाय नगरी कसूरदारलाई अब उप्रान्त यस्तो कसूर गर्ने छैन भन्ने कागज गराई छाड्न सक्नेछ।

---

**३. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८**

**दफा ३३ क्षतिपूर्ति पाउनेः** यस ऐन बमोजिम जफत गरिएको प्रकाशन, प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नठहरेमा वा जुन अभियोग बापत जफत भएको हो सो अभियोग प्रमाणित नभएमा प्रकाशक वा धनीले नेपाल सरकारबाट निम्नानुसार क्षतिपूर्ति पाउने छः

(क) मूल्य तोकिएको प्रकाशन जफत भएकोमा त्यस्तो प्रकाशन बिक्री गर्दा प्रकाशक वा धनीले पाउन सक्ने वास्तविक मोल बराबरको रकममा नबढाई, तर किताबको हकमा प्रकाशक वा किताब धनीले किताब फिर्ता बुझी लिएमा क्षतिपूर्ति पाउने छैन।

(ख) मूल्य किटान नभएको अन्य सामग्रीको हकमा त्यस्तो सामग्री प्राप्त वा प्रकाशित गर्दा व्यहोर्नु परेको वास्तविक मूल्यमा नबढाई।

---

**४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९**

**दफा १६० (४):** दफा १२८ (सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने) विपरीत हुने गरी काम कारबाही गर्ने गराउने व्यक्तिलाई पच्चिस हजार रुपैयाँसम्म जरिवाना वा पाँचवर्ष सम्म कैद वा दुवै सजाँय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम दिलाउन सक्नेछ।

**दफा १६०(५):** दफा १६५ विपरीत हुने गरी काम कारवाही गर्ने गराउने व्यक्तिलाई एकहजार रुपैयाँ जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम दिलाउन सक्नेछ।

**दफा १६३(१) घा खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिने :** सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनुपर्छ।

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च वापत पचासहजार रुपैया सम्म र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम।

(ख) अंगभंग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अंगभंग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अंग काम लाग्ने भए घा खर्च बापत पच्चीस हजार देखि पचास हजार रुपैयासम्म।

**दफा १६३(२) :** सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च र क्षतिपूर्ति रकम र अंगभंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा १ बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनुपर्छ।

**दफा १६३(३):** उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोट पटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधि खर्च वापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट दुईहजार रुपैयाँसम्म दिलाई दिनुपर्छ। त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टि गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

**५. वातावरण संरक्षण ऐन, २०५३**

**दफा १७ क्षतिपूर्ति दिन सक्ने:** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनि, ताप वा फोहर मैलाको सृजना वा निष्काशन गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी हुन गएमा त्यस्तो कामबाट प्रभावित व्यक्ति वा संस्थाले सो काम गर्ने व्यक्ति, संस्था वा प्रस्तावकसँग कुनै क्षतिपूर्ति भराउन चाहेमा सोही व्यहोरा खुलाई तोकिएको अधिकारी

समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन र सो ठाउँको वस्तुस्थिति समेतलाई जाँचबुझ गर्दा कुनै व्यक्ति संस्था वा प्रस्तावकले सृजना वा निष्काशन गरेको प्रदूषण ध्वनि, ताप वा फोहरमैलाबाट कुनै व्यक्ति वा संस्थालाइ प्रतिकूल प्रभाव परी कुनै हानी नोक्सानी पर्न गएको प्रमाणित भएमा तोकिएको अधिकारीले त्यस्तो काम गर्नेबाट सम्बन्धित व्यक्ति वा संस्थालाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**६. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३**

**दफा ४ क्षतिपूर्ति दिइने**ः नेपाल सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई यस ऐन बमोजिम क्षतिपूर्ति दिइनेछ।

**दफा ६ (१) उजुरीमा कारबाही र क्षतिपूर्ति** : दफा ५ बमोजिम परेको उजुरीको सम्बन्धमा जिल्ला अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई कारबाही गर्नेछ र त्यस्तो उजूरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई नेपाल सरकारबाट एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिने निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्दा बदनियत चिताई उजुरी दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो उजूरी दिने व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**दफा ८ क्षतिपूर्तिको रकम निर्धारण** : दफा ६ को उपदफा (१) को प्रयोजनको निमित्त क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायका कुराहरूलाई ध्यानमा राखी निर्धारण गर्नु पर्नेछः

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता।

(ख) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास।

(ग) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व।

(घ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च।

(ङ) यातनाको कारणबाट पीडित व्यक्तिको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यहरूको संख्या र तिनीहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च।

(च) पीडित व्यक्तिले दाबी गरेका कुराहरू मध्ये उचित र उपयुक्त देखिएका कुराहरू।

### ७. उपभोक्ता संरक्षण ऐन, २०५४

**दफा २२ क्षतिपूर्तिको दाबी गर्न सक्नेः** यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनैपनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ता वा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने क्षतिपूर्ति भराई पाउँ भनी क्षतिपूर्ति समिति समक्ष त्यसरी हानी नोक्सानी पुगेको पैतिस दिनभित्र उजूरी गर्न सक्नेछ।

**दफा २४ क्षतिपूर्ति दिलाउने :** दफा २२ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजूरी उपर छानबिन गरी क्षतिपूर्ति समितिले उपभोक्तालाई हानी नोक्सानी पुग्न गएको ठहर गरेमा हानी नोक्सानीको आधारमा क्षतिपूर्ति वापतको रकम उपभोक्ता वा निजको हकवालालाई दिलाउनेछ।

### ८. प्रतिलिपि अधिकार ऐन, २०५९

**दफा २७ संरक्षित अधिकारको उल्लङ्घन गरेमा दण्ड सजायः** (१) कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार दश हजार रुपैयादेखि एकलाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र दोस्रो पटकदेखि पटकैपिच्छे बीस हजार रुपैयादेखि दुई लाख रुपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाँय हुनेछ। त्यसरी प्रकाशन वा पुनरुत्पादन गरेको वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेछ।

(२) संरक्षित अधिकारको उल्लङ्घन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई परेको नोक्सानीको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ।

**दफा २८ अनाधिकार प्रतिलिपि पैठारी गरेमा सजाय :** कसैले दफा २६ उल्लङ्घन गरी कुनै रचनाको अनाधिकार प्रतिलिपिहरू पैठारी गरेमा त्यस्ता प्रतिलिपिहरू जफत गरी निजलाई कसूरको मात्रा अनुसार दश हजार रुपैयादेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतिपूर्ति समेत सो पैठारी गर्ने व्यक्तिबाट भराई दिनुपर्नेछ।

### ९. विद्युतीय कारोवार ऐन, २०६३

**दफा ५८क. क्षतिपूर्ति भराई दिनेः** यस परिच्छेद बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानी नोक्सानी विचार गरी न्यायाधिकरणले कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिन सक्नेछ।

### १०. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

**दफा ९ अन्तरिम राहत तथा उद्धार सम्बन्धीः** (१) पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउँदा वा उद्धार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई तत्कालै अन्तरिम राहत उपलब्ध गराउन वा उद्धार गर्न सम्बन्धित निकायलाई आदेश गर्नेछ।

**दफा १६ क्षतिपूर्ति सम्बन्धी व्यवस्था :** (१) दफा १२ बमोजिम छानबिन तथा अनुसन्धानबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति दिनु पर्ने देखिएमा आयोगले दफा १५ बमोजिम निर्णय गर्दा सो कुरा समेत खुलाई निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको निर्णयमा क्षतिपूर्तिको किसिम, परिमाण वा रकम निर्धारण भएको हुनु पर्नेछ।

(३) आयोगले उपदफा (२) बमोजिम रकम निर्धारण गर्दा पीडित व्यक्तिको अवस्था हेरी बढीमा तीन लाख रुपैयासम्म निर्धारण गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मानव अधिकारको उल्लङ्घन भएको सम्बन्धमा पीडित व्यक्तिले अन्य प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाएको वा क्षतिपूर्तिका लागि कारबाही अगाडि बढाएको भएमा आयोगले क्षतिपूर्ति सम्बन्धमा कुनै निर्णय गर्ने छैन।

(५) यस दफा बमोजिम क्षतिपूर्ति दिने निर्णय गर्दा लिनुपर्ने आधार र क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

**११. मुलुकी ऐन, आगो लगाउनेको महल**

**१० नं.** घरमा आगो लगाउदा चौपाया र धनमाल परी नोक्सान भएकोमा मोल बिगो खुलेमा सोही बमोजिम र नखुलेकोमा पञ्चकृति मोल गराई आगो लगाई दिने काम गर्ने गराउनेका जायजातबाट भराई दिनुपर्छ।

---

**१२. मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल**

**१२ नं.** यस महलको १, २ वा ३ नं. बमोजिम कसूर गरे गराएको कुरा प्रमाणित हुन आएमा मुद्दा हेर्ने अड्डाले पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सो कसूर गर्ने गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई कसूर भएको दिनदेखि प्रत्येक दिन कम्तिमा पाँच सय रुपैयाँको दरले क्षतिपूर्ति समेत भराई दिनुपर्छ।पीडित व्यक्तिको मृत्यु भइसकेकोमा त्यस्तो क्षतिपूर्ति निजको नजिकको हकदारले पाउँछ। अपहरण गर्ने वा शरीर बन्धक लिने व्यक्तिले छुटकारा रकम (फिरौती) वा अन्य कुनै लाभ लिइसकेको रहेछ भने सो समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराई त्यस्तो व्यक्तिलाई यस महल बमोजिम हुने सजायको अतिरिक्त बिगो बमोजिम जरिवाना समेत गर्नुपर्छ।

---

**१३. मुलुकी ऐन, कुटपीटको महल**

**६ नं.** अंगभंग खतमध्ये दृष्टिविहीन बनाएको, महिलाको स्तन काटेको वा महिलालाई बाझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएको खतमा जुनसुकै एक खत गरेपनि सो गर्नेलाई तीनलाख रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। ती खतहरू बाहेक अंगभंगको अरू खतमध्ये जुनसुकै एक खत गरेपनि सो गर्नेलाई दुईलाख रुपैया जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। एउटै किसिमको काम लिने एउटा भन्दा बढी अंग हुनेमा सो मध्ये एउटा अंगमात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ। सो खत निको भई काम लाग्ने भएमा भने एकलाख रुपैया जरिवाना र दुई वर्ष कैद गर्नुपर्छ। यसरी जरिवाना वापत प्राप्त पूरै रकम पीडितलाई घा खर्च वापत दिइनेछ।

**२५ नं.** कुटाई माग्नेलाई दिलाउने भराउने कुराका सम्बन्धमा यस महलको ३, ६ नम्बरमा लेखिएको कुरा सोही बमोजिम र अरूमा कुटपीट गर्नेबाट असुल भएको जरिवानाको यस महलको ७, ८ नम्बरमा लेखिए बमोजिमको कुटपीटको हकमा आधा र अरूमा तीन खण्डको एक खण्ड कुटाइ माग्नेलाई घा खर्च वापत दिनुपर्छ।

**२५क. नं.** यस महल बमोजिम कसूरबाट पर्न गएको पीडाको मात्रालाई विचार गरी अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुपैयासम्म क्षतिपूर्ति भराई दिन सक्नेछ।

## १४. मुलुकी ऐन, जबरजस्ती करणीको महल

**९ख** लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको विषयमा परेको उजुरीको प्रारम्भिक छानवीनबाट स्वास्नीलाई तत्काल वा मुद्दा किनारा नहुँदासम्म संरक्षण दिन आवश्यक देखिएमा अदालतले लोग्नेको नाममा देहायको आदेश जारी गर्न सक्छः

स्वास्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, स्वास्नीलाई खान लाउन दिन, कुटपीट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन ..........................................................................१

स्वास्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन........... .........२

दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा लोग्नेलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा स्वास्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउने.........................३

स्वास्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र स्वास्नीको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ........................................................ ......................४

**१०नं.** कसैले कुनै महिलालाई जवरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहऱ्याए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसूरको गम्भीर्यता, कसूरबाट पीडित ब्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ।

**१०ग. नं** कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ। त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ।

## १५. मुलुकी ऐन, विहावारीको महल

**४ नं.** कसैले पनि देहायको अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुदैन। झुक्याई गरेको विवाह सो विवाह गर्ने कुनै व्यक्तिले मन्जुर नगरेमा बदर गराउन सक्छ। झुक्याई विवाह गरे वा गराएमा दुई बर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुन्छ। त्यस्तो जरिवानाको रकम क्षतिपूर्ति स्वरूप झुक्यानमा पर्नेलाई भराई दिनुपर्छ।

# अनुसूची २

## सजाय स्थगन, सजायमा छुट वा सजायको मागदावीमा छुट दिने प्रावधान भएका ऐन कानून

| |
|---|
| १. बालबालिका सम्बन्धी ऐन, २०४८<br>**दफा ५० (१) मुद्दाको तहकिकात तथा सजायको स्थगन** : प्रचलित कानून बमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाँउलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पूर्पक्ष गर्ने आदेश दिन सक्नेछ।<br><br>**दफा ५० (२)**: कसूरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नु पर्ने गरी तोक्न सक्नेछ। यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्यत्र कुनै कसूर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ। |
| २. भ्रष्टाचार निवारण ऐन, २०५९<br>**दफा ५५ सजायको मागदावीमा छुट हुनसक्ने** : यस ऐन बमोजिमको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ। तर निजले गरेको सहयोग अन्य सबूद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ। |
| ३. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३<br>**दफा १२ कैद सजायमा छुट दिन सक्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नगरिकलाई निजको उमेर र |

कसूरको अवस्था हेरी देहायबमोजिमको कैद छुट दिन सकिनेछः-

क) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाँघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म

ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म

ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्नेछ।

उपदफा (२) बमोजिम हेरचाह केन्द्रमा राख्नेसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४**

**दफा ४१ सजायको मागदावीमा छुट हुन सक्ने** : यस ऐन बमोजिमको अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ।

तर निजले गरेको सहयोग अन्य सबुत वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकृतलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ।

**दफा ४४ घ. न्यूनतम खर्च दिन सकिने** : (१) कसूरको अनुसन्धान गर्दा वा मुद्दाको कारबाही गर्दा कुनै व्यक्तिको सम्पूर्ण सम्पति यस ऐन बमोजिम रोक्का भएको रहेछ र निज र निजसँग आश्रित अन्य व्यक्तिको जीवनयापनको लागि अर्को कुनै उपाय वा स्रोत रहेनछ भने त्यसरी रोक्का रहेको सम्पत्ति मध्येबाट त्यस्ता व्यक्तिलाई न्यूनतम रूपमा जीवनयापन गर्नको लागि आवश्यक पर्ने सम्पत्ति उपलब्ध गराउन अदालतले विभागलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएकोमा विभागले त्यस्तो सम्पत्ति त्यस्तो व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

# अनुसूची ३

## पुनःस्थापनाका लागि पीडित, पीडक र समुदायको संलग्नता आवश्यक भएका ऐन कानून

---

**१. स्थानीय स्वायत्त शासन ऐन, २०५५**

**दफा ३७ निर्णय गर्ने प्रक्रियाः** (१) मध्यस्थले आफू समक्ष पेश भएको मुद्दामा यथासम्भव सम्बन्धित पक्षहरूको बीच वार्ता गराई मिलापत्र गराउनेछ।

(२) उपदफा (१) बमोजिम पक्षहरूको बीच मिलापत्र गराउन नसकेमा त्यस्तो मुद्दामा मध्यस्थले दफा ३६ बमोजिम आफ्नो अधिकार क्षेत्रको प्रयोग गरी निर्णय गर्नेछ।

---

**२. मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

**दफा १३ पुर्नस्थापना केन्द्रः** १) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनःस्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यक्ता अनुसार पुनःस्थापना केन्द्र स्थापना गर्नेछ।

२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनःस्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ।

३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ।

४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रूपमा पुनःस्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ।

५) केन्द्रले पीडितलाई आवश्यक्ता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नुपर्नेछ।

६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुदैन।

७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालीम तथा रोजगारी, पुनःस्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**दफा १४ पुनःस्थापना कोषः** १) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनःस्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसूरदारबाट ऐनको दफा १७ को उपदफा १(क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनःस्थापना कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन :

---

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वेदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम

(ग) दफा १५ बमोजिम भएको जरिवाना बापत प्राप्त हुने रकमको आधा रकम

(३) पुनःस्थापना कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ।

**दफा १७ (१क)**: उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिम पुनःस्थापना कोषबाट पीडितलाई क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ।

**दफा २१ सजायको माग दावीमा छुटः** (१) यस ऐन बमोजिमको कसूर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ।

तर, निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबी छुट दिन सकिने छैनः

क) मुख्य अभियुक्तलाई सजायको मागदाबी छुट दिन,

ख) बालबालिका बेचविखन वा ओसारपसार गरेकोमा,

ग) एकपटक सजाय छुटको सुविधा पाईसकेको।

**दफा २३ समिति गठन गर्न सक्नेः** (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने पीडितलाई पुनःस्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्था बीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यक्तानुसार जिल्ला समिति गठन गर्न सक्नेछ।

**३. घरेलु हिंसा (कसूर र सजाँय) ऐन,२०६६**

**दफा ४ उजुरी गर्ने :**

.................................................................।

(४) प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(५) स्थानीय निकायमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्नेछ। स्थानीय निकायले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

(७)..........................................................।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिन भित्र दुवै पक्ष बीच मेलमिलाप गराइदिनु पर्नेछ।

**दफा ९ उपचारको रकम पीडकले व्यहोर्नेः** (१) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ।

**दफा १० क्षतिपूर्ति दिलाइदिनेः** पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराईदिन सक्नेछ।

**दफा ११ सेवा केन्द्रः** (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ।

(४) सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोबैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

(५) सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**दफा १२क. संरक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने :** (१) घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक

जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षण अधिकृत नियुक्त नभएसम्म उपलब्धताको आधारमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो दफा प्रारम्भ भएको दुई महिनाभित्र कुनै महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतको रूपमा काम गर्ने गरी तोक्नेछ।

**दफा १२ख. निशुल्क कानूनी सहायता उपलब्ध गराउनेः** नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ।

## ४. मुलुकी ऐन, दण्ड सजायको महल

**११क.** मुद्दा डिसमिस गराए बापत कैदको सजाय भएकोमा त्यस्तो कैदको एक दिनको पच्चिस रुपैयाँका दरले रुपैयाँ बुझाएमा कैद गर्नु पर्दैन। रुपैयाँ बुझाएमा बुझी लिई कैदमा कैदको लगत कट्टा गरिदिनुपर्छ। यसै महलको ११ नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन बर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसूरदार ठहरी अड्डाले कैदमा राख्न मानसिब नठहऱ्याएमा एक दिनको पच्चिस रुपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसूरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्नेछ। सो बमोजिम कसूरदारले रुपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरी दिनु पर्दछ।

माथि दफा २ बमोजिम कैद वापतको रुपैयाँ बुझाउन पाउने गरी फैसला गर्दा अड्डाले कसूरदारसँग फेरी त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालन गर्नेछु भनी कागज गरेमा र सो मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै अपराध गरेमा सो कसूरदारलाई पहिलेको फैसला बमोजिमको कैद समेत थपी सजाय गरिने छ र अड्डाले पहिलेको फैसला बमोजिम कैद वापत बुझाएको रकम फिर्ता गर्ने आदेश दिन सक्नेछ।

विहावारीको महलको १० नम्बर बमोजिम सजाय हुनेमा माथि २ दफा बमोजिमको व्यवस्था लागू हुने छैन।

## ५. मुलुकी ऐन,चोरीको महल

**९ नं.** प्रहरीमा सूचना नदिदै जवर्जस्ती चोरी, रहजनी वा डाँका गर्ने वा अघि चोरीमा सजाय पाएको चोर बाहेक अरू चोरलाई छाडेमा धनीलाई बात लाग्दैन। जुनसुकै अवस्थामा पनि धनीले आफ्नो लिनुपर्ने बिगो चोरलाई माफ दिन्छ भने माफीको कागज लेखाई सजायको हकमा ऐन बमोजिम हुन्छ। चोरलाई पक्री आफ्नो बिगोमा लिखत गराएको रहेछ भने कपाली सरह हुन्छ।

**१५ नं.** यसै महलको १२, १३, १४ नम्बर बमोजिम कसूरदारलाई सजाय गर्दा सरकारी कर्मचारी वा माल धनीले पक्राउ गरी वा पत्ता लगाई बरामद भएको बाहेक मुद्दा फैसला नहुँदै सो कसूरदारले बिगो दाखिल गऱ्यो वा उपर गराई दियो भने सो बमोजिम दाखिल वा उपर भए जति बिगोको हकमा सो नम्बरहरूमा लेखिए बमोजिम जरिवाना नगरी सो बिगोको दशौंद मात्र जरिवाना गर्नुपर्छ।

# अनुसूची ४

## पुनःस्थापकीय न्यायको अवधारणा, आधारभूत सिद्धान्त र प्रक्रियालाई आत्मसात् गरेका ऐन कानून

---

**१. फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०६७ (प्रस्तावित)**

**दफा १३ सजायको उद्देश्य विचार गर्नुपर्ने** : अदालतले सजाय निर्धारण गर्दा देहायका कुनै वा सबै उद्देश्यलाई विचार गरी निर्धारण गर्नु पर्नेछः

(क) कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,

(ख) समाज वा समुदायलाई सुरक्षा गर्ने,

(ग) पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,

(घ) कसूरदारलाई समाजमा पुनःस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,

(ङ) कसूरदारलाई समाजबाट अलग राख्ने,

(च) कसूरदारलाई आफ्नो कार्यप्रति जिम्मेवार बनाई पीडित व्यक्ति वा समुदायलाई हानी नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने।

**दफा १६ बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरू** : (१) बालबालिकालाई सजाय गर्दा देहायका कुराहरू समेत विचार गर्नु पर्नेछः

(क) निजको सर्वोत्तम हित,

(ख) कसूरको गंभीरता र दोषीपनाको मात्रा,

(ग) निजको व्यक्तिगत परिस्थिति,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि व्यक्तिगत परिस्थिति भन्नाले बालबालिकाको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसूरको किसिम, कसूरबाट पुग्न गएको हानी नोक्सानी र कसूर गर्नुको उद्देश्य समेतका कुरा सम्झनुपर्छ।

(घ) पीडितलाई दिने प्रस्ताव गरिएको क्षतिपूर्ति

(ङ) अपराध प्रतिको पश्चताप

(च) असल र उपयोगी जीवन जीउने चाहना।

**दफा १८ जरिवानाको सजाय निर्धारण गर्ने आधार** : (१) कुनै कसूरमा जरिवानाको सजाय निर्धारण गर्दा यस ऐनमा उल्लिखित अन्य कुराका अतिरिक्त त्यस्तो कसूर र जरिवानाको अधिकतम र न्यूनतम हद विचार गरी निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जरिवाना निर्धारण गर्दा देहायका कुराहरू समेतलाई विचार गर्नु पर्नेछ।

(ग) कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ,

---

(ङ) पीडितलाई तिर्नु पर्ने क्षतिपूर्ति रकम,

(ज) पीडित राहत कोषमा रकम जम्मा गराउनु पर्ने भए त्यस्तो रकम।

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनका लागि पीडित राहत कोष भन्नाले दफा ४८ बमोजिमको पीडित राहत कोष सम्झनुपर्छ।

**दफा २२ सामुदायिक सेवा गर्न आदेश दिन सक्ने** : (१) छ महिनासम्म कैद सजाय निर्धारण भएको कसूरदारलाई निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थिति, कसूर गर्दा अपनाइएको तरिका समेतलाई विचार गर्दा निजलाई कैदमा राख्न उपयुक्त नदेखिएमा वा त्यस्तो कसूरमा अदालतले उपयुक्त ठहऱ्याएको अवधि कैदमा बसेपछि बाँकी अवधिको लागि अदालतले निजलाई सामुदायिक सेवा गर्न आदेश दिन सक्नेछ।

(२) कसूरदारले सामुदायिक सेवा गर्न मन्जुर गरेमा मात्र अदालतले सामुदायिक सेवाको आदेश दिनेछ।

(३) यस दफाको प्रयोजनका लागि देहाय बमोजिमको कार्यलाई सामुदायिक सेवा मानिनेछ :

(क) निःशुल्क रूपमा सार्वजनिक काम गर्ने

(ख) निःशुल्क रूपमा अस्पताल, वृद्धाश्रम, अनाथाश्रममा सेवा गर्ने,

(ग) निःशुल्क रूपमा वातावरण संरक्षण सम्बन्धी काम गर्ने,

(घ) निःशुल्क रूपमा सार्वजनिक वा सामुदायिक विद्यालयमा अध्यापन वा सेवा गर्ने,

(ङ) निःशुल्क रूपमा खेलकूद प्रशिक्षण गर्ने, गराउने,

(च) निःशुल्क रूपमा कुनै परोपकारी संघ संस्थाहरूमा काम गर्ने,

(छ) अदालतले तोकिदिएको उपचरात्मक वा सुधारात्मक संघ संस्थामा उपस्थित हुने र सो संस्थाले लगाए अऱ्हाएको काम गर्ने।

**दफा २९ प्यारोलमा राख्न सकिने** : (१) एक वर्ष भन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसूरदारलाई प्यारोलमा राख्न सकिने छैन :
तर देहायका कसूरदारलाई प्यारोलमा राख्न सकिने छैन :

(क) जन्मकैदको सजाय पाएको,

(ख) भ्रष्टाचारको कसूरमा सजाय पाएको,

(ग) जवरजस्ती करणीको कसूरमा सजाय पाएको,

(घ) मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूरमा सजाय पाएको।

(२) उपदफा (१) बमोजिम प्यारोलमा रहेको अवधिमा पालना गर्नु पर्ने शर्त प्यारोल बोर्डले तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्यारोलमा रहेको कसूरदारले उपदफा (२) बमोजिमको शर्त पालना गरेमा निजलाई तोकिएको कैद सजाय भुक्तान भएको मानिनेछ।

(४) उपदफा (१) बमोजिम प्यारोलमा रहेको कसूरदारले उपदफा (२) को शर्त पालना नगरेमा वा सो अवधिमा कैद सजाय हुने कुनै कसूर गरेमा निजले निजलाई तोकिएको कैद सजाय कारागारमा बसी

भुक्तान गर्नु पर्नेछ।

(५) प्यारोल सम्बन्धी अन्य व्यवस्था यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम हुनेछ।

**दफा ३० सामाजिकरण गराउनु पर्ने :** (१) यस ऐन तथा कानूनमा जुनसुकै कुरा उल्लेख भए तापनि एक वर्ष भन्दा बढी अवधिको कैद सजाय पाई कैद भुक्तान गरी रहेका र राम्रो आचरण भएको कसूरदारलाई निजलाई तोकिएको कैद अवधि भुक्तान हुनु भन्दा ६ महिना अगाडि देहायको कामको लागि कारागारले मासिक वा दैनिक रूपमा कारागारबाट छोढ्न सक्नेछ :

(क) पारिवारिक पुनर्मिलन,

(ख) सामाजिक, साँस्कृतिक सम्बन्ध स्थापना,

(ग) सामाजिक एकीकरण तथा पुनःस्थापना,

(घ) व्यवसाय वा रोजगारी गर्न,

(ङ) सीपमूलक वा रोजगारमूलक तालीम लिन।

(२) उपदफा (१) बमोजिम कारागारबाट छोड्दा त्यस्तो कसूरदारले पालना गर्नु पर्ने शर्तहरू समेत तोकिदिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कारागारबाट छोड्दा कति अवधि र कति समय निजले त्यस्तो काममा बिताउनु पर्ने हो सो समेत खुलाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्यारोलमा छोडिएको व्यक्तिले आफूले गरेको कार्यको सम्बन्धमा साप्ताहिक रूपमा सम्बन्धित कारागारमा प्रतिवेदन पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम प्यारोलमा छोडिएको व्यक्तिले उपदफा (२) मा उल्लिखित शर्त पूरा नगरेमा वा कैद सजाय हुने अर्को कसूर गरेमा निजले पुनः कारागारमा नै बसी कैद अवधि भुक्तान गर्नु पर्नेछ।

**दफा ३१ कैद बापत श्रममा लगाउन सकिने :** (१) तीन वर्ष वा सो भन्दा बढी सजाय पाएको अठार वर्ष भन्दा बढी उमेरको र शारीरिक रूपमा स्वस्थ्य रहेको कसूरदारले चाहेमा निजलाई सार्वजनिक कामको श्रममा लगाउन सकिनेछ।

(२) उपदफा १) बमोजिम सार्वजनिक कामको श्रममा लगाइएको कसूरदारले प्रति तीन दिन श्रम गरे वापत थप एक दिनको दरले निजको कैद सट्टा हुनेछ।

**दफा ३३ सुधारात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने :** (१) कैद सजाय भोगीरहेको बन्दीको आचरण सुधार गर्नलाई कारागारले सीप, शिक्षा तथा रोजगारमूलक, नैतिक, अनुशासनात्मक, आध्यात्मिक लगायतका सुधारात्मक कार्यक्रम तथा उपायहरू सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिएको कार्यक्रम तथा उपायबाट बन्दीको आचरणमा प्यारोल बोर्डमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) सुधारात्मक कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**दफा ३७ कैद कट्टा हुन सक्ने :** देहायका कसूरदार बाहेकका कसूरदारको कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले तीन चौथाई कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय तोकिए बमोजिम कट्टा हुन सक्नेछ :

(क) जन्म कैदको सजाय पाएको,

(ख) जबरजस्ती करणी सम्बन्धी कसूरमा सजाय पाएको,

(ग) भ्रष्टाचार सम्बन्धी कसूरमा सजाय पाएको,

(घ) मानव बेचविखन तथा ओसार पसार सम्बन्धी कसूरमा सजाय पाएको,

(ङ) अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा सजाय पाएको,

(च) सेवन बाहेकको लागू औषधको कसूरमा सजाय पाएको।

**दफा ३८ प्रोवेशन तथा प्यारोल बोर्ड रहने :** (१) कैद सजाय पाएका कसूरदारको सामाजिक पुनःस्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनको लागि देहाय बमोजिमको एक केन्द्रीय प्रोवेशन तथा प्यारोल बोर्ड रहनेछ :

(क) महान्यायाधिवक्ता - अध्यक्ष

(ख) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) नेपाल सरकारले तोकेको मनोचिकित्सक - सदस्य

(ङ) महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(च) महानिर्देशक, कारागार व्यवस्थापन विभाग - सदस्य- सचिव

(२) केन्द्रीय प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला प्रोवेशन तथा प्यारोल बोर्ड रहनेछ :

(क) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय - सदस्य

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) प्रमुख, जिल्ला अस्पताल - सदस्य

(घ) नेपाल सरकारले तोकेको मनोचिकित्सक - सदस्य

(ङ) कसूरदारलाई पुनःस्थापना गर्ने काममा संलग्न व्यक्ति वा संस्थाहरू मध्येबाट जिल्ला प्यारोल बोर्डले तोकेको सामाजिक कार्यकर्ता - सदस्य

(च) कारागार प्रमुख, जिल्ला कारागार - सदस्य सचिव

**दफा ३९ प्रोवेशन तथा प्यारोल बोर्डको काम, कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त केन्द्रीय प्रोवेशन तथा प्यारोल बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति निर्माण गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) बन्दीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड विकसित गर्ने,

(ग) प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नु पर्ने शर्तहरू निर्धारण गर्ने,

(घ) जिल्ला बोर्डको काम कारबाहीको सुपरिवेक्षण, नियन्त्रण गर्ने तथा आवश्यकता अनुसार निर्देशन गर्ने,

(ङ) प्रोवेशन तथा प्यारोल सम्बन्धी अन्य आवश्यक कुराहरू गर्ने।

(२) प्रोवेशन तथा प्यारोल बोर्डले आफ्नो काम कारकाही सञ्चालनको लागि आवश्यक पर्ने कार्यविधि आफै निर्धारण गर्नेछ।

(३) प्रोवेशन तथा प्यारोल बोर्डले आफ्नो काम कारबाहीमा सहयोग पुऱ्याउनका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(४) प्रोवेशन तथा प्यारोलमा उपदफा (३) बमोजिम गठन गरिएको उपसमितिको कार्यक्षेत्रगत शर्त, कार्यविधि र अन्य आवश्यक कुराहरू बोर्डले तोकिदिएबमोजिम हुनेछ।

(५) जिल्ला प्रोवेशन तथा प्यारोल बोर्डको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**दफा ४१ क्षतिपूर्ति भराई दिनु पर्ने** : (१) कुनै कसूरको परिणाम स्वरूप पीडितको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति वापत अदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

तर कानूनमा कुनै कसूर बापत छुट्टै क्षतिपूर्तिको व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरूलाई विचार गर्नु पर्नेछ।

(क) पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति,

(ख) पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति,

(ग) कसूरदारको आर्थिक श्रोत र अवस्था,

(घ) पीडित तथा निजमा आश्रित व्यक्तिको,

(ङ) अदालतले उपयुक्त ठहऱ्याएका अन्य कुराहरू।

(३) उपदफा (१) बमोजिम क्षतिपूर्ति भराउँदा कसूरको परिमाण स्वरूप पीडितलाई चोटपटक लागेको वा अङ्ग भङ्ग भएको भए उपचार खर्च तथा पीडितको मृत्यु भएकोमा सद्गत खर्च एवम् क्रिया खर्च समेत भराई दिनु पर्नेछ।

(४) कसूरदारले पीडितको सम्पत्ति क्षति गरेकोमा सो बापत क्षतिपूर्ति भराउँदा त्यस्तो बस्तु यथास्थितिमा नै फिर्ता गराइदिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम यथास्थितिमा वस्तु फिर्ता गर्न नसक्ने अवस्था भएमा त्यस्तो वस्तुको मूल्य खुल्नेमा सो मूल्य, मूल्य नखुलेमा क्षति हुँदा वा सजाय तोक्दाका वखत सो वस्तुको कायम हुन सक्ने

मूल्यका आधारमा क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(६) क्षतिपूर्ति भराउँदा नगद वा जिन्सी वा दुवै भराउन सकिनेछ।

(७) कसूरबाट पीडित व्यक्तिको उपदफा (१) बमोजिम क्षतिपूर्ति भराउनु अघि नै मृत्यु भईसकेको रहेछ भने उपदफा (१) बमोजिमको क्षतिपूर्ति निजको आश्रित हकवालाई भराई दिनु पर्नेछ।

**दफा ४२ क्षतिपूर्ति तत्काल बुझाउनु पर्ने :** (१) यस परिच्छेद बमोजिम भएको क्षतिपूर्ति कसूरदारले तत्काल बुझाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिले क्षतिपूर्ति तत्काल बुझाउन नसकी सो वापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्ष भित्र सो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा क्षतिपूर्ति बुझाउने आदेश दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम क्षतिपूर्ति नबुझाएमा त्यस्तो कसूरदारको सम्पत्ति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**दफा ४३ प्रत्येक कसूरदारले क्षतिपूर्ति व्यहोर्नु पर्ने :** कुनै कसूरमा एक भन्दा बढी कसूरदार भए क्षतिपूर्ति भराउन आदेश दिंदा प्रत्येक कसूरदारले कसूरको मात्रा अनुसार व्यहोर्ने गरी आदेश दिनु पर्नेछ।

**दफा ४४ सहमति बमोजिम हुने :** (१) यस परिच्छेदमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरका सम्बन्धमा क्षतिपूर्ति लिने दिने सम्बन्धमा पीडित र कसूरदारले कुनै सहमति गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिमको सहमति मनासिव देखिए अदालतले त्यस्तो सहमति बमोजिमको क्षतिपूर्तिको आदेश गर्नु पर्नेछ।

**दफा ४५ क्षतिपूर्ति नतिरे कैद हुने :** (१) क्षतिपूर्ति तिर्नुपर्ने कसूरदारले क्षतिपूर्ति तिर्नुपर्ने अवधिभित्र क्षतिपूर्तिको रकम नबुझाएमा त्यस्तो कसूरदारको सम्पत्ति जायजात गरी पीडितलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जायजात गर्दा क्षतिपूर्ति रकम असुल नभएमा वा क्षतिपूर्ति तिर्नुपर्ने कसूरदारले क्षतिपूर्त नतिरेमा निजलाई एक दिनको तीनसय रुपैयाँको दरले क्षतिपूर्ति रकमलाई कैदमा परिणत गरी कैद गर्नु पर्नेछ।

(३) कानूनमा जुनसुकै लेखिएको भए तापनि उपदफा (२) बमोजिम कैद गर्दा चार वर्ष भन्दा बढी कैद गर्नु हुदैन।

**दफा ४६ राय सुझाव समिति रहने :** सजाय निर्धारण सम्बन्धी नीति निर्माण कार्य समेतको लागि देहायबमोजिमको एक सजाय सुझाव समिति रहनेछ।

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश-अध्यक्ष

(ख) महान्यायाधिवक्ता वा निजले तोकेको नायब महान्यायाधिवक्ता -सदस्य

(ग) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य

(घ) अपराध अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू वा

दण्डविदहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य

(ङ) कसूरदारलाई पुनःस्थापना गर्ने काममा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको व्यक्ति -सदस्य

**दफा ४७ सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) कसूरको गम्भीरता अनुसार कसूरदारलाई हुने सजायको उपयुक्त हद निर्धारण गर्न मापदण्ड विकसित गर्ने,

(ख) प्रचलित दण्ड नीतिको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने तथा सुधारका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) कुनै खास प्रकृतिका कसूरका सम्बन्धमा गर्नु पर्ने सजायका सम्बन्धमा सरकारलाई राय, सल्लाह र परामर्श दिने,

(घ) कसूरदारको विवरण संकलन गर्ने र अद्यावधिक गरी राख्ने, विश्लेषण गर्ने र दण्डसजायका सम्बन्धमा सुझाव दिने,

(ङ) दण्ड सजायका सम्बन्धमा प्रचलित कानूनमा कुनै सुधार गर्ने पर्ने देखेमा नेपाल सरकारलाई सुझाव दिने।

(२) समितिले आफ्नो काम कारबाही सञ्चालनको लागि आवश्यक पर्ने कार्यविधि आफै निर्धारण गर्नेछ।

(३) समितिले आफ्नो काम कारबाहीमा सहयोग पुऱ्याउनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गठन गरिएका उपसमितिको कार्यक्षेत्रगत शर्त, कार्यविधि र अन्य आवश्य कुराहरू समितिले तोकिदिए बमोजिम हुनेछ।

**दफा ४८ पीडित राहत/क्षतिपूर्ति कोष खडा गर्नुपर्ने :** (१) कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत/क्षतिपूर्ति कोष नामक एक कोष खडा गरिनेछ।

(२) उपदफा (१) बमोजिम खडा भएको कोषमा अदालतको फैसला बमोजिमक जरिवाना वापत असूर उपर भएको वा अपराधसंहिता बमोजिम कैद बस्नु पर्ने कसूरदार कैद नबसी कैद बापत जरिवाना तिरेको रकम मध्ये पचास प्रतिशत रकम नेपाल सरकारले जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा उपदफा (२) मा उल्लिखित रकम बाहेक कानून बमोजिम व्यवस्था भएको रकम नेपाल सरकारबाट वा अन्य कुनै श्रोतबाट प्राप्त भएको रकम समेत जम्मा हुनेछ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, पीडितको वर्गीकरण, कोषबाट पीडितलाई दिइने राहत रकमको आधार, सो रकमको हद तथा वितरण प्रक्रिया सम्बन्धी अन्य कार्यविधि नेपाल

सरकारले बनाएको नियममा व्यवस्था भए बमोजिम हुनेछ।

**दफा ४९ प्रोवेशन अधिकृत वा सामाजिक कार्यकर्ता तोक्नेः** (१) नेपाल सरकारले सामुदायिक सेवा वा पुर्स्थापना कार्यमा काम गरेको व्यक्तिलाई प्रोवेशन अधिकृत वा सामाजिक अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रोवेशन अधिकृतको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

---

**२. फौजदारी कार्यविधि संहिता, २०६७ (प्रस्तावित)**

**दफा ३४ खास किसिमका सानातिना कसूरमा मुद्दा दायर गर्न आवश्यक नहुनेः** (१) कुनै खास किसिमको सानातिना कसूरमा मुद्दा दायर गर्नु व्यावहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएको अभियोजनकर्तालाई लागेमा अभियोजनकर्ताले महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो व्यक्ति विरुद्ध मुद्दा दायर नगर्ने निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्नु अघि अभियोजनकर्ताले त्यस्तो अभियुक्तलाई भविष्यमा त्यस्तो कसूर नगर्ने कबुलियत गराउनु पर्नेछ।

(३) यस दफाको प्रयोजनको लागि खास किसिमका सानातिना कसूर भन्नाले देहायका कसूर सम्झनुपर्छ :

क) एक हजार रुपैयाँसम्मको बिगो भएको वा पहिलो पटक गरेको बगलीमारा सम्बन्धी कसूर

ख) भिक्षा माग्ने कसूर

ग) तीनहजार रुपैयासम्म जरिवाना वा एक महिनासम्म कैद वा दुबै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसूर।

(४) यस दफा बमोजिम मुद्दा नचलाउने निर्णय गर्नु अघि अभियोजनकर्ताले कसूरको विगो जफत गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम जफत गरिएको बिगो कसूरबाट पीडित भएको व्यक्ति रहेछ भने निजलाई र नभएमा कानून बमोजिम स्थापित पीडित राहत कोषमा दाखिला गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएकोमा त्यस्तो व्यक्तिले सो मितिबाट तीन बर्ष भित्र यस संहिता अन्तर्गतको कुनै कसूर गरेमा निजलाई पहिले गरेको कसूरको सजाय समेत थप हुनेछ।

(७) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि अभियोजन गर्ने अधिकारीले मुद्दा नचलाउने निर्णय गरेकोमा त्स्तो निर्णय उपर चित्त नबुझे पीडित पक्षले आफ्नो तर्फबाट मुद्दा दायर गर्न सक्नेछ।

(८) उपदफा (७) को प्रयोजनको लागि त्यस्तो निर्णय भएको मितिले कानून बमोजिमको हदम्याद प्रारम्भ भएको मानिनेछ।

(९) उपदफा (७) बमोजिम मुद्दा दायर गर्ने व्यक्तिलाई सम्बन्धित सरकारी वकिलले यस परिच्छेद बमोजिम भएको अनुसन्धानको कागजातका प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

**दफा १२४ पूर्पक्ष अघि वादी प्रतिवादीको बैठक गराउन सक्ने :** (१)अभियुक्तले दफा १२३ बमोजिम कसूर स्वीकार नगरेको अवस्थामा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नका लागि वादी तथा प्रतिवादीको बैठक गराउने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बैठक हुने आदेश भएकोमा त्यसरी बैठक हुने दिन वादी, प्रतिवादी र नेपाल सरकार वादी हुने मुद्दाको हकमा अभियुक्त समेत अदालतमा उपस्थित हुनु पर्नेछ र त्यस्तो अभियुक्तले चाहेमा निजको कानून व्यवसायी समेत उपस्थित हुन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको बैठकमा वादीले दाबी र प्रतिवादीले प्रतिवाद र तत् सम्बन्धी प्रमाण प्रस्तुत गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम वादी प्रतिवादीले पेश गरेको बादी, प्रतिवाद तथा प्रमाणबाट अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न सक्नेछन्।

**दफा १५५ कैद बापत रकम तिर्न सकिने :** (१) एक वर्ष वा सो भन्दा कम कैदको सजाय हुने कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरिएको कसूरदारलाई निजको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा समाज वा समुदायको सुरक्षामा खतरा पुग्ने समेत नदेखिएमा सोको कारण खोली अदालतले निजलाई कैदमा राख्नुको सट्टा सो बापत रकम लिई कैदबाट मुक्त गरी दिन उपयुक्त ठहऱ्याएमा कैद बापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।

(२) उपदफा (२) बमोजिमको आदेश दिनु अघि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको कसूर नगरी राम्रो आचरण पालन गर्नेछु भन्ने व्यहोराको कागज गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम रकम तिरी कैद बस्नु नपर्ने कसूरदारले कैद बापत रकम बुझाउँदा एक दिन कैदको तीनसय रुपैयाँका दरले रकम बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कैद बस्न छुट भएको व्यक्तिले त्यसरी छुटेको मितिले तीन बर्षभित्र कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई पहिले भएको फैसला बमोजिमको कैद समेत थपी सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(५) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्ष वा सोभन्दा कम कैदको सजाय पाएको थुना वा कैदमा रहेबसेको विदेशी नागरिकले कैदको सट्टा जरिवाना तिरी कैदबाट छुटकारा पाउन निवेदन दिएमा अदालतले दफा १५९ को उपदफा (४) मा उल्लेख भएका कसूर बाहेक अन्य कसूरका कसूरदारलाई कैद सजाय बापत प्रतिदिन पाँचसय रुपैयाँका दरले हुन आउने रकम एकमुष्ट तोकी सो रकम बुझाएमा बाँकी अवधि कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम आदेश भएको व्यक्तिलाई सात दिनभित्र नेपालबाट बाहिर पठाउनु पर्नेछ।

(७) उपदफा (५) बमोजिमको विवरण अदालतले अध्यागमन कार्यालयमा पठाउनु पर्नेछ।

(८) उपदफा (३) र (५) बमोजिम प्राप्त भएको पचास प्रतिशत रकम कानून बमोजिम खडा भएको पीडित राहत कोषमा जम्मा गर्नुपर्नेछ।

(९) यस दफा बमोजिम रकम तिरेमा कसूरदारले कैद भुक्तान गरेको मानिनेछ।

(१०) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम कैदबाट छुटेका व्यक्तिको कैदको लगत कैद भुक्तान हुने अवधिसम्मका लागि कायम रहनेछ र निजले उपदफा २ र ४ प्रतिकूलको आचरण गरेमा अदालतले जुनसुकै बखत यस दफा बमोजिमको आदेश रद्द गर्न सक्नेछ। (११) उपदफा (१०) बमोजिम आदेश रद्द भएकोमा त्यस्तो कसूरदारले निजलाई भएको कुनै सजाय कैदमा बसी भुक्तान गर्नुपर्नेछ।

**दफा १६५ निजी विगो वा क्षतिपूर्ति भराउने कार्यविधि :** (१) अदालतको फैसला बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने ठहरेको निजी विगो, पीडित वा निजको हकवालाले पाउने क्षतिपूर्ति वा अन्य कुनै रकम त्यसरी फैसला बमोजिम तिर्नु पर्ने व्यक्तिलाई फैसला भएको ६ महिनाभित्र बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम नबुझाएमा निजलाई दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

(३) उपदफा (१) बमोजिमको अवधि भित्र त्यस्तो व्यक्तिले त्यस्तो विगो, क्षतिपूर्ति वा त्यस्तो रकम बुझाउनु पर्ने व्यक्तिले नबुझाएमा त्यस्तो विगो क्षतिपूर्ति वा रकम भरी पाउने व्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र सो विगो, क्षतिपूर्ति वा रकम भर्नुपर्ने व्यक्तिको हकको सम्पत्ति देखाई निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा  अदालतले त्यस्तो सम्पत्ति रोक्का र लिलाम बिक्री गरी क्रमशः बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम भराई दिनुपर्नेछ।

(५) उपदफा (१) बमोजिम बिगो, क्षतिपूर्ति वा रकम तिर्नुपर्ने व्यक्तिले अदालतमा सो रकम बुझाएमा वा दफा ६८ को उपदफा (१) बमोजिम कुनै रकम धरौट वा जमानत राखेको भए त्यसबाट क्षतिपूर्ति, बिगो वा त्यस्तो रकम असुल हुने भएमा सोही बमोजिम भराई दिनुपर्नेछ।

(६) उपदफा (३) बमोजिमको अवधिभित्र बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले सम्पत्ति पत्ता लगाउन नसकेमा त्यस्तो सम्पत्ति फेला परेको बखत निजले जनाउ दिएमा भराई दिने गरी अदालतले सो निवेदन तामेलीमा राख्नुपर्नेछ।

(७) उपदफा (४) बमोजम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम असुल उपर हुन नसकेमा असुल उपर नभएको बाँकी बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले कसूरदारको सम्पत्ति लिलाम बिक्री भएको मितिले वा उपदफा ६ बमोजिम निवेदन तामेलीमा रहेको तीस दिनभित्र निजलाई कैद गराउन निवेदनपत्र दिनसक्नेछ।

(८) उपदफा (७) बमोजिमको निवेदन परेमा अदालतले एक दिनको तीनसय रुपैयाँको दरले त्यसरी बाँकी हुन आएको बिगो वा रकमलाई कैदमा परिणत गरी सो बराबर बिगो वा रकम भर्नुपर्ने व्यक्तिलाई कैद गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिम कुनै व्यक्तिलाई कैद गर्दा व्यक्ति विशेषको बिगोको हकमा दुई वर्ष र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा चार वर्ष भन्दा बढी कैद गर्न सकिने छैन। तर क्षतिपूर्ति असुल उपर नभए बापत कैद गराउन पर्दा चार वर्षभन्दा बढी कैद गर्न सकिने छैन।

(१०) उपदफा (८) बमोजिम निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम बापत कैद गर्नु पर्दा तीनसय रुपैयाँ भन्दा कम रकम भएमा बाँकी रहन गएमा सो बापत एक दिन कैद गर्नुपर्नेछ।

(११) उपदफा (८) बमोजिम कैद गर्दा कानून बमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नु पर्नेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम तिर्नु पर्ने व्यक्तिले उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र आफ्नो कुनै सम्पत्ति लुकाएको वा कुनै प्रकारले रुपान्तरण गरेको ठहरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्पत्ति पत्ता लगाउनेको हुनेछ।

**३. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१**

**दफा २२ः मेलमिलाप गराउन सक्नेः** (१) पीडक वा पीडितले मेलमिलापको लागि आयोग समक्ष निवेदन दिएमा आयोगले पीडक र पीडित बीच एक आपसमा मेलमिलाप गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पीडक र पीडित बीच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चात्ताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनेछ।

(३) उपदफा (१) बमोजिम मेलमिलाप गराउँदा आयोगले पीडितलाई हुन गएको क्षति वापत मनासिव क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन सक्नेछ।

(४) मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न वा गराउन सक्नेछ : –

(क) सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झना स्वरूप प्रतिमा वा सार्वजनिक स्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्र आदि प्रकाशन गर्न,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्न।

(५) पीडितको मृत्यु भैसकेको वा पीडित नाबालक वा मानसिक रूपले अस्वस्थ भएको अवस्थामा आयोगले पीडितको परिवार र पीडकसँग यस दफा बमोजिम मेलमिलाप गराउन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले दफा २६ को उपदफा (२) बमोजिम क्षमादानको लागि सिफारिसमा नपरेका पीडकसँग पीडितको मेलमिलाप गराउन सक्ने छैन।

**दफा २३ परिपूरणको लागि सिफारिस गर्नेः** (१) यस ऐन बमोजिम छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थपन गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत।

(३) आयोगले यस दफा बमोजिम पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत निर्धारण गर्ने आधार र मापदण्ड तोकिए बमोजिम हुनेछ।

(५) पीडितलाई पीडकद्वारा क्षतिपूर्ति उपलब्ध गराइएको, आयोगबाट कुनै पीडकलाई क्षमादानको लागि सिफारिस गरिएको वा कुनै पीडकको पहिचान नभएको कारणले मात्र यस दफा बमोजिम पीडितलाई उपलब्ध गराइने सुविधाबाट वञ्चित गरिनेछैन।

(६) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइनेछ।

**दफा २६ क्षमादान सम्बन्धी व्यवस्थाः** (१) दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम छानविन गर्दा उपदफा (४), (५) र (६) मा उल्लिखित मापदण्ड एवम् शर्तका आधारमा कुनै पीडकलाई क्षमादान गर्न उपयुक्त देखिएमा आयोगले त्यसको पर्याप्त आधार खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन।

(३) आयोगले उपदफा (१) बमोजिम सिफारिस गर्नु अघि पीडकले क्षमादानको लागि देहायको प्रक्रिया पूरा गरी आयोग समक्ष निवेदन दिएको हुनु पर्नेछः-

(क) आयोगले तोकेको म्यादभित्र लिखित रूपमा निवेदन दिएको,

(ख) निवेदन दिनु अघि सशस्त्र द्वन्द्वको क्रममा आफूबाट भएका काम कारबाहीको सन्दर्भमा आफूलाई थाहा भएसम्मको सत्य तथ्य विवरण आयोग सक्षम पूर्णरूपमा प्रकट गरी सो विवरण आयोगमा अभिलेखन गराएको कुरा निवेदनमा उल्लेख गरेको,

(ग) आयोगले तोके बमोजिम अन्य प्रक्रिया पूरा गरेको।

(४) उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले देहायका प्रतिबद्धता प्रकट गरेको कुरा उल्लेख गर्नु पर्नेछः-

(क) सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको कुरा स्वीकार गरेको,

(ख) त्यस्तो कार्यबाट आफूलाई पश्चात्ताप भएको स्वीकार गरी आयोग समक्ष पीडितसँग चित्त बुझ्दो ढङ्गले क्षमायाचना गर्न मञ्जुर गरेको,

(ग) भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको।

(५) उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्नेछ।

(६) कुनै पीडक मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी एक भन्दा बढी अपराधमा संलग्न भएको छानविनबाट देखिएमा र त्यस्तो पीडकलाई यस दफा बमोजिम कुनै अपराधमा मात्र क्षमादान गर्न सकिने भएमा आयोगले पीडकलाई सो अपराधमा मात्र क्षमादानको लागि सिफारिस गर्न सक्नेछ।

(७) यस दफा बमोजिम क्षमादानको लागि सिफारिस गर्नु अघि आयोगले पीडितलाई हुन गएको क्षति बापत मनासिब क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन सक्नेछ।

(८) उपदफा (१) बमोजिम आयोगबाट क्षमादानको लागि सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारबाट क्षमादान भएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

(९) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गरिएको व्यक्तिले नेपाल सरकारबाट क्षमादान नपाएमा त्यस्तो व्यक्तिको सम्बन्धमा मुद्दा चलाउन दफा २८ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

## ४. मेलमिलाप सम्बन्धी ऐन, २०६८

**दफा ३ मेलमिलापद्वारा विवादको निरूपण हुन सक्नेः** (१) कुनै सम्झौतामा मेलमिलापद्वारा विवादको समाधान गरिने व्यवस्था भएकोमा त्यस्तो सम्झौता वा सो अन्तर्गत उत्पन्न हुने विवाद सोही सम्झौतामा उल्लेख भएको कार्यविधि पूरा गरी निरूपण गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने निकाय समक्ष दायर भएको

वा नभएको प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने विवादलाई पक्षहरूले मेलमिलापद्वारा समाधान गर्न चाहेमा यस ऐन बमोजिमको कार्यविधि अपनाई समाधान गर्न सकिनेछ।

(३) पक्षहरूले मुद्दा हेर्ने निकायमा दायर भएको मुद्दालाई उपदफा (२) बमोजिम मेलमिलापद्वारा समाधान गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी जुनसुकै बखत सम्बन्धित मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिन सक्नेछन् र त्यस्तो निवेदन प्राप्त हुन आएमा मुद्दा हेर्ने निकायले त्यस्तो मुद्दा जुनसुकै तहमा रहेको भए पनि मेलमिलापबाट निरूपण गर्न आदेश दिनेछ।

(४) मुद्दा हेर्ने निकाय समक्ष दायर भएको कुनै मुद्दा मेलमिलापको कार्यविधिबाट निरूपण हुन उपयुक्त छ भन्ने मुद्दा हेर्ने निकायलाई लागेमा र त्यसका पक्षहरू सो कुरामा सहमत भएमा मुद्दा हेर्ने निकायले मेलमिलापद्वारा विवादको निरूपण गर्ने आदेश दिन सक्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापको कार्यविधिबाट विवादको निरूपण हुने विषयको अतिरिक्त त्यस्तो कार्यविधिबाट निरूपण हुन नसक्ने विषय पनि सोही विवादमा निरूपण गर्नु पर्ने रहेछ भने त्यस्तो विषयमा मेलमिलापबाट विवादको निरूपण गर्न मुद्दा हेर्ने निकायले आदेश दिने छैन।

# अनुसूची ५

## ECOSOC Resolution 2002/12

### Basic principles on the use of restorative justice programmes in criminal matters

*The Economic and Social Council,*

*Recalling* its resolution 1999/26 of 28 July 1999, entitled “Development and implementation of mediation and restorative justice measures in criminal justice”, in which the Council requested the Commission on Crime Prevention and Criminal Justice to consider the desirability of formulating United Nations standards in the field of mediation and restorative justice,

*Recalling also* its resolution 2000/14 of 27 July 2000, entitled “Basic principles on the use of restorative justice programmes in criminal matters”, in which it requested the Secretary-General to seek comments from Member States and relevant intergovernmental and non-governmental organizations, as well as institutes of the United Nations Crime Prevention and Criminal Justice Programme network, on the desirability and the means of establishing common principles on the use of restorative justice programmes in criminal matters, including the advisability of developing a new instrument for that purpose,

*Taking into account* the existing international commitments with respect to victims, in particular the Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power,[27]

*Noting* the discussions on restorative justice during the Tenth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, under the agenda item entitled “Offenders and victims: accountability and fairness in the justice process”,[28]

*Taking note* of General Assembly resolution 56/261 of 31 January 2002, entitled “Plans of action for the implementation of the Vienna Declaration on Crime and Justice: Meeting the Challenges of the Twenty-first Century”, in particular the action on restorative justice in order to follow up the commitments undertaken in paragraph 28 of the Vienna Declaration,[29]

*Noting with appreciation* the work of the Group of Experts on Restorative Justice at their meeting held in Ottawa from 29 October to 1 November 2001,

---

27 General Assembly resolution 40/34, annex.

28 See *tenth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Vienna, 10-17 April 2000: Report prepared by the Secretariat* (United Nations publication, Sales No. E.00.IV.8), chap. V, sect. E.

29 General Assembly resolution 55/59, annex.

*Taking note* of the report of the Secretary-General on restorative justice[30] and the report of the Group of Experts on Restorative Justice,[31]

1. *Takes note* of the basic principles on the use of restorative justice programmes in criminal matters annexed to the present resolution;
2. *Encourages* Member States to draw on the basic principles on the use of restorative justice programmes in criminal matters in the development and operation of restorative justice programmes;
3. *Requests* the Secretary-General to ensure the widest possible dissemination of the basic principles on the use of restorative justice programmes in criminal matters among Member States, the institutes of the United Nations Crime Prevention and Criminal Justice Programme network and other international, regional and non-governmental organizations;
4. *Calls upon* Member States that have adopted restorative justice practices to make information about those practices available to other States upon request;
5. *Also calls* upon Member States to assist one another in the development and implementation of research, training or other programmes, as well as activities to stimulate discussion and the exchange of experience on restorative justice;
6. *Further calls upon* Member States to consider, through voluntary contributions, the provision of technical assistance to developing countries and countries with economies in transition, on request, to assist them in the development of restorative justice programmes.

*37th plenary meeting*
*24 July 2002*

**Annex**

**Basic principles on the use of restorative justice programmes in criminal matters**

**Preamble**

*Recalling* that there has been, worldwide, a significant growth of restorative justice initiatives,

*Recognizing* that those initiatives often draw upon traditional and indigenous forms of justice which view crime as fundamentally harmful to people,

*Emphasizing* that restorative justice is an evolving response to crime that respects the dignity and equality of each person, builds understanding, and promotes social harmony through the healing of victims, offenders and communities,

*Stressing* that this approach enables those affected by crime to share openly their feelings and experiences, and aims at addressing their needs,

*Aware* that this approach provides an opportunity for victims to obtain reparation, feel safer and seek closure; allows offenders to gain insight into the causes and effects of their behaviour and to take responsibility in a meaningful way; and enables communities to understand the underlying causes of crime, to promote community wellbeing and to prevent crime,

*Noting* that restorative justice gives rise to a range of measures that are flexible in their adaptation to established criminal justice systems and that complement those systems, taking into account legal, social and cultural circumstances,

---

30 E/CN.15/2002/5 and Corr.1.

31 E/CN.15/2002/5/Add.1.

*Recognizing* that the use of restorative justice does not prejudice the right of States to prosecute alleged offenders,

**I. Use of terms**

1. “Restorative justice programme” means any programme that uses restorative processes and seeks to achieve restorative outcomes.
2. “Restorative process” means any process in which the victim and the offender, and, where appropriate, any other individuals or community members affected by a crime, participate together actively in the resolution of matters arising from the crime, generally with the help of a facilitator. Restorative processes may include mediation, conciliation, conferencing and sentencing circles.
3. “Restorative outcome” means an agreement reached as a result of a restorative process. Restorative outcomes include responses and programmes such as reparation, restitution and community service, aimed at meeting the individual and collective needs and responsibilities of the parties and achieving the reintegration of the victim and the offender.
4. “Parties” means the victim, the offender and any other individuals or community members affected by a crime who may be involved in a restorative process.
5. “Facilitator” means a person whose role is to facilitate, in a fair and impartial manner, the participation of the parties in a restorative process.

**II. Use of restorative justice programmes**

6. Restorative justice programmes may be used at any stage of the criminal justice system, subject to national law.
7. Restorative processes should be used only where there is sufficient evidence to charge the offender and with the free and voluntary consent of the victim and the offender. The victim and the offender should be able to withdraw such consent at any time during the process. Agreements should be arrived at voluntarily and should contain only reasonable and proportionate obligations.
8. The victim and the offender should normally agree on the basic facts of a case as the basis for their participation in a restorative process. Participation of the offender shall not be used as evidence of admission of guilt in subsequent legal proceedings.
9. Disparities leading to power imbalances, as well as cultural differences among the parties, should be taken into consideration in referring a case to, and in conducting, a restorative process.
10. The safety of the parties shall be considered in referring any case to, and in conducting, a restorative process.
11. Where restorative processes are not suitable or possible, the case should be referred to the criminal justice authorities and a decision should be taken as to how to proceed without delay. In such cases, criminal justice officials should endeavour to encourage the offender to take responsibility vis-à-vis the victim and affected communities, and support the reintegration of the victim and the offender into the community.

**III. Operation of restorative justice programmes**

12. Member States should consider establishing guidelines and standards, with legislative authority when necessary, that govern the use of restorative justice programmes. Such guidelines and standards should respect the basic principles set forth in the present instrument and should address, inter alia:
    (a) The conditions for the referral of cases to restorative justice programmes;
    (b) The handling of cases following a restorative process;
    (c) The qualifications, training and assessment of facilitators;
    (d) The administration of restorative justice programmes;

    (e) Standards of competence and rules of conduct governing the operation of restorative justice programmes.

13. Fundamental procedural safeguards guaranteeing fairness to the offender and the victim should be applied to restorative justice programmes and in particular to restorative processes:
    (a) Subject to national law, the victim and the offender should have the right to consult with legal counsel concerning the restorative process and, where necessary, to translation and/or interpretation. Minors should, in addition, have the right to the assistance of a parent or guardian;
    (b) Before agreeing to participate in restorative processes, the parties should be fully informed of their rights, the nature of the process and the possible consequences of their decision;
    (c) Neither the victim nor the offender should be coerced, or induced by unfair means, to participate in restorative processes or to accept restorative outcomes.

14. Discussions in restorative processes that are not conducted in public should be confidential, and should not be disclosed subsequently, except with the agreement of the parties or as required by national law.
15. The results of agreements arising out of restorative justice programmes should, where appropriate, be judicially supervised or incorporated into judicial decisions or judgements. Where that occurs, the outcome should have the same status as any other judicial decision or judgement and should preclude prosecution in respect of the same facts.
16. Where no agreement is reached among the parties, the case should be referred back to the established criminal justice process and a decision as to how to proceed should be taken without delay. Failure to reach an agreement alone shall not be used in subsequent criminal justice proceedings.
17. Failure to implement an agreement made in the course of a restorative process should be referred back to the restorative programme or, where required by national law, to the established criminal justice process and a decision as to how to proceed should be taken without delay. Failure to implement an agreement, other than a judicial decision or judgement, should not be used as justification for a more severe sentence in subsequent criminal justice proceedings.
18. Facilitators should perform their duties in an impartial manner, with due respect to the dignity of the parties. In that capacity, facilitators should ensure that the parties act with

respect towards each other and enable the parties to find a relevant solution among themselves.

19. Facilitators shall possess a good understanding of local cultures and communities and, where appropriate, receive initial training before taking up facilitation duties.

**IV. Continuing development of restorative justice programmes**

20. Member States should consider the formulation of national strategies and policies aimed at the development of restorative justice and at the promotion of a culture favourable to the use of restorative justice among law enforcement, judicial and social authorities, as well as local communities.
21. There should be regular consultation between criminal justice authorities and administrators of restorative justice programmes to develop a common understanding and enhance the effectiveness of restorative processes and outcomes, to increase the extent to which restorative programmes are used, and to explore ways in which restorative approaches might be incorporated into criminal justice practices.
22. Member States, in cooperation with civil society where appropriate, should promote research on and evaluation of restorative justice programmes to assess the extent to which they result in restorative outcomes, serve as a complement or alternative to the criminal justice process and provide positive outcomes for all parties. Restorative justice processes may need to undergo change in concrete form over time. Member States should therefore encourage regular evaluation and modification of such programmes. The results of research and evaluation should guide further policy and programme development.

**V. Saving clause**

23. Nothing in these basic principles shall affect any rights of an offender or a victim which are established in national law or applicable international law.

# अनुसूची ६

## फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरु, २००२

*(संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद्द्वारा जुलाई २००२ मा स्वीकृत)*

**इकोसोक (ECOSOC) प्रस्ताव २००२/१२**

*फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरु, २००२*

*आर्थिक तथा सामाजिक परिषद्ले,*

"फौजदारी न्यायमा मेलमिलाप र पुनःस्थापकीय न्यायसम्बन्धी उपायहरूको विकास र कार्यान्वयन" नामक *जुलाई २८,१९९९ को* आफ्नो प्रस्ताव *१९९९/२६,* जसमा परिषदले मेलमिलाप र पुनःस्थापकीय न्यायको क्षेत्रमा संयुक्त राष्ट्रसंघीय मापदण्डको तयारीको वांछनीयताबारे अपराध निवारण र फौजदारी न्यायसम्बन्धी आयोगलाई विचार गर्न अनुरोध गरेको थियो, लाई पुनःस्मरण गर्दै,

" **फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू"** नामक जुलाई २७, २००० को आफ्नो प्रस्ताव २०००/१४, जसमा यसले महासचिवलाई फौजदारी विषयमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको उपयोगसम्बन्धी सामान्य सिद्धान्तहरूको स्थापनाको वांछनीयता र माध्यमबारे तथा सो प्रयोजनका लागि एउटा नयाँ दस्तावेज समेत तयार गर्नेबारे सदस्य राष्ट्रहरू र सान्दर्भिक अन्तरसरकारी र गैरसरकारी सँगठनहरू तथा संयुक्त राष्ट्रसंघीय अपराध निवारण र फौजदारी न्यायसम्बन्धी कार्यक्रमको संजालसम्बन्धी संस्थानहरूबाट टिप्पणी माग गर्न अनुरोध गरेको थियो, लाई पुनःस्मरण गर्दै,

पीडितसम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू, खास गरेर अपराध र अख्तियारको दुरूपयोगबाट पीडितहरूका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणा,[३२] लाई ध्यानमा राख्दै,

**"अपराधीहरू र पीडितहरू : न्याय प्रक्रियामा जवाफदेहिता र स्वच्छता"**[३३] नामक कार्यक्रम अन्तर्गत अपराध निवारण र अपराधीहरूको उपचारसम्बन्धी संयुक्त राष्ट्रसंघको दशौं महासभाका दौरान पुनःस्थापकीय न्यायबारे भएको छलफललाई दृष्टिगत गर्दै,

**"अपराध र न्यायसम्बन्धी वियना घोषणाको कार्यान्वयनका लागि कार्य योजनाः एक्काइसौं शताव्दीका चुनौतीहरूको सामना"** नामक, खास गरेर वियना घोषणाको[३४] अठारौं प्रकरणमा अभिव्यक्त प्रतिवद्धताहरूलाई पुरा गर्ने पुनःस्थापकीय न्यायसम्बन्धी कारबाहीबारे, महासभाको जनवरी ३१, २००२ को प्रस्ताव ५६/२६१ लाई ध्यानमा राख्दै,

---

32 महासभाको प्रस्ताव ४०/३४, परिशिष्ट

33 हेर्नुस "अपराध निवारण र अपराधीहरुको उपचारसम्बन्धी संयुक्त राष्ट्र संघको दशौं महासभा, वियना, अप्रिल १०-१७,२००२: सचिवालयले तयार गरेको प्रतिवेदन" (संयुक्त राष्ट्र संघको प्रकाशन, बिक्री नं. ई. ००IV-८) अध्याय — ५, खण्ड-ई।

34 महासभाको प्रस्ताव ५५/५९, परिशिष्ट

अक्टोवर २९ देखि नोभेम्वर १, २००१ सम्म ओटावामा भएको पुनःस्थापकीय न्यायबारे विशेषज्ञहरूको समूहको वैठकमा उनीहरूले गरेको कामलाई प्रशंसा सहित दृष्टिगत गर्दै,

पुनःस्थापकीय न्यायबारे महासचिवले दिएको प्रतिवेदन[३५] र पुनःस्थापकीय न्यायबारे विशेषज्ञहरूको समूहले दिएको प्रतिवेदन[३६] लाई ध्यानमा राख्दै,

१. यस प्रस्तावको परिशिष्टको रूपमा रहेको फौजदारी विषयमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरूलाई दृष्टिगत गर्दछ,
२. पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको विकास र सञ्चालनमा फौजदारी विषयमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरूलाई आधार मान्न सदस्य राष्ट्रहरूलाई प्रोत्साहित गर्छ,
३. सदस्य राष्ट्रहरू, अपराध निवारण र फौजदारी न्यायसम्बन्धी कार्यक्रमहरूको संयुक्त राष्ट्रसंघीय प्रतिष्ठानहरूको संजाल तथा अन्य अन्तर्राष्ट्रिय, क्षेत्रीय र गैरसरकारी सँगठनहरूका बीच फौजदारी विषयमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरूबारे सम्भव भएसम्म व्यापक प्रचार प्रसार सुनिश्चित गर्न महासचिवलाई अनुरोध गर्दछ,
४. अन्य राष्ट्रहरूले अनुरोध गरेमा उनीहरूलाई पुनःस्थापकीय न्यायसम्बन्धी अभ्यासहरूको अवलम्बन गरेका सदस्य राष्ट्रहरूलाई ती अभ्यासहरूको बारेमा जानकारी उपलब्ध गराउन अपील गर्दछ,
५. साथै पुनःस्थापकीय न्यायबारे अनुसन्धान, प्रशिक्षण वा अन्य कार्यक्रमहरूको विकास र कार्यान्वयनमा तथा छलफल र विचारको आदान प्रदानलाई प्रोत्साहित गर्ने गतिविधिहरूमा एक अर्कालाई सहयोग गर्न सदस्य राष्ट्रहरूलाई अपील गर्छ,
६. विकशित देशहरू तथा संक्रमणको अवस्थामा रहेका अर्थव्यवस्थाहरूले अनुरोध गरेमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको विकासमा स्वेच्छिक योगदानबाट तिनीहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने व्यवस्थाबारे विचार गर्न सदस्य राष्ट्रहरूलाई थप अपील गर्छ।

*सैंतीसौं पूर्ण वैठक*
*जुलाई २४, २००२*

**परिशिष्ट**

**फौजदारी मामिलामा पुनःस्थापकीय न्यायिक कार्यक्रमको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू**

**प्रस्तावना**

---

[३५] ई/सी एन. १५/२००२/५ र Corr. 1।

[३६] ई/सी एन. १५/२००२/५ अतिरिक्त १।

पुनःस्थापकीय न्यायसम्बन्धी उपक्रमहरूको विश्वव्यापी रूपमा उल्लेखनीय वृद्धि भएको कुरालाई स्मरण गर्दै,
उक्त उपक्रमहरू अक्सर न्यायको पारम्परिक र स्वदेशी स्वरूपहरूमा आधारित हुन्छन् जसले अपराधलाई मूलतः मानिसहरूलाई हानि पुऱ्याउने रूपमा हेर्दछन भन्ने कुरा मनन् गर्दै,

पुनःस्थापकीय न्याय अपराधप्रति विकसित भई राख्ने प्रतिक्रिया हो जसले हरेक व्यक्तिको मर्यादा र समानताको सम्मान गर्छ, समझदारी निर्माण गर्छ र पीडितहरू, कसूरदारहरू र समुदायहरूलाई उपचार गरेर सामाजिक समन्वयलाई प्रोत्साहित गर्छ भन्ने कुरा माथि जोड दिंदै,

यस दृष्टिकोणले अपराधबाट प्रभावित भएकालाई आफ्ना भावना र अनुभवहरूलाई खुलस्त रूपमा अरूसँग बाड्न समर्थ बनाउछ र उनीहरूका आवश्यकताहरूलाई सम्वोधन गर्ने लक्ष्य राख्दछ भन्ने कुरा माथि बल दिंदै,

यस दृष्टिकोणले पीडितहरूलाई परिपूरण प्राप्त गर्न, सुरक्षित महशुस गर्न र समापन खोज्न अवसर प्रदान गर्छ; कसूरदारहरूलाई आफ्नो व्यवहारका कारण र प्रभावहरूबारे जानकारी प्राप्त गर्न तथा सार्थक रूपमा उत्तरदायित्व बहन गर्न अनुमति प्रदान गर्छ; र अपराधका अन्तरनिहीत कारणहरूबारे बुझ्न, समुदायको हितलाई बढावा दिन र अपराधको निवारण गर्न समुदायहरूलाई समर्थ तुल्याउछ भन्ने कुराप्रति सचेत हुँदै,
पुनःस्थापकीय न्यायले स्थापित फौजदारी न्यायप्रणालीसँग अनुकुलनप्रति लचिलो हुने र कानूनी, सामाजिक एवम् साँस्कृतिक परिस्थितिहरू माथि ध्यान दिंदै ती प्रणालीहरूलाई परिपूरक हुने विभिन्न उपायहरूलाई बढावा दिने कुरालाई दृष्टिगत गर्दै,

पुनःस्थापकीय न्यायको उपयोगले आशंकित कसूरदारहरूका विरुद्ध अभियोजन गर्ने राज्यहरूको अधिकार माथि प्रतिकूल प्रभाव पार्दैन भन्ने कुरालाई स्वीकार गर्दै,

**I. शब्दहरूको प्रयोग**

१. **"पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रम"**ले पुनःस्थापकीय प्रक्रियाहरूको उपयोग गर्ने र पुनःस्थापकीय परिणामहरू प्राप्त गर्न प्रयास गर्ने जुनसुकै कार्यक्रमलाई जनाउँछ।

२. **"पुनःस्थापकीय प्रक्रिया"** भन्नाले पीडित र अपराधीले तथा उचित देखिएको ठाँउमा अपराधबाट प्रभावित अन्य कुनै व्यक्तिहरू वा समुदायका सदस्यहरूले अपराधबाट उठेका कुराहरूको समाधानमा सामान्यतया सहजकर्ताको सहयोगमा सक्रियतापूर्वक सहभागी हुने प्रक्रियालाई जनाउँछ। पुनःस्थापकीय प्रक्रियाहरूले मेलमिलाप, सम्झौता, मन्त्रणा र सजाय निर्धारणको दायरालाई समावेश गर्न सक्छन्।

३. **"पुनःस्थापकीय परिणाम"** भन्नाले पुनःस्थापकीय प्रक्रियाको परिणाम स्वरूप गरिएको सहमतिलाई जनाउँछ। पुनःस्थापकीय परिणामहरूले यस अन्तर्गत पक्षहरूको व्यक्तिगत र सामुदायिक आवश्यकता र जिम्मेवारीहरू पुरा गर्ने र पीडित तथा अपराधी बीच पुनर्एकीकरण प्राप्त गर्ने उद्देश्य सहितको परिपूरण, पुनर्प्राप्ति र सामुदायिक सेवा जस्ता प्रतिक्रिया र कार्यक्रमहरूलाई समावेश गर्छन्।

४. **"पक्षहरू"** भन्नाले पीडित र अपराधी तथा पुनःस्थापकीय प्रक्रियामा संलग्न हुन सक्ने अपराधबाट प्रभावित अन्य कुनै व्यक्तिहरू वा समुदायका सदस्यहरूलाई जनाउँछ।

५. **"सहजकर्ता"** भन्नाले पुनःस्थापकीय प्रक्रियामा पक्षहरूको सहभागीतालाई स्वच्छ र निष्पक्ष रूपमा सहजीकरण गर्ने भूमिका भएको मानिसलाई जनाउँछ।

## II. पुनःस्थापकीय न्यायका कार्यक्रमहरूको उपयोग

६. राष्ट्रिय कानूनको अधिनमा रही पुनःस्थापकीय न्यायका कार्यक्रमहरूलाई फौजदारी न्यायप्रणालीको जुनसुकै चरणमा उपयोग गर्न सकिन्छ।

७. पुनःस्थापकीय प्रक्रियाहरूको उपयोग अपराधीलाई अभियोग लगाउन पर्याप्त प्रमाण रहेको अवस्थामा मात्र र पीडित तथा अपराधीको स्वतन्त्र र स्वेच्छापूर्वकको सहमति सहित गर्नुपर्छ। पीडित र अपराधीले यस्तो सहमति उक्त प्रक्रियाको जुनसुकै समयमा फिर्ता लिन समर्थ हुनुपर्छ। सम्झौताहरू स्वेच्छापूर्वक गरिएको हुनुपर्छ र यसमा मुनासिव तथा समानुपातिक दायित्वहरूमात्र समाविष्ट भएको हुनुपर्छ।

८. पुनःस्थापकीय प्रक्रियामा उनीहरूको सहभागिताका लागि पीडित र अपराधी सामान्यतया मुद्दाका मूलभूत तथ्यहरूबारे सहमत भएको हुनुपर्छ। अपराधीको सहभागितालाई पछि हुने कानूनी कारबाहीमा अपराधको स्वीकारोक्तिको प्रमाणको रूपमा प्रयोग गर्न हुदैन।

९. कुनै मुद्दालाई पुनःस्थापकीय प्रक्रियामा पठाउँदा र उक्त प्रक्रिया सञ्चालन गर्दा पक्षहरूका बीच शक्ति असन्तुलन पैदा गर्ने असमानताहरू तथा साँस्कृतिक विभिन्नता बारे विचार गर्नुपर्छ।

१०. कुनै पनि मुद्दालाई पुनःस्थापकीय प्रक्रियामा पठाउदा र उक्त प्रक्रिया सञ्चालन गर्दा पक्षहरूको सुरक्षाबारे विचार गर्नुपर्छ।

११. पुनःस्थापकीय प्रक्रियाहरू उपयुक्त वा सम्भव नभएको ठाँउमा मुद्दालाई फौजदारी न्यायका पदाधिकारीहरूलाई पठाउनुपर्छ र कसरी अगाडि बढ्नेबारे विलम्व नगरी निर्णय लिनुपर्छ। यस्ता मुद्दाहरूमा फौजदारी न्यायका पदाधिकारीहरूले अपराधीलाई पीडित र प्रभावित समुदायहरूप्रति जिम्मेवारी लिन प्रोत्साहित गर्ने प्रयास गर्नुपर्छ र पीडित र अपराधीलाई समुदायमा पुनर्एकीकरण गर्न सहयोग गर्नुपर्छ।

## III. पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको सञ्चालन

१२. सदस्य राष्ट्रहरूले पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको उपयोगलाई नियमित गर्ने मार्गदर्शक सिद्धान्त र मानकहरू, आवश्यक भएमा विधायिकी शक्ति सहित, स्थापित गर्नेबारे विचार गर्नुपर्छ। यस्ता मार्गदर्शक सिद्धान्त र मानकहरूले प्रस्तुत लिखितमा निर्धारित गरिएका आधारभूत सिद्धान्तहरूलाई सम्मान गर्नुपर्छ र अन्य कुराहरूका अतिरिक्त देहायलाई संवोधन गर्नुपर्छ :

(क) पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूमा मुद्दाहरू पठाउने अवस्थाहरू,
(ख) पुनःस्थापकीय प्रक्रिया अन्तर्गत मुद्दाहरूको सञ्चालन गर्ने अवस्थाहरू,
(ग) सहजकर्ताहरूको योग्यता, प्रशिक्षण र मूल्याङ्कन,
(घ) पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको सञ्चालन,
(ङ) पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको सञ्चालनसम्बन्धी सक्षमताको मापदण्ड र आचरणका नियमहरू।

१३. पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूमा र खास गरेर पुनःस्थापकीय प्रक्रियाहरूमा पीडित र अपराधीलाई स्वच्छताको प्रत्याभूति गर्ने सारभूत कार्यविधिगत सुरक्षा उपायहरू लागू गर्नुपर्छ :
(क) राष्ट्रिय कानूनको अधिनमा रही पीडित र अपराधीलाई पुनःस्थापकीय प्रक्रियाबारे कानून व्यवसायीसँग परामर्श गर्ने अधिकार र आवश्यक भएमा अनुवाद र/वा दोभाषेको अधिकार हुनुपर्छ। यसका अतिरिक्त नावालकहरूलाई आमा बुवा वा अभिभावकको सहयोग प्राप्त गर्ने अधिकार हुनुपर्छ।
(ख) पुनःस्थापकीय प्रक्रियामा सहभागी हुन सहमत हुनु भन्दा पहिले पक्षहरूलाई उनीहरूका अधिकार, प्रक्रियाको प्रकृति र उनीहरूको निर्णयका सम्भावित परिणामहरूबारे पूर्ण रूपमा जानकारी प्रदान गर्नुपर्छ।
(ग) न त पीडितलाई न त अपराधीलाई पुनःस्थापकीय प्रक्रियामा सहभागी हुन वा पुनःस्थापकीय परिणामहरूलाई स्वीकार गर्न करकाप गर्नुपर्छ वा अनुचित माध्यमबाट फकाउनुपर्छ।

१४.सार्वजनिक रूपमा सञ्चालन नगरिएका पुनःस्थापकीय प्रक्रियासम्बन्धी छलफलहरू गोप्य रहनुपर्छ र त्यस पछि पनि पक्षहरूको सहमति भएमा वा राष्ट्रिय कानूनलाई आवश्यक भएमा बाहेक प्रकट गर्न हुदैन।

१५.पुनःस्थापकीय कार्यक्रमहरूका फलस्वरूप भएका सम्झौताहरूका परिणामहरूबारे उपयुक्त देखिएमा न्यायिक सुपरीवेक्षण गर्नुपर्छ वा न्यायिक निर्णयहरू वा फैसलाहरूमा समावेश गर्नुपर्छ। त्यस्तो भएमा त्यसो परिणामलाई अन्य जुनसुकै न्यायिक निर्णय वा फैसला जस्तै समान हैसियत प्राप्त भएको हुनुपर्छ र तिनै तथ्यहरूको सन्दर्भमा अभियोजनलाई निषेध गरेको हुनुपर्छ।

१६.पक्षहरूका बीच सहमति हुन नसकेको अवस्थामा मुद्दालाई स्थापित फौजदारी न्यायसम्बन्धी प्रक्रियामा फिर्ता पठाउनुपर्छ र कसरी अगाडि बढ्नेबारे अविलम्व निर्णय गर्नुपर्छ। सहमतिमा पुग्न नसकेको असफलतालाई त्यस पछिका फौजदारी न्यायसम्बन्धी कारबाहीमा प्रयोग गरिनेछैन।

१७.पुनःस्थापकीय प्रक्रियाको सिलसिलामा गरिएको सहमतिको कार्यान्वयन गर्न नसक्ने असफलतालाई पुनःस्थापकीय कार्यक्रमलाई वा राष्ट्रिय कानूनले अनिवार्य गरेको ठाँउमा स्थापित फौजदारी न्यायसम्बन्धी प्रक्रियामा फिर्ता पठाउनुपर्छ तथा कसरी अगाडि बढ्नेबारे विना विलम्व निर्णय गर्नुपर्छ। न्यायिक निर्णय वा फैसला बाहेक अन्य कुनै सहमतिको कार्यान्वयन गर्न नसकेको असफलतालाई पछि हुने फौजदारी न्यायसम्बन्धी कारबाहीमा अझै बढी कठोर दण्डको औचित्य सावित गर्नको लागि प्रयोग गरिनेछैन।

१८. सहजकर्ताहरूले पक्षहरूको प्रतिष्ठालाई समुचित सम्मान गर्दै आफ्नो कर्तव्य निष्पक्ष रूपमा निर्वाह गर्नुपर्छ। त्यस हैसियतमा पक्षहरूले एक अर्काप्रति आदरपूर्वक व्यवहार गर्ने कुरा सुनिश्चित गर्नुपर्छ र पक्षहरूले आफूहरूका बीच उपयुक्त समाधान प्राप्त गर्न सकून् भनी उनीहरूलाई सामर्थ्यवान् तुल्याउनुपर्छ।

१९. सहजकर्ताहरूले स्थानीय सँस्कृति र समुदायहरूबारे राम्रो समझ राख्नु पर्छ र उपयुक्त देखिएमा सहजीकरणको काम सुरु गर्नुभन्दा पहिले प्रारम्भिक प्रशिक्षण प्राप्त गर्नुपर्छ।

## IV. पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूको निरन्तर विकास

२०. सदस्य राष्ट्रहरूले पुनःस्थापकीय न्यायको विकासलाई तथा कानून कार्यान्वयन गर्ने, न्यायिक र सामाजिक पदाधिकारीहरू एवम् स्थानीय समुदायहरूका बीच पुनःस्थापकीय न्यायको उपयोगबारे अनुकुल हुने सँस्कृतिको संवर्द्धनलाई लक्षित गरी राष्ट्रिय रणनीतिहरू एवम् नीतिहरू निर्माण गर्नेबारे विचार गर्नुपर्छ।

२१. फौजदरी न्यायसम्बन्धी पदाधिकारीहरू र पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूका प्रशासकहरूका बीच साझा समझदारी विकसित गर्न र पुनःस्थापकीय प्रक्रियाहरू र परिणामहरूको प्रभावकारीता अभिवृद्धि गर्न, पुनःस्थापकीय कार्यक्रमहरूको प्रयोगको क्षेत्रलाई विस्तार गर्न र पुनःस्थापकीय दृष्टिकोणहरूलाई फौजदारी न्यायसम्बन्धी अभ्यासहरूमा समाविष्ट गर्न सकिने तरिकाहरू खोज्नेबारे नियमित रूपमा विचार विमर्श हुनुपर्छ।

२२. सदस्य राष्ट्रहरूले उपयुक्त देखिएको ठाँउमा नागरिक समाज समेतको सहयोगमा पुनःस्थापकीय न्यायसम्बन्धी कार्यक्रमहरूले पुनःस्थापकीय परिणामहरू प्राप्त गर्न कुन हदसम्म सफल भएको, फौजदारी न्यायसम्बन्धी प्रक्रियाको पूरक वा विकल्पको रूपमा काम गरेको र सबै पक्षहरूलाई सकरात्मक परिणाम प्रदान गरेको भन्नेबारे अनुसन्धान र मूल्याङ्कन गर्न प्रोत्साहन गर्नुपर्छ।
तसर्थ सदस्य राष्ट्रहरूले यस्ता कार्यक्रमहरूको नियमित मूल्याङ्कन र सुधारलाई प्रोत्साहित गर्नुपर्छ।
अनुसन्धान र मूल्याङ्कनको परिणामले नीति र कार्यक्रमको थप विकासलाई दिशा निर्देश गर्नुपर्छ।

## V. बचाउ

यी आधारभूत सिद्धान्तहरूका कुनै पनि कुराले राष्ट्रिय कानून वा उपयुक्त अन्तर्राष्ट्रिय कानूनद्वारा स्थापित अपराधी वा पीडितका कुनै पनि अधिकारलाई प्रभावित गर्नेछैन।

प्रकाशन संख्या ६५


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं. : ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email : info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५३७५१६/५५४९०५७